सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

nayapatrikadaily.com

नयाँ पत्रिका

२८ भदौ २०८३, आइतबार (13 Sep 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १५३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

२४ घण्टा धाएपछि बल्ल राष्ट्रिय परिचयपत्र

सरकार नागरिकको पहिचान डिजिटल बनाउन खोज्दै छ, तर परिचयपत्र लिन नागरिक भने रातभर सरकारी कार्यालयको बरन्डामा बस्छन्

(विस्तृत पृष्ठ ३)

प्राकृतिक प्रकोपमा संविधानले के भन्छ ?

अग्रलेख

● बलराम केसी

संविधानले प्राकृतिक प्रकोपमा जोखिम न्यूनीकरण, उद्धार, राहत वितरण अनि पुनर्स्थापना गर्नू भनेर सरकारलाई प्रस्ट निर्देशन दिएको छ

(पृष्ठ ४)

अन्तहीन युद्धमा फस्दै अमेरिका

२५ वर्षअघि ११ सेप्टेम्बरको आतंकवादी आक्रमणपछि अमेरिकाले सुरु गरेको एकपछि अर्को युद्धमा कम्तीमा ४५ लाख मानिसको ज्यान गएको छ भने तीन करोड ८० लाखभन्दा बढी विस्थापित भएको तथ्यांकले देखाउँछ

(पृष्ठ ५)

३४ करोडको ठेक्का लिएर १४ वर्षसम्म काम नगर्ने ठेकेदारलाई दुई अर्ब जरिवाना

झापाको कन्काई पुलको ठेक्का लिएर अलपत्र पार्ने पप्पु-महादेव खिम्ती जेभीलाई ३५ दिनभित्र दुई अर्ब जरिवाना बुझाउन भन्दै सूचना जारी, जरिवानाबाट कन्काई पुलको बाँकी काम गरिने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

०७२ को भूकम्पयता प्राकृतिक विपत्‌मा मात्रै झन्डै १५ हजारले गुमाए ज्यान

यही अवधिमा निम्तिएको कोरोना महामारीमा १२ हजार ३१ को मृत्यु भयो, तर यो प्राकृतिक विपत्‌को तथ्यांकमा समावेश छैन

सुवास भट्ट/नयाँ पत्रिका

१२ वैशाख ०७२ को गोरखा भूकम्पयता १० भदौको भोटेकोशी बाढीको असरसम्म आइपुग्दा साढे ११ वर्षमा प्राकृतिक विपत्‌मा झन्डै १५ हजार व्यक्तिको ज्यान गुमेको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण प्राधिकरणको तथ्यांकअनुसार यस अवधिमा ५६ हजार ३५७ विपत्‌का घटना भएकामा १४ हजार ८२५ को मृत्यु भएको हो।

विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले कम्तीमा १८ प्रकारका घटनालाई प्राकृतिक विपत्ति भनेको छ। ऐनको 'प्राकृतिक विपत्'को परिभाषामा 'प्राकृतिक विपत् भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरीबतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपत्‌बाट उत्पन्न जुनसुकै विपत् सम्झनुपर्छ' उल्लेख छ। प्राधिकरणको 'नेपाल विपत् जोखिम न्यूनीकरण पोर्टल'मा अद्यावधिक तथ्यांकहरू केलाउँदा करिब दुई दर्जन विपत्‌मा बर्सेनि ठुलो जनधनको क्षति भएको देखिन्छ। ०७२ यता यही १६ भदौसम्म ५६ हजार ३५७ विपत्‌जन्य घटना भएका छन्। यद्यपि, उक्त पोर्टलमा सुरुवाती वर्षका कतिपय घटनाका विवरण तथा तथ्यांक अद्यावधिक नभएका देखिन्छन्। कोभिड-१९ महामारीमा ज्यान गुमाउनेको तथ्यांक पनि यसमा जोडिएको छैन।

विध्वंसकारी बाढीपहिरोको चपेटामा नेपाल

प्राकृतिक विपत्‌को जोखिम न्यूनीकरणको पूर्वतयारीमा सरकारले यथोचित ध्यान नदिँदा पनि पछिल्ला वर्षहरूमा घटना बढ्न थालेका

» पृष्ठ २ मा क्रमशः



०७२ यता कुन विपत्‌मा कतिको गयो ज्यान ? सूची पृष्ठ २

■ विपत्‌पछि अध्ययन हुन्छन्, सिफारिस गरिन्छन्, तर हुँदैन कार्यान्वयन

अहिले बाढी आएकै भोटेकोशी नदीमा गत वर्ष पनि बाढी आएको थियो। २४ असार ०८२ मा भोटेकोशीको चीनतर्फको ल्हेन्दे खेलामा आएको बाढीले १८ जनालाई बेपत्ता पारेको थियो। उक्त बाढीले साढे ६ अर्बभन्दा बढीको क्षति गरेको थियो। भन्सार यार्डमा रहेका गाडीदेखि अन्य सवारीसाधन, सडक, जलविद्युत् आयोजनामा बाढीले क्षति पुर्‍याएको थियो। यस घटनापछि क्षतिको प्रारम्भिक विवरण संकलन गरी प्रतिवेदन पेस गर्न १३ सदस्यीय समिति गठन गरिएको थियो। भोटेकोशी क्षेत्रमा उच्च जोखिम औंल्याउँदै पुनः ठुलो विपत्ति आउने प्रतिवेदनमा उल्लेख थियो। समितिले नदीकिनार र तटीय क्षेत्रमा समेत जोखिम रहेको उल्लेख गर्दै बस्ती स्थानान्तरण गर्नुपर्नेसम्मका सुझाव दिएको थियो। जोखिमबारे पूर्वसूचना प्रणाली मजबुत बनाएर प्रभावकारी बनाउनसमेत समितिले सुझाव दिएको थियो। हिमतालहरूको जोखिमसमेत औंल्याएर नदीबाट भविष्यमा निम्तिन सक्ने खतराबारे समेत प्रतिवेदनले सुझाव र सिफारिस गरेको थियो। तर, प्रतिवेदन कार्यान्वयनमा सरकारले यथोचित चासो दिएन। एक वर्षपछि त्यही भोटेकोशी नदीमा प्रलयकारी बाढी आएको छ।

● राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. प्रकाश पोखरेल भन्छन्–

नेपालमा पछिल्ला वर्ष विपत्‌को आवृत्ति र प्रवृत्तिमा परिवर्तन आएको छ। विपत्‌हरू छिटोछिटो आउन थाले र विपत्‌को मापन पनि ठुलो हुन थाल्यो। यस्तो हुनुमा जलवायु परिवर्तनले भूमिका खेलेको छ। हाम्रो भौगोलिक अवस्था पनि अर्को कारण हो। पूर्वसूचना प्रणाली नभएका पनि होइनन्, प्रणालीहरूबाट निगरानी गरिएको पनि हुन्छ। तर, असामान्य अवस्थामा ती प्रणाली प्रभावकारी हुँदैनन्। असामान्य प्राकृतिक विपत्‌का लागि अनुसन्धान र स्रोतसाधन पर्याप्त छैन। नेपालमा विपत् आउने कुरालाई स्वीकार गरेर नीति र बस्ती व्यवस्थापन गर्‍यौं कि गरेनौं भन्ने पनि हुन्छ।

● राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका पूर्वकार्यकारी प्रमुख अनिल पोखरेल भन्छन्–

पहिले सय, हजार वर्षमा ठुला विपत्ति आउँथे। अचेल हरेक वर्षजसो कुनै न कुनै विपत्ति आउन थालेको छ। यसरी बाढीपहिरो बढ्नुमा जलवायु परिवर्तन, बढ्दो तापमान पनि एउटा कारण हो। तर, त्यो हामी आफैंले निम्त्याएको जोखिम हो। मानवीय कारण हो। डोजरे विकास, अव्यवस्थित बसोबास, खोला, नदीभित्रै भौतिक संरचना निर्माण गर्दा क्षति बढेको देखिन्छ। त्यही भएर अब विकास निर्माण र बस्ती व्यवस्थापनमा ध्यान दिनुपर्छ। खोला-नदी क्षेत्रमा विकास निर्माण गर्दा विपत्‌का दृष्टिकोणबाट हेर्नुपर्छ। जोखिमयुक्त बस्ती हटाउनुपर्छ। अब हरेक वर्ष बाढीपहिरोले विनाश गर्ने अनि राज्यले पुनर्निर्माण गरेर सकिँदैन। राज्यसँग सीमित स्रोतसाधन हुन्छ। त्यही भएर हरेक घर र संरचनालाई बिमामा जोड्नुपर्छ। विपन्नका घरको बिमाको प्रिमियम बरु सरकारले नै तिरिदेओस्।

● वातावरण तथा जलवायु परिवर्तनविज्ञ तीर्थराज पन्थी भन्छन्–

पछिल्ला दशकमा जलवायु परिवर्तन तीव्र गतिमा भएको छ। यस्तो अवस्थामा त्यसले निम्त्याउने जोखिम र विपत् बढिरहेका छन्। विपत्‌का संख्या, आकार र क्षति पनि बढ्दै छन्। तर, त्यस्ता जोखिम र क्षति रोक्ने हाम्रो क्षमता कमजोर छन्। विकास निर्माण गर्दा पनि पूर्वाधार र संरचनाहरू सम्भावित विपत् आकलन गरेर तिनलाई थेग्न सक्ने गरी बनाइएको देखिएन। विपत्‌को पूर्वसूचना प्रणाली वैज्ञानिक भएन। अहिले प्रयोग गरिरहेको पुरानो खालको पूर्वसूचना प्रणाली भरपर्दा छैनन्। समग्रतामा जलवायु परिवर्तन र जोखिम न्यूनीकरणका सन्दर्भमा अध्ययन र अनुसन्धानमा कमी छ।

विश्वको आधा जनसंख्या र ४०% अर्थतन्त्र समेट्ने ब्रिक्सको १४० बुँदे घोषणापत्र

बदलिँदो विश्व व्यवस्थामा नयाँ शक्तिसन्तुलनको खोजी, डलर निर्भरता घटाउनेदेखि व्यापार विस्तारसम्म

पर्शुराम काफ्ले/नयाँ पत्रिका

ब्रिक्स मुलुकका शीर्ष नेताहरूले १८औं शिखर सम्मेलन सुरु भएकै दिन १४० बुँदे घोषणापत्र जारी गरेका छन्। ब्रिक्सका ११ सदस्य मुलुकका दोस्रो तहका अधिकारीले शनिबार बिहान १४० बुँदामा सहमति गरेपछि शीर्ष नेताहरूले अपराह्न त्यसमा सहमति जनाउँदै घोषणापत्र जारी गरेका हुन्। यी देशले विश्वको झन्डै आधा जनसंख्या र जिडिपीको ४० प्रतिशत अर्थतन्त्रको प्रतिनिधित्व गर्छन्।

१४० बुँदे घोषणापत्रमा के–के छन् ? (पृष्ठ २)

सम्मेलनमा रुस, चीन, ब्राजिल, दक्षिण अफ्रिकासहित ११ सदस्य राष्ट्रका शीर्ष नेता तथा आमन्त्रित १० साझेदार मुलुकका शीर्ष नेता

» पृष्ठ २ मा क्रमशः

सन् २००६ मा स्थापना भएको ब्रिक्सको २०औं वार्षिकोत्सवका अवसरमा भारतमा १८औं शिखर सम्मेलन आयोजना गरिएको हो। शनिबार सम्मेलनलाई भारत, चीन, रुस, दक्षिण अफ्रिकासहित ११ देशका शीर्ष नेताहरूले सम्बोधन गरेका थिए। शनिबार घोषणापत्र जारीसँगै शीर्ष नेताहरूले वृक्षरोपणसमेत गरेका थिए। सम्मेलन आइतबार सम्पन्न हुनेछ। त्यसअघि ब्रिक्स आउटरिच तथा ब्रिक्स प्लस संवाद आयोजना हुनेछ। भारतले बंगलादेशबाहेक दक्षिण एसियाका देशलाई सम्मेलनमा निमन्त्रणा गरेन।

■ कांग्रेस संकट

एक सातामै गगनले बोलाए केन्द्रीय कार्यसम्पादन समितिको दोस्रो बैठक

प्रेम गौतम/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल कांग्रेसले एक साताकै अन्तरालमा केन्द्रीय कार्यसम्पादन समितिको अर्को बैठक बोलाएको छ। २१ र २२ भदौमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकपछि आइतबार पुनः बैठक आह्वान गरिएको हो।

» पृष्ठ २ मा क्रमशः

● प्रदीप पौडेल, महामन्त्री

महाधिवेशनसँग सम्बन्धित कतिपय विषयमा निर्णय गर्नुपर्ने भएकाले बैठक बोलाइएको हो। महाधिवेशन सर्दैन। वडा अधिवेशन निर्धारित समयमै ३ असोजमा सुरु हुन्छ। बैठक महाधिवेशन सार्न नभई निर्धारित समयमै गराउन बोलाइएको हो।

● पार्टी विभाजनको जोखिमपछि २५ नेताको अपिल–
महाधिवेशन रोकेर निर्णायक वार्ता गरौं

नेपाल दोस्रोपटक एसिया कपमा

रमेश सुवेदी/नयाँ पत्रिका

एसिसी प्रिमियर कप च्याम्पियन बन्दै नेपालले दोस्रोपटक एसिया कप क्रिकेट खेल्ने भएको छ। ओपनिङ ब्याटर आसिफ शेखको शतक तथा गुल्सन झाको अर्धशतकको मद्दतमा शनिबार संयुक्त अरब इमिरेट्स (युएई)लाई ४४ रनले हराउँदै नेपालले एसिया कप खेल्ने अवसर प्राप्त गरेको हो। नेपालले दोस्रोपटक एसिया कपमा स्थान बनाएको हो। नेपाल र युएई दुवै दोस्रोपटक एसिया कप खेल्ने योजनामा थिए। सन् २०२५ को एसिया कपमा नेपाललाई हराउँदै युएई पहिलोपटक सहभागी भएको थियो। त्यसअघि नेपालले सन् २०२३ मा पनि युएईलाई नै हराउँदै पहिलोपटक एसिया कप खेलेको हो। अब अर्को वर्ष हुने एसिया कपमा सर्वाधिक च्याम्पियन भारतसँगै श्रीलंका, पाकिस्तान, आयोजक बंगलादेश, अफगानिस्तान र नेपालले प्रतिस्पर्धा गर्नेछन्। (विस्तृत पृष्ठ ८ मा)

सम्बन्धविच्छेदका मुद्दा दर्ता गर्न अब गृहजिल्ला जानुपर्ने

यस्ता मुद्दा सम्बन्धित जिल्लाले नै सुनुवाइ गर्दा न्याय मर्दैन भन्ने अदालतको निष्कर्ष

नवराज मैनाली/नयाँ पत्रिका

सम्बन्धविच्छेदको मुद्दा अब गृहजिल्लाका जिल्ला अदालतमा मात्र दर्ता हुने भएको छ। यसअघि अस्थायी बसोबास गर्दै आएका जिल्लामा पनि दर्ता हुँदै आएको थियो।

अर्को जिल्लामा दर्ता हुँदा म्याद तामेलीमै समस्या हुने र कतिपय प्रतिवादीले थाहासमेत नपाउने अवस्था रहेको भन्दै अदालतहरूले अर्को जिल्लामा दर्ता गर्न छाडेका छन्। सबैभन्दा धेरै सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने काठमाडौं जिल्ला अदालतले गत वैशाखदेखि नै उपत्यकाबाहिर स्थायी ठेगाना भएकाको हकमा सम्बन्धित जिल्लामै जान भनेको छ।

कानुनी प्रावधानअनुसार नै काठमाडौंबाहिर स्थायी ठेगाना भएकाहरूको सम्बन्धविच्छेदका निवेदन दर्ता नगर्ने नीति लिएको जिल्ला अदालत काठमाडौंका सूचना अधिकारी शिव खतिवडाले बताए। मुलुकी देवानी संहिता, २०७४ को दफा ९४ मा सम्बन्धविच्छेद गर्न चाहने पति-पत्नीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनुपर्ने व्यवस्था गरेको र सम्बन्धित जिल्ला अदालत भन्नाले गृहजिल्लाको जिल्ला अदालत बुझिने उनले बताए। केही महिनाअघि यस विषयमा जिल्ला अदालतको 'फुलकोर्ट'मा पनि छलफल भएको थियो।

» पृष्ठ २ मा क्रमशः

■ क्षेत्राधिकार नपर्ने भन्दै मुद्दा खारेज

गत २० साउनमा जिल्ला अदालतले क्षेत्राधिकार नपर्ने भन्दै सम्बन्धविच्छेदसम्बन्धी एक मुद्दा खारेजसमेत गरिदिएको थियो। महोत्तरीकी कल्पनाकुमारी बस्नेतले श्रीमान् हरिकुमार बस्नेतविरुद्ध दायर गरेको मुद्दा न्यायाधीश अशोककुमार बस्नेतको इजलासले खारेज गरेको थियो। (विस्तृत पृष्ठ २)

सम्बन्धबिच्छेदका मुद्दा गृहजिल्ला पठाउनुका कारण

१. सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनुपर्ने मुलुकी फौजदारी कार्यविधि संहिताको प्रावधान
२. अन्तरजिल्ला हुँदा म्याद तामेलीमा ढिलाइ र तामेल नहुने समस्या
३. कतिपय प्रतिवादीलाई मुद्दाबारे जानकारी नै नहुने अवस्था, एकतर्फी फैसलाको जोखिम
४. तारेखका लागि पटक-पटक काठमाडौं धाउनुपर्ने बाध्यता, सोही कारण तारेख छुट्ने अवस्था
५. सम्बन्धित जिल्लाबाटै सुनुवाइ हुँदा न्याय नमर्ने काठमाडौं जिल्ला अदालतको निष्कर्ष

● शिव खतिवडा, सूचना अधिकारी, काठमाडौं जिल्ला अदालत

बाहिर जिल्लाका प्रतिवादी भएको हकमा म्याद तामेल गर्न नसकिने, अधिकांश म्याद बेपत्ता हुने, त्यसो हुँदा पत्रिकामा सूचना प्रकाशन गरेर फैसला गर्नुपर्ने हुन्छ। कतिपय प्रतिवादीलाई मुद्दाबारे जानकारी नै नभएको पनि हुन सक्छ, जानकारी हुँदा पनि खर्च अभाव भएर तारेखमा आउन नसक्ने अवस्था हुन्छ। यस्ता मुद्दा सम्बन्धित जिल्लाले नै सुनुवाइ गर्दा न्याय मर्दैन भन्ने अदालतको निष्कर्ष हो।

बदलिँदो...

पृष्ठ १ बाट क्रमशः

सहभागी छन् । संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेससहित सात अन्तर्राष्ट्रिय संस्थाका प्रमुख पनि सम्मेलनमा सहभागी हुन नयाँदिल्ली पुगेका छन् । नयाँदिल्लीस्थित भारतमण्डपमा आयोजित सम्मेलनको अध्यक्षता आयोजक राष्ट्रका हैसियतमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गरेका छन् ।

शुक्रबार सम्मेलनलाई भारत, चीन, रुस, दक्षिण अफ्रिकासहित ११ देशका शीर्ष नेताहरूले सम्बोधन गरेका थिए । सन् २००६ मा स्थापना भएको ब्रिक्सको २०औँ वार्षिकोत्सवका अवसरमा भारतमा १८औँ शिखर सम्मेलन आयोजना गरिएको हो । शनिबार घोषणापत्र जारीसँगै शीर्ष नेताहरूले वृक्षरोपणसमेत गरेका थिए ।

सम्मेलन आइतबार सम्पन्न हुनेछ । त्यसअघि ब्रिक्स आउटरिच तथा ब्रिक्स प्लस संवाद आयोजना हुनेछ । कार्यक्रममा आमन्त्रित मुलुक, साझेदार मुलुक तथा अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू सहभागी हुनेछन् । भारतले १ जनवरी २०२६ मा चौथोपटक ब्रिक्सको अध्यक्षता सम्हालेको हो । अब चीनले अध्यक्षता सम्हाल्नेछ । अर्थात् अर्को वर्ष १९औँ शिखर सम्मेलन चीनले आयोजना गर्नेछ ।

सम्मेलनमा सहभागी हुन चिनियाँ राष्ट्रपति सी जिनपिङ शनिबार नै नयाँदिल्ली पुगेका थिए । उनको भारतीय प्रधानमन्त्री मोदीसँग द्विपक्षीय वार्ता भएको थियो । सात वर्षअघि राष्ट्रपति सी भारत आएका थिए । त्यसवेला उनीहरूबिच तमिलनाडुको महाबलीपुरममा वार्ता भएको थियो । त्यही वार्तापछि चिनियाँ राष्ट्रपति सी नेपाल भ्रमणमा आएका थिए । सीको भारत भ्रमणलाई भारतीय सञ्चारमाध्यमले विशेष महत्त्व दिएका छन् ।

सन् २००६ मा न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघीय महासभामा चार देश (ब्राजिल, रुस, भारत र चीन)लाई जनाउने ब्रिक समूहका रूपमा यसको सुरुवात भएको थियो । सन् २०१० मा दक्षिण अफ्रिका यस समूहमा थपिएपछि यसको नाम ब्रिक्स राखिएको थियो । सन् २०२३ मा जोहानेसबर्गमा आयोजित शिखर सम्मेलनपछि इजिप्ट, इथियोपिया, इन्डोनेसिया, इरान, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (युएई) थपिएका छन् । यी देशमा ३.७ अर्बभन्दा बढी जनसंख्या छ ।

१४० बुँदे घोषणापत्रमा के–के छन् ?

१८औँ शिखर सम्मेलनबाट जारी १४० बुँदे दिल्ली घोषणापत्रमा संयुक्त राष्ट्रसंघको पुनर्संरचना, जलवायु परिवर्तन, साझा मुद्रा, अन्तर्राष्ट्रिय द्वन्द्वदेखि बहुध्रुवीयता, वैश्विक सुशासनलगायत विषय समेटिएका छन् । ब्रिक्स देशहरूले वर्तमान अन्तर्राष्ट्रिय संरचना समकालीन विश्वको वास्तविकतासँग नमिल्दो भएको उल्लेख गर्दै संयुक्त राष्ट्रसंघ एवं यसका निकायमा व्यापक र समयबद्ध पुनर्संरचनामा जोड दिएका छन् । साथै, संयुक्त राष्ट्र सुरक्षा परिषद्लगायत निर्णायक तहमा एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशको अर्थपूर्ण प्रतिनिधित्व हुनुपर्ने घोषणापत्रमा छ ।

घोषणापत्रले संयुक्त राष्ट्रसंघमा अब महिला महासचिव हुनुपर्नेमा जोड दिएको छ । 'हामी संयुक्त राष्ट्रसंघ र यसको सुरक्षा परिषद्को व्यापक सुधारका लागि हाम्रो समर्थन दोहोर्‍याउँछौँ, जसको उद्देश्य यसलाई अझ लोकतान्त्रिक, प्रतिनिधिमूलक, प्रभावकारी र कुशल बनाउनु हो,' घोषणापत्रमा छ, 'परिषद्को सदस्यतामा विकासोन्मुख देशहरूको प्रतिनिधित्व बढाउनु हो, ताकि यसले विद्यमान विश्वव्यापी चुनौतीहरूलाई पर्याप्त रूपमा सम्बोधन गर्न सकोस् । संयुक्त राष्ट्रसंघको ८० वर्षभन्दा लामो इतिहासमा अहिलेसम्म कुनै पनि महिला महासचिव निर्वाचित नभएको विषयमा पनि हाम्रो चासो व्यक्त गर्दछौँ ।'

घोषणापत्रमा उदीयमान बजार तथा विकासोन्मुख देशहरूको अधिकार, अन्तर्राष्ट्रिय व्यवस्थामा बहुध्रुवीयता तथा विश्वव्यापी सुशासन एवं रूपान्तरणका विषयमा जोड दिइएको छ । यस्तै, स्थापनाको दुई दशकमा ब्रिक्सले राजनीतिक–सुरक्षा, आर्थिक–वित्तीय र सांस्कृतिक–जनस्तर गरी तीन मुख्य स्तम्भमा सहकार्य थप सुदृढ गर्ने संकल्प लिएको छ ।

घोषणापत्रले अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसंघको बडापत्रविपरीत लगाइने एकपक्षीय आर्थिक प्रतिबन्ध र व्यापारिक नाकाबन्दीको कडा शब्दमा भर्त्सना गरेको छ । 'हामी अन्तर्राष्ट्रिय कानुनविपरीत लगाइने एकपक्षीय दबाबमूलक उपायहरूको भर्त्सना गर्दछौँ,' दिल्ली घोषणापत्रमा छ, 'यसबाहेक, विश्व व्यापार संगठन (डब्लुटिओ)को नियमविपरीतका एकपक्षीय भन्सार शुल्क र विश्वव्यापी आपूर्ति शृंखलामा अवरोध पुर्‍याउने संरक्षणवादी नीतिप्रति गहिरो चिन्ता व्यक्त गर्दछौँ ।' उनीहरूले डब्लुटिओको दुई तहको विवाद समाधान संयन्त्रलाई तत्काल पुनर्जीवित गर्न माग गरेका छन् ।

घोषणापत्रमा पश्चिम एसियामा बढ्दै गएको सैन्य तनावप्रति गहिरो चिन्ता व्यक्त गरिएको छ । ब्रिक्स राष्ट्रहरूले सबै पक्षलाई अधिकतम संयम अपनाउन र कूटनीतिक माध्यमबाट समस्या समाधान गर्न आग्रह गरेका छन् ।

इजरायल–प्यालेस्टाइन द्वन्द्वप्रति लक्षित गर्दै घोषणापत्रमा पूर्वी जेरुसेलमलाई राजधानी मान्दै १९६७ को सीमाभित्र एक स्वतन्त्र, सार्वभौम र व्यवहार्य प्यालेस्टाइन राज्यको स्थापनालाई समर्थन गरिएको छ । 'हामी अन्तर्राष्ट्रिय कानुन, सान्दर्भिक संयुक्त राष्ट्र सुरक्षा परिषद् र महासभाका प्रस्तावहरू र अरब शान्ति पहलअनुसार दुई राज्य समाधानप्रतिको अटल प्रतिबद्धताको सन्दर्भमा संयुक्त राष्ट्रसंघमा प्यालेस्टाइन राज्यको पूर्ण सदस्यताका लागि हाम्रो समर्थन दोहोर्‍याउँछौँ,' घोषणापत्रमा छ । घोषणापत्रमा लेबनानमा तैनाथ संयुक्त राष्ट्रसंघीय शान्ति मिसन कर्मचारी र मिसनपरिसरमा भएका आक्रमणको निन्दा गरिएको छ ।

जलवायु परिवर्तनको समस्या सम्बोधन गर्दा विकासोन्मुख राष्ट्रहरूमाथि पर्ने असन्तुलित आर्थिक भारलाई ध्यानमा राख्नुपर्ने घोषणापत्रमा भनिएको छ । घोषणापत्रमा पेरिस सम्झौता र समान दायित्व, तर फरक क्षमताको सिद्धान्तअनुसार विकसित देशहरूले विकासोन्मुख देशहरूलाई प्रविधि र वित्तीय सहयोग उपलब्ध गराउनुपर्ने उल्लेख छ ।

घोषणापत्रमा आतंकवादको जुनसुकै रूप वा अभिव्यक्तिलाई आपराधिक र अनुचित ठहर्‍याउँदै आतंकवादविरुद्ध दोहोरो मापदण्ड अस्वीकार गर्न विश्व समुदायलाई आग्रह गरिएको छ । २२ अप्रिल २०२५ मा भारतको जम्मु र कस्मिरस्थित पहलगाममा भएको आतंकवादी आक्रमणको स्मरण गर्दै त्यसको भर्त्सना गरिएको छ । घटनामा नेपाली नागरिकसहित २६ जनाको हत्या भएको थियो । 'हामी जुनसुकै उद्देश्यले, जहाँसुकै, जुनसुकै समयमा र जसले गरे पनि आतंकवादका जुनसुकै कार्यलाई आपराधिक र अनुचित भन्दै कडा भर्त्सना गर्दछौँ । हामी २२ अप्रिल २०२५ मा जम्मु र कस्मिरमा भएको आतंकवादी आक्रमणको कडा शब्दमा भर्त्सना गर्दछौँ, जसमा २६ जनाको ज्यान गएको थियो र धेरै घाइते भएका थिए,' घोषणापत्रमा छ ।

अन्तर्राष्ट्रिय कानुनविपरीत रहेका कार्बन बोर्डर एडजस्मेन्ट मेकानिजमजस्ता उपायहरूको विरोध गरिएको छ । ऊर्जा सुरक्षाका सन्दर्भमा जीवाश्म इन्धन (कोइला, पेट्रोलियम कच्चा पदार्थ र प्राकृतिक ग्यास)ले अझै पनि उदीयमान अर्थतन्त्रका लागि महत्त्वपूर्ण भूमिका खेल्ने भन्दै ब्रिक्स राष्ट्रहरूले न्यायसंगत, समतामूलक र समावेशी ऊर्जा रूपान्तरणमा जोड दिएका छन् ।

उनीहरूले ब्रिक्स रिमोट सेन्सिङ स्याटेलाइट कन्स्टेलिसनमार्फत वातावरण र प्राकृतिक विपत् व्यवस्थापनमा हासिल भएका उपलब्धिको प्रशंसा गरेका छन् । अन्तरिक्षको शान्तिपूर्ण प्रयोग र विकासोन्मुख देशहरूबिच प्राविधिक असन्तुलन हटाउने पनि उनीहरूको प्रतिबद्धता छ ।

आगामी डिसेम्बरमा अबुधाबीमा आयोजना हुने 'संयुक्त राष्ट्रसंघीय जल सम्मेलन'मार्फत दिगो विकास लक्ष्य हासिल गर्न सहकार्य गर्ने पनि उनीहरूले प्रतिबद्धता जनाएका छन् ।

एक सातामै...

पृष्ठ १ बाट क्रमशः

महामन्त्री प्रदीप पौडेलले महाधिवेशनको तयारीसम्बन्धी निर्णय गर्न बैठक बोलाइएको बताए । 'महाधिवेशनसँग सम्बन्धित कतिपय विषयमा निर्णय गर्नुपर्ने भएकाले बैठक बोलाइएको हो । महाधिवेशन सर्दैन । वडा अधिवेशन निर्धारित समयमै ३ असोजमा सुरु हुन्छ । बैठक महाधिवेशन सार्न नभई निर्धारित समयमै गराउन बोलाइएको हो,' उनले भने ।

केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले ललितपुरस्थित पार्टी केन्द्रीय कार्यालयमा आइतबार दिउँसो २ बजे बस्ने गरी बैठक बोलाइएको बताए । बैठकमा समसामयिक राजनीतिक र सांगठनिक विषयमा छलफल हुने उनले बताए । उनका अनुसार केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारी, सदस्यहरू तथा प्रदेश सभापतिहरूलाई उपस्थितिका लागि अनुरोध गरिएको छ ।

कांग्रेसका संस्थापन र इतर पक्ष छुट्टाछुट्टै रूपमा १५औँ महाधिवेशनको तयारीमा छन् । कुनै 'नाटकीय सहमति' नभए दुईटा महाधिवेशन निश्चित देखिएको वेला बेलाइएको बैठकलाई अर्थपूर्ण रूपमा हेरिएको छ । आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेकाले दुवै पक्षले आफूहरू नै आधिकारिक भएको दाबी गरेका छन् । अदालतबाट अन्तिम फैसलाबाट न्याय पाइने विश्वास दुवै पक्षको छ ।

इतर समूहले १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिमा फर्किनुपर्ने अडान लिएपछि सहमतिको सम्भावना नदेखिएको नेताहरू बताउँछन् । तर, विशेष महाधिवेशनबाट चयन भएको कार्यसमितिकै नेतृत्वमा १५औँ महाधिवेशन गर्नुपर्नेमा सभापति गगन थापा अडिग छन् । इतर पक्षका अन्य सबै माग पूरा गर्न उनी तयार देखिएका छन् । तर, इतर पक्षले १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिको निर्णय, आयोजना र अध्यक्षतामा १५औँ महाधिवेशन हुनुपर्ने अडान राखेको छ ।

विशेष महाधिवेशनबाट चयन भएको थापा नेतृत्वको कार्यसमितिले आगामी ३ असोजमा वडा अधिवेशन गरेर महाधिवेशन सुरु गर्दै छ भने १४औँ महाधिवेशन पक्षधर (देउवा पक्ष)ले १५ असोजमा वडा अधिवेशनको कार्यतालिका ल्याएको छ ।

कांग्रेसको केन्द्रीय निर्वाचन समितिले १५औँ महाधिवेशनका लागि प्रदेश निर्वाचन संयोजकहरू तोकेको छ । निर्वाचन समिति संयोजक प्रेमबहादुर खड्काले महाधिवेशनमा सहजीकरणका लागि सातजना वरिष्ठ अधिवक्तालाई प्रदेश निर्वाचन संयोजक तोकेका हुन् । कोशीमा डिल्लीबहादुर कार्की, मधेशमा बलराम सुवेदी, बागमतीमा कृष्ण अर्याल, गण्डकीमा जगन्नाथ ढकाल, लुम्बिनीमा दीपकुमार रेग्मी, कर्णालीमा उत्तम आचार्य र सुदूरपश्चिममा गंगाराम पाध्यायलाई संजोजक तोकिएको छ ।

निर्धारित मितिमा अधिवेशन सम्पन्न गर्न निर्वाचन अधिकृतहरूसँग समन्वय गर्ने जिम्मेवारी प्रदेश संयोजकहरूलाई दिइएको छ । कार्यतालिकाअनुसार ३ र ४ असोजमा वडा अधिवेशन, ७ असोजमा पालिका अधिवेशन र १० असोजमा प्रदेश सभा क्षेत्रीय र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन हुँदै छ । १६–१९ असोजमा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका छ । जिल्ला अधिवेशन र प्रदेश अधिवेशन भने १५औँ महाधिवेशनपछि गर्ने तयारी छ ।

देउवा पक्षले १५ असोजमा वडा अधिवेशन सुरु गरेर २१, २२ र २३ मंसिरमा १५औँ महाधिवेशन गर्ने कार्यतालिका ल्याएको छ । महाधिवेशनका लागि जिल्लामा केन्द्रीय प्रतिनिधि खटाएको छ । १७ र १८ भदौमा बसेको महाधिवेशन तयारी समितिको बैठकले १५ असोजदेखि वडा अधिवेशन सुरु गर्ने निर्णय गरेको थियो । अधिवेशनहरूलाई व्यवस्थित रूपमा सम्पन्न गर्न विभिन्न तहका तयारी समितिहरू गठन गर्ने समयसीमा पनि तोकिएको छ । जसअनुसार जिल्ला, संघीय निर्वाचन क्षेत्र, प्रदेश सभा निर्वाचन क्षेत्र, पालिका र वडा अधिवेशन तयारी समिति ३ असोजभित्र गठन गरिसक्नुपर्नेछ ।

सम्बन्धविच्छेदका...

पृष्ठ १ बाट क्रमशः

'बाहिर जिल्लाका प्रतिवादी भएको हकमा म्याद तामेल गर्न नसकिने, अधिकांश म्याद बेपत्ता हुने, त्यसो हुँदा पत्रिकामा सूचना प्रकाशन गरेर फैसला गर्नुपर्ने हुन्छ,' सूचना अधिकारी खतिवडाले भने, 'कतिपय प्रतिवादीलाई मुद्दाबारे जानकारी नै नभएको पनि हुन सक्छ, जानकारी हुँदा पनि खर्च अभाव भएर तारेखमा आउन नसक्ने अवस्था हुन्छ । यस्ता मुद्दा सम्बन्धित जिल्लाले नै सुनुवाइ गर्दा न्याय मर्दैन भन्ने अदालतको निष्कर्ष हो ।'

बाहिर जिल्लाबाट तारिख लिन बारम्बार आउनुपर्दा न्यायभन्दा अन्याय धेरै हुन सक्छ भन्ने तर्क रहेको खतिवडाले बताए । सूचना नपाएर तथा खर्च धान्न नसकेको अवस्थामा फैसला गर्दा पारिवारिक सम्बन्धमा पनि असर पर्छ भन्ने निष्कर्षसहित सम्बन्धित जिल्लामा पठाउन थालिएको छ ।

क्षेत्राधिकार नपर्ने भन्दै मुद्दा खारेज

गत २० साउनमा जिल्ला अदालतले क्षेत्राधिकार नपर्ने भन्दै सम्बन्धविच्छेदसम्बन्धी एक मुद्दा खारेजसमेत गरिदिएको थियो । महोत्तरीकी कल्पनाकुमारी बस्नेतले श्रीमान् हरिकुमार बस्नेतविरुद्ध दायर गरेको मुद्दा न्यायाधीश अशोककुमार बस्नेतको इजलासले खारेज गरेको थियो । अदालतले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद–३ र मुलुकी देवानी संहिता, २०७४ को दफा ९६ को व्यवस्थालाई आधार बनाएर यो फैसला गरेको हो । फैसलामा भनिएको छ, 'सम्बन्धविच्छेदको विवाद रहेको प्रस्तुत मुद्दामा वादी–प्रतिवादी दुवैको स्थायी वतन महोत्तरी जिल्लाअन्तर्गतको देखिँदा उपरोक्त परिच्छेद–३ को समग्र कानुनी व्यवस्थालाई विचार गर्दा महोत्तरी जिल्लामा बस्ने प्रतिवादीको मुद्दा हेर्न यस अदालतलाई क्षेत्राधिकार रहेको पाइएन ।'

त्यस्तै, मुलुकी देवानी संहिता, २०७४ को दफा ९६ मा सम्बन्धविच्छेदको निवेदन सम्बन्धित जिल्ला अदालतमा दिनुपर्ने उल्लेख छ । फैसलामा थप भनिएको छ, 'उक्त दफामा गरिएको संशोधनबाट पनि सम्बन्धविच्छेदको निवेदन दिँदा सम्बन्धित जिल्ला अदालतमा नै दिनुपर्ने देखियो । यी वादी–प्रतिवादीको स्थायी वतन महोत्तरी जिल्लाअन्तर्गत देखिएकाले काठमाडौं जिल्ला अदालतलाई सम्बन्धित जिल्ला अदालत मान्न मिलेन । अतः मुलुकी देवानी संहिता, २०७४ को दफा ९६ मा भएको संशोधनलाई विचार गर्दा पनि अन्यत्र जिल्लाका वादी–प्रतिवादीको फिराद हेर्ने क्षेत्राधिकार यस अदालतलाई रहेको मान्न मिलेन ।'

मुद्दा एउटा अदालतबाट अर्को अदालतमा सार्ने कानुनी प्रावधान नभएको भन्दै खारेज गरिएको थियो । 'साबिक मुलुकी ऐन, २०२० मा भएको मुद्दा सरुवा गर्न सकिने व्यवस्थालाई मुलुकी देवानी संहिता वा मुलुकी देवानी कार्यविधि संहिताले निरन्तरता दिएको पनि देखिँदैन । अतः प्रस्तुत मुद्दा खारेज नै हुने देखिन आयो,' फैसलामा उल्लेख छ ।

सम्बन्धविच्छेद नितान्त व्यक्तिगत घटना भएकाले सम्बन्धित जिल्लामा नै फिराद गर्नुपर्ने विधायिकी मनसाय रहेको फैसलामा उल्लेख छ । 'अन्यत्र फिराद गरी अन्यत्रका साक्षी बुझी सम्बन्धविच्छेद हुने–नहुने भन्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत पनि हुन्छ । यस्तै, प्रतिवादीले कानुनविपरीत अन्यत्र दायर भएको अदालतमा प्रतिउत्तर लिएर जानुपर्ने बाध्यता पनि हुँदैन,' फैसलामा भनिएको छ, 'अतः उपरोक्त कानुनी व्यवस्था र सिद्धान्तबाट पनि प्रस्तुत मुद्दा हेर्ने क्षेत्राधिकार यस अदालतलाई नरहेको स्पष्ट हुन आयो । यसैगरी वादी–प्रतिवादी अंशियार नाताका देखिएका छन् । निजहरूबाट सन्तानको जायजन्म भएको पनि देखिएको छ । यस्ता व्यक्तिका बिचमा अर्कै अदालतमा सम्बन्धविच्छेद गरिदिँदा बन्डा लाग्ने सम्पत्तिका हकदारलाई पनि असर पुग्न जाने तथ्य पनि विचारणीय हुँदा पनि यसरी अन्यत्र जिल्लामा सम्बन्धविच्छेद गरिदिन उचित हुने देखिएन ।'

जिल्ला अदालत काठमाडौंमा सम्बन्धविच्छेदका मुद्दा सर्वाधिक दर्ता हुने गरेका थिए । गत वर्ष औसतमा दैनिक १४ वटा मुद्दा दर्ता हुने गरेको तथ्यांक छ । गृहजिल्लामै दर्ता गरिँदा मुद्दाको चाप पनि घट्ने अदालतका कर्मचारी बताउँछन् । तर, दुवैजना काठमाडौंमै अस्थायी रूपमा बस्नेको हकमा भने समस्या पनि हुने भएको छ । सम्बन्धविच्छेद मुद्दाकै लागि बारम्बार गृहजिल्ला जानुपर्ने बाध्यता उनीहरूलाई हुनेछ ।

वैशाखदेखि बाहिरी जिल्लाका नागरिकको मुद्दा दर्ता कम गरे पनि अदालतले पूर्ण रूपमा बन्द भने गरिसकेको छैन । मिलापत्र हुने किसिमका सम्बन्धविच्छेदका मुद्दा भने दर्ता हुने गरेको स्रोत बताउँछ ।

०७२ यता कुन विपत्मा कतिको गयो ज्यान ?

विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन भन्छ- **प्राकृतिक विपत् भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू–स्खलन, डुबान, खडेरी, आँधी, हुरीबतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपत्बाट उत्पन्न जुनसुकै विपत् सम्झनुपर्छ**

		०७२	०७३	०७४	०७५	०७६	०७७	०७८	०७९	०८०	०८१	०८२	०८३
भूकम्प	घटना	७५	-	-	-	-	१०	२	४५	१०६	७४	७	४
	मृत्यु	८९६२	-	-	-	-	-	-	७	१५५	-	-	-
पहिरो	घटना	६२	२३७	१६३	३३४	४३४	४८९	३४४	३२८	५०४	१००६	६२५	११३८
	मृत्यु	१३५	१४८	७५	८८	८३	३०१	१८२	९६	५०	३५१	७६	४५
आगलागी	घटना	७७१	१६९४	१७७६	२७७८	२४९४	२६५६	२३९०	३०४३	४०६७	४१९७	३८११	१२०१
	मृत्यु	७३	५३	८५	८९	५०	९७	९२	११०	११०	७७	११०	२१
चट्याङ	घटना	१११	२२८	२१६	२९४	३५८	२४९	२०४	२९०	२५०	४४४	४२६	२७०
	मृत्यु	८३	११४	१०५	६८	८८	७०	५६	८४	४६	७९	४८	२८
बाढी	घटना	१५	२३०	३३८	८३	२०४	९७	१५५	५९	१५३	४१९	३२९	३१४
	मृत्यु	-	१०१	१६६	१७	७३	४२	६३	१९	१८	९७	३९	२७
जनावर आतंक	घटना	-	-	-	२०५	२५८	२४४	२७७	२९९	३९३	४८०	५१८	३०६
	मृत्यु	-	-	-	२७	४०	३७	४८	४५	४५	४४	५८	१९
सर्पदंश	घटना	-	-	-	१९	४१	५६	२४	२४	३५	८४	६३०	११७७
	मृत्यु	-	-	-	१५	२९	२१	२१	१९	२०	१९	१०१	८०
लेक लाग्नु	घटना	-	१३	१९	२५	२४	१	६	१६	६०	११३	१३५	६९
	मृत्यु	-	१६	१७	२३	२०	१	३	९	१५	२५	४१	२५
हावाहुरी	घटना	२७	३२	५७	२३५	१४९	८०	५९	१०७	१५७	३६६	४८४	४८०
	मृत्यु	९	२	४	४५	९	८	३	१०	५	७	१३	१३
भारी वर्षा	घटना	१५	११२	९६	२४८	१०२	३६०	३६२	१६६	१७३	५७६	४४९	३४६
	मृत्यु	०	९	१३	१७	९	१५	२२	८	२	८	७	४
हवाई दुर्घटना	घटना	-	-	-	१	२	१	-	२	१	२	२	-
	मृत्यु	-	-	-	३	३	०	-	७१	१	२३	०	-
शितलहर	घटना	-	-	४८	-	-	-	-	-	-	-	१	-
	मृत्यु	-	-	४८	-	-	-	-	-	-	-	-	-
महामारी	घटना	२	५	१५	५	-	-	२	-	-	-	१	-
	मृत्यु	३	१८	२४	०	-	-	४	-	-	-	०	-
हिउँपहिरो	घटना	-	१	-	४	२	-	४	३	७	६	६	२
	मृत्यु	-	१	-	८	०	-	२	२	१२	०	०	१
डुंगा पल्टेर	घटना	-	४	४	९	१	१	४	४	२	१	२	१
	मृत्यु	-	७	२	१५	०	१	३	४	१	१	०	२
जंगल आगलागी	घटना	-	-	-	-	७	१०	९२	१९१	४९५	११९७	३४५	१९१
	मृत्यु	-	-	-	-	०	०	३	१	१६	१०	२	१
हिउँहुरी	घटना	-	-	-	५	-	-	३	२	-	-	-	-
	मृत्यु	-	-	-	१२	-	-	४	१	-	-	-	-
विस्फोटन	घटना	-	-	-	-	-	-	-	-	-	-	-	१
	मृत्यु	-	-	-	-	-	-	-	-	-	-	-	१
अन्य	घटना	६	२५	१२८	५६	४	१	३	-	११	७	-	५
	मृत्यु	८	१८	५९	३१	३	१	२	-	६	७	-	१

०७२ को भूकम्पयता...

पृष्ठ १ बाट क्रमशः

छन् भने ठुलो संख्यामा नागरिकले ज्यान गुमाउनुपरेको छ । नागरिकको ज्यानको अलावा ठुलो मात्रामा निजी, सार्वजनिक र सरकारी धन पनि क्षति भएका छन् । खासगरी बाढी, पहिरो, भूकम्प, अतिवृष्टिजस्ता विपत्ले ठुलो क्षेत्र र सामूहिक रूपमा धेरै संख्याका नागरिकलाई असर गरिरहेको छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका पूर्वकार्यकारी प्रमुख अनिल पोखरेल पहिले सय, हजार वर्षमा ठुला विपत्ति आउने गरेकामा पछिल्लो समय हरेक वर्षजसो कुनै न कुनै विपत्ति आउन थालेको भन्दै भोटेकोशी बाढीजस्ता प्रकोप बढ्नुमा जलवायु परिवर्तन र बढ्दो तापक्रम एउटा कारण रहेको बताउँछन् ।

'डोजरे विकास, अव्यवस्थित बसोबास, खोला, नदीभित्रै भौतिक संरचना निर्माण गर्दा क्षति बढेको देखिन्छ,' उनले भने । अब सरकारले विकास निर्माण र बस्ती व्यवस्थापनमा ध्यान दिनुपर्ने उनको भनाइ छ । खोलानदी क्षेत्रमा विकास निर्माण गर्दा विपत्का दृष्टिकोणबाट हेर्नुपर्ने र जोखिमयुक्त वस्तु हटाउनुपर्ने उनको राय छ । 'अब हरेक वर्ष बाढीपहिरोले विनाश गर्ने अनि राज्यले पुनर्निर्माण गरेर सकिँदैन,' उनले भने, 'राज्यसँग सीमित स्रोतसाधन हुन्छ । त्यही भएर हरेक घर र संरचनालाई बिमामा जोड्नुपर्छ । विपन्नका घरको बिमाको प्रिमियम बरु सरकारले नै तिरिदेओस् ।'

एउटा प्राकृतिक विपत्को क्षति पूर्ण रूपमा पुनर्स्थापित नहुँदै देशले फेरि अर्को विपत्तिको सामना गर्नुपरेको अवस्था छ । देशको शक्ति र सम्पत्ति यस्ता विपतपछिको पुनर्निर्माणमै लगाउनुपर्ने अवस्था छ । विपत्माथि अध्ययन गरिरहेका र सरोकार राख्नेहरू नेपालमा विपत्का संख्या र क्षति बढ्दै जानुमा जलवायु परिवर्तनदेखि नेपालको कमजोर पूर्वसूचना प्रणाली र संयन्त्र, विपत् थेग्न सक्ने संरचना निर्माण नहुनु तथा सम्भावित विपत्बारे अध्ययन र अनुसन्धानको कमी हुनुलाई मुख्य कारण देख्छन् । वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी विषयका विज्ञ तीर्थराज पन्थी पनि पछिल्ला वर्ष नेपालमा ठुला विपत् बढ्नुमा जलवायु परिवर्तनको असरलाई प्रमुख कारण ठान्छन् ।

'पछिल्ला दशकमा जलवायु परिवर्तन तीव्र गतिमा बढेको छ,' उनी भन्छन्, 'यस्तो अवस्थामा त्यसले निम्त्याउने जोखिम र विपत् बढिरहेका छन् ।' पछिल्ला वर्षहरूमा विपत्को संख्या, आकार र क्षति पनि बढ्दै गएको सन्दर्भमा तिनको जोखिम र क्षति रोक्ने हाम्रो क्षमता कमजोर रहेको उनी बताउँछन् । विकास निर्माण गर्दा पनि पूर्वाधार र संरचनाहरू सम्भावित विपत् आकलन गरेर तिनलाई थेग्न सक्ने गरी बनाएको नदेखिएको र पूर्वसूचना प्रणाली भरपर्दा नहुँदा रोक्न सकिने अवस्थामा पनि क्षति भएको पन्थीको बुझाइ छ । 'जलवायु परिवर्तन र जोखिम न्यूनीकरणका सन्दर्भमा अध्ययन र अनुसन्धानमा पनि कमी छ,' उनले भने ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. प्रकाश पोखरेल नेपालमा पछिल्ला वर्ष विपत्को आवृत्ति र प्रवृत्तिमा परिवर्तन आएको बताउँछन् । 'विपत्हरू छिटोछिटो आउन थाल्यो र विपत्को मापन पनि ठुलो हुन थाल्यो,' उनी भन्छन्, 'यस्तो हुनुमा जलवायु परिवर्तनले भूमिका खेलेको छ । हाम्रो भौगोलिक अवस्था पनि अर्को कारण हो ।' पूर्वसूचना प्रणालीबाट निगरानी गरिए पनि असामान्य अवस्थामा ती प्रणाली प्रभावकारी नहुने उनी बताउँछन् । असामान्य प्रकृतिका विपत्का लागि अध्ययन अनुसन्धान र स्रोतसाधन पर्याप्त नभएको उनको भनाइ छ । 'नेपालमा विपत् आउने कुरालाई स्वीकार गरेर नीति र बस्ती व्यवस्थापन गर्‍यौँ कि गरेनौँ भन्ने पनि हुन्छ,' उनी भन्छन्, 'अब विपत्लाई राजनीतिक र नीतिगत रूपमा तथा आर्थिक र स्रोतसाधनका हिसाबमा प्राथमिकता दिएर अघि बढ्नु जरुरी छ ।'

पूर्वानुमान गर्न कठिन भूकम्पको क्षति ठुलो

०७२ यता देशमा सबैभन्दा ठुलो क्षति भूकम्पले निम्त्याएको छ । त्यसयता विभिन्न समयमा गएका भूकम्पले नौ हजार १२४ जनाको ज्यान गएको छ भने खर्बौंको क्षति पुगेको छ । १२ वैशाख ०७२ को भूकम्प इतिहासमै विनाशकारी विपत्ति थियो । उक्त भूकम्पमा आठ हजार ९६२ जनाले ज्यान गुमाएका थिए । गोरखाको बारपाक केन्द्रविन्दु बनाएर गएको ७.८ म्याग्निच्युडको भूकम्पमा आठ लाख ६६ हजार निजी घर पूर्ण रूपमा क्षति भएका थिए । सरकारी, सार्वजनिक संरचनामा पनि ठुलो क्षति भएको थियो । भूकम्पको त्यो क्षति अझै पूर्ण रूपमा पुनर्स्थापित हुन सकेका छैनन् ।

२२ कात्तिक ०७९ मा डोटीमा गएको भूकम्पमा परी सातजनाको मृत्यु भएको थियो । खप्तड राष्ट्रिय निकुञ्जलाई केन्द्रविन्दु बनाएर गएको अधिकतम ६.६ म्याग्निच्युडको भूकम्पले डोटीमा क्षति गरेको थियो ।

१७ कात्तिक ०८० को मध्यरातमा जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पले रुकुमपश्चिम र जाजरकोटमा ठुलो क्षति गर्‍यो । यो भूकम्पमा १५५ जनाको ज्यान गयो । साढे दुई सयभन्दा बढी मानिस भूकम्पमा परी घाइते भएका थिए । भूकम्पमा झन्डै २७ हजार घर पूर्ण क्षति भएका थिए । विद्यालय र सरकारी संरचनामा पनि ठुलो क्षति गरेको थियो । भूकम्पपछि हजारौँ मानिसहरू विस्थापित भएकामा अझैसम्म कैयौँ परिवार पुनर्स्थापित हुन सकेका छैनन् ।

विध्वंसकारी बाढीपहिरोको चपेटामा नेपाल

बर्सेनिजसो विध्वंसकारी बाढीपहिरोको चपेटामा नेपाल फसिरहेको छ । ०७२ यता निम्तिएका बाढीको संख्या नै दुई हजार ३९६ छ । ती बाढीमा परेर ६६२ जनाको निधन भएको छ । त्यस्तै, यही अवधिमा पाँच हजार ६६४ पहिरो गएका छन् । ती पहिरोमा परेर एक हजार ६३० जनाले ज्यान गुमाएका छन् । बाढीपहिरोले निम्त्याएको आर्थिक क्षति झन् ठुलो छ । पछिल्ला दशकको प्रलयकारी भोटेकोशी बाढीको क्षतिको पूर्ण विवरण आइसकेको छैन । तर, यसअघि ठुलै आकारका बाढीपहिरोको सामना नेपालले गर्दै आएको छ ।

१ असार ०७८ मा सिन्धुपाल्चोकको मेलम्ची र इन्द्रावती नदीमा आएको बाढीले हेलम्बु र पाँचपोखरी थाङपाल गाउँपालिका तथा मेलम्ची नगरपालिकामा भयानक क्षति पुर्‍यायो । २५ जनाको ज्यान गएकामा ५५१ घर बगाएको थियो भने राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजना, सात झोलुंगे पुल र नौ पक्की पुल पनि ध्वस्त पारिदिएको थियो । बाढीले पाँच हजार चार सय रोपनी खेतीयोग्य जमिन बगर बनाइदिएको थियो ।

११ र १२ असोज ०८१ को अविरल वर्षापछि आएको बाढीपहिरोले काभ्रेपलाञ्चोकमा ठुलो क्षति निम्त्यायो । ७९ जनाको ज्यान गयो भने ७८ घाइते भए । उक्त बाढीपहिरोमा दुई हजार ५ सय ७७ घर पूर्ण रूपमा र सात सय ५१ घरमा आंशिक क्षति पुर्‍याएको थियो । १२ सरकारी भवनमा पूर्ण रूपमा र एक सय ३५ मा आंशिक क्षति पुगेको थियो । त्यस्तै, बिपी राजमार्गको नौ किलोमिटर क्षेत्रमा ठुलो क्षति गर्‍यो, जुन अहिलेसम्म पुनर्निर्माण हुन सकेको छैन ।

३२ साउन ०८२ मा सोलुखुम्बुको पासाङल्हामु गाउँपालिकाको थामेमा गएको बाढीले घर, छात्रावास, होटेलसहित १५ संरचनालगायत बगाएको थियो । त्यस्तै, भारी वर्षापछि १९ असोज ०८२ मा इलाममा विनाशकारी पहिरो गएको थियो । जसमा ३९ जनाको निधन भएको थियो । रातमा पहिरो गएका कारण ३६ जनाको त घरभित्रै मृत्यु भयो । पहिरोले साढे तीन सय घरमा पूर्ण र साढे नौ सय घरमा आंशिक क्षति पुर्‍याएको थियो । ७११ परिवार विस्थापित नै भएको यो पहिरोमा झन्डै १२ अर्बबराबरको क्षति भएको तथ्यांक छ । तराईका जिल्लाहरूमा त बर्सेनि बाढी आउँछ, जसमा मानिसको मृत्युदेखि घरखेत डुबान र कटान हुने गरेका छन् ।

यस्तो छ ०७२ यता भएका विपत्का घटना र मानवीय क्षति

०७२ यता निम्तिएका प्राकृतिक विपत्मा सबैभन्दा ठुलो क्षति भूकम्पले गरेको छ । यो अवधिमा भूकम्पका ३३२ घटना भएका छन्, जसमा मृत्यु हुनेको संख्या नौ हजार १२४ छ । त्यस्तै, पहिरोका ५६ सय ६४ घटनामा १६ सय ३० जनाको ज्यान गएको छ । सोही अवधिमा दुई हजार ३९६ घटनामा ६ सय ६२ जनाको निधन भएको छ ।

०७२ यता आगलागीका ३० हजार ८७७ घटनामा ९६७ जनाको मृत्यु भएको छ । चट्याङका ३३ सय ३७ घटनामा ८६९ जनाको ज्यान गएको छ । त्यस्तै, जनावर आतंकका २९ सय ८० घटनामा ३६३ जनाको मृत्यु भएको छ । सर्पदंशका २ हजार ९० घटनामा ३२५ जनाको मृत्यु भएको छ । जनावर आतंक र सर्पदंशका यी तथ्यांक ०७५ देखि यताको हो ।

त्यस्तै, लेक लागेका ४८१ घटनामा १९५ को मृत्यु भएको छ, यो ०७३ देखिको तथ्यांक हो । हावाहुरीका २२ सय ३३ घटनामा १२८ र भारी वर्षाका ३ हजार ५ घटनामा ११४ जनाको मृत्यु भएको छ । ०७५ देखि यताका ११ हवाई दुर्घटना हुँदा १०१ जनाको मृत्यु भएको छ । ०७४ मा शीतलहरका ४८ घटनामा ४८ जनाको निधन भएको थियो भने ०८२ मा शीतलहरको एउटा घटना भएको तथ्यांक छ । यसैगरी, ०७२ यता महामारीका ३० घटनामा ३९ जनाको निधन भएको छ । यो महामारीको शीर्षकमा कोभिड १९ को महामारीको तथ्यांक समावेश भएको देखिँदैन । यही अवधिमा ३३ डुंगा पल्टिँदा १० जनाको मृत्यु भएको छ । ०७६ यता प्रविष्ट गरिएको तथ्यांकअनुसार जंगल आगलागीका २५ सय २८ घटनामा ३३ जनाले ज्यान गुमाएका छन् । ०७५, ०७८ र ०७९ मा हिउँहुरीका १० घटनामा १७ जनाको मृत्यु भएको छ ।

२४ घण्टा धाएपछि बल्ल राष्ट्रिय परिचयपत्र

सरकार नागरिकको पहिचान डिजिटल बनाउन खोज्दै छ, तर परिचयपत्र लिन भने नागरिक रातभर सरकारी कार्यालयको बरन्डामा बस्न बाध्य

बिहीबार जिल्ला प्रशासन कार्यालय आइपुगेका सिराहाको सुखीपुर नगरपालिका- ८ की ६० वर्षीया कल्पनादेवी पण्डित, उनका श्रीमान् सुकन पण्डित र कल्याणपुर नगरपालिका- ४ की ७० वर्षीया अतरकुमारी तेली र उनका श्रीमान् महन्थी तेली।

जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउन काखे बालबालिकासहित विभिन्न गाउँबाट आएका सेवाग्राही

२४ घण्टाको संघर्षपछि सिराहाका ७० वर्षीया अतरकुमारी तेली र ६० वर्षीया कल्पनादेवी पण्डितले शुक्रबार बिहान राष्ट्रिय परिचयपत्र पाएका छन्। बिहीबार बिहानै जिल्ला प्रशासन कार्यालय सिराहा पुगेका उनीहरूले दिनभर टोकन पाउन सकेनन्। घर फर्किन पनि सम्भव नभएपछि कार्यालयको गेटनजिकै रहेको निजी घरको बरन्डामा रात बिताए। शुक्रबार बिहान फेरि टोकन लिएपछि मात्रै करिब ८ बजे उनीहरूले राष्ट्रिय परिचयपत्र पाएका थिए।

कल्याणपुर नगरपालिका– ४, बेरियाकी अतरकुमारी श्रीमान् महन्थी साहु तेलीको साथमा बिहीबार बिहानै अटो चढेर जिल्ला सदरमुकाम आएकी थिइन्। खराब सडकका कारण उनीहरू बिहान करिब साढे ८ बजे मात्रै जिल्ला प्रशासन कार्यालय पुगे। श्रीमान् राष्ट्रिय परिचयपत्र बनाउन कार्यालयभित्र गए। तर, काम सुरु गर्नुअघि टोकन लिनुपर्ने रहेछ। टोकन लिन काउन्टरमा पुग्दा सकिइसकेको थियो। बिहानैदेखि भोकै आएका उनीहरूले आफ्नो पालो मिलाइदिन आग्रह गरे। तर, त्यस दिन उनीहरूको काम हुन सकेन। घर फर्किएर फेरि भोलिपल्ट बिहानै आउनुपर्ने भएपछि उनीहरू समस्यामा परे। अन्ततः कार्यालयको मुख्य गेटनजिकै रहेको स्थानीयको घरको बरन्डामा रात बिताउन बाध्य भए। 'घर जान पनि सकिनँ। बिहान फेरि आउनुपर्छ टोकन लिन,' महन्थीले भने।

सुखीपुर नगरपालिका– ८ का सुकन पण्डित र उनकी श्रीमती कल्पनादेवीको अवस्था पनि उस्तै भयो। उनीहरू बिहीबार बिहान करिब पौने ९ बजे जिल्ला प्रशासन कार्यालय पुगेका थिए। कार्यालय पुग्नेबित्तिकै टोकन लिनुपर्ने जानकारी पाए। तर, टोकन काउन्टरमा पुग्दा वितरण बन्द भइसकेको थियो। 'अफिस पुग्दा पौने ९ भयो। टोकन लिनुपर्छ भन्यो। फाँटमा गएर सोधेपछि टोकन बन्द भयो भन्यो,' पण्डितले भने, 'धेरैबेर कुरेर हाकिम सरलाई भेटेँ। उहाँले दिउँसो ४ बजेपछि भइहाल्छ भन्नुभो। हामी बुढाबुढी प्रतीक्षामा बस्यौँ।' तर, ४ बजेपछि पनि उनीहरूको काम भएन। घर फर्किने अवस्था थिएन। कल्पनालाई ढाड दुख्ने र हिँडडुल गर्नसमेत कठिनाइ थियो। उनीहरूले जिल्ला प्रशासन कार्यालयछेउकै निजी घरको बरन्डामा रात बिताए। रातमा कजरी र भुजा खाएर बसे। शुक्रबार बिहान फेरि टोकन लिएपछि करिब ८ बजे उनीहरूको राष्ट्रिय परिचयपत्र बनाउने काम सकियो। त्यसपछि मात्रै उनीहरू घर फर्किएका छन्।

सिराहामा **सुरेन्द्रकुमार कामती**

अतरकुमारी र कल्पनाले जस्तै अहिले सिराहामा राष्ट्रिय परिचयपत्र बनाउन आउने धेरै सेवाग्राहीले टोकनकै लागि घण्टौँ कुर्नुपर्ने अवस्था छ। विशेषगरी वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र शारीरिक रूपमा अशक्त सेवाग्राही बढी समस्यामा छन्। औरही गाउँपालिका- ३, पिपराका भरोसकुमार कामती पनि शुक्रबार बिहान आमासँगै राष्ट्रिय परिचयपत्र बनाउन जिल्ला प्रशासन कार्यालय पुगे। उनी बस्न र उभिनसमेत नसक्ने अवस्थामा छन्। तर, ढिला पुगेका कारण उनले पनि टोकन पाउन सकेनन्।

राष्ट्रिय परिचयपत्र बनाउन मोटरसाइकल भएका सेवाग्राही बिहान ४ बजेदेखि नै जिल्ला प्रशासन कार्यालयको गेटमा पुगेर लाइन लाग्ने गरेका छन्। तर, गाउँबाट सार्वजनिक यातायात चढेर आउने नागरिक त्यति बिहानै सदरमुकाम पुग्न सक्दैनन्। त्यसैले उनीहरू टोकन नपाएर फर्किनुपर्ने बाध्यतामा छन्।

कतिपय सेवाग्राही साना बालबालिकालाई काखमा बोकेरै बिहानैदेखि लाइनमा बस्ने गरेका छन्। जिल्ला प्रशासन कार्यालय सिराहाले बिहान साढे ६ बजेदेखि टोकन वितरण गर्ने गरेको छ। दैनिक करिब तीन सयजनालाई मात्र टोकन दिने गरिएको छ।

राष्ट्रिय परिचयपत्रको आवश्यकता बढ्दै गएपछि सेवाग्राहीको चाप पनि बढेको प्रशासनको भनाइ छ। बैंक खाता अद्यावधिक गर्नेदेखि मतदाता नामावली र राहदानी बनाउनसमेत राष्ट्रिय परिचयपत्र आवश्यक पर्न थालेपछि जिल्लाका विभिन्न स्थानीय तहबाट सेवाग्राही सदरमुकाम आउने क्रम बढेको हो। यही कारण ग्रामीण क्षेत्रका नागरिकका लागि सदरमुकाम पुगेर टोकन लिनु नै ठुलो झन्झट बनेको छ।

● जिल्ला प्रशासन कार्यालय सिराहाका सहायक प्रमुख जिल्ला अधिकारी **चेतनारायण बराल भन्छन्–**

जिल्ला प्रशासन कार्यालय सिराहामा राष्ट्रिय परिचयपत्र दर्ताका लागि चारवटा र इलाका प्रशासन कार्यालय लहानमा दुईवटा गरी जिल्लाभर ६ वटा स्टेसन छन्। अहिले हामी तिनै ६ वटा स्टेसनबाट सेवा दिँदै आएका छौँ। जिल्लाभरिका सेवाग्राही आउँदा भिडभाड बढेको छ। सेवाग्राहीको चापलाई ध्यानमा राख्दै शनिबार र आइतबार पनि एनआइडीको दर्ता गर्दै आएका छौँ। जिल्लाका १७ स्थानीय तहमध्ये बरियारपट्टी, भगवानपुर, गोलबजार, मिर्चैया र कर्जन्हामा स्थायी रूपमा दर्ता स्टेसन स्थापना गर्ने तयारी भइरहेको छ।

युवा अभियन्ता जितेश कर्ण सरकार एकातिर नागरिकलाई सहज सेवा दिने र राहदानीसमेत घरमै पुऱ्याउने दाबी गर्ने, अर्कोतिर राष्ट्रिय परिचयपत्रका लागि नागरिकले दुःख पाउँदा मौन बस्ने गरेको बताउँछन्। उनका अनुसार राज्यले सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने हो भने राष्ट्रिय परिचयपत्रको सेवा पनि स्थानीय तहसम्म पुऱ्याउनुपर्छ।

अधिकारकर्मी ओमप्रकाश साह 'मुन्ना' पनि वृद्धवृद्धा, अपांगता भएका तथा शारीरिक रूपमा अशक्त नागरिकलाई स्थानीय तहमै राष्ट्रिय परिचयपत्र बनाउने व्यवस्था गर्नुपर्ने बताउँछन्। 'सरकारले नागरिकको सुविधालाई ध्यान दिई मातहतको कार्यालयलाई निर्देशन दिनुपर्छ,' उनले भने, 'वर्तमान सरकारसँग नागरिकको अपेक्षा निकै छ। त्यही भएर सरकारी सेवा-सुविधा नागरिकमैत्री बनाउनुपर्छ। नागरिकलाई दुःख दिनुभएन।'

स्थानीय तहमध्ये केहीमा स्थायी केन्द्रको तयारी

जिल्ला प्रशासन कार्यालय सिराहाका सूचना अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी चेतनारायण बरालका अनुसार बैंकहरूले राष्ट्रिय परिचयपत्र अनिवार्य गर्न थालेपछि सेवाग्राहीको चाप बढेको हो। हाल जिल्ला प्रशासन कार्यालयमा बिहानै ठुलो संख्यामा सेवाग्राही आउने गरेका छन्। सेवाग्राहीको सहजताका लागि बिहान ७ बजेदेखि दर्ताको काम सुरु गर्ने गरिएको छ।

जिल्ला प्रशासन कार्यालय सिराहामा राष्ट्रिय परिचयपत्र दर्ताका लागि चारवटा स्टेसन छन्। त्यस्तै, इलाका प्रशासन कार्यालय लहानमा दुईवटा स्टेसन छन्। जिल्लाभर अहिले ६ वटा स्टेसनबाट सेवा दिइँदै आएको छ। 'जिल्लाभरिका सेवाग्राही आउँदा भिडभाड बढेको छ। सेवाग्राहीको चापलाई ध्यानमा राख्दै शनिबार र आइतबार एनआइडीको दर्ता भइरहेको छ,' बरालले भने।

सेवाग्राहीको चाप घटाउन जिल्ला प्रशासन कार्यालयले स्थानीय तह र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समन्वय गरिरहेको जनाएको छ। शनिबार र आइतबारसमेत राष्ट्रिय परिचयपत्र दर्ता गर्ने व्यवस्था गरिएको छ। जिल्लाका १७ स्थानीय तहमध्ये बरियारपट्टी गाउँपालिका, भगवानपुर गाउँपालिका, गोलबजार नगरपालिका, मिर्चैया नगरपालिका र कर्जन्हा नगरपालिकामा स्थायी रूपमा नयाँ दर्ता स्टेसन स्थापना गर्ने तयारी भइरहेको प्रशासनले जनाएको छ। यसरी स्थानीय तहमा सेवा विस्तार भएमा वृद्धवृद्धा, अपांगता भएका व्यक्ति तथा सार्वजनिक यातायातमा निर्भर सेवाग्राहीलाई सदरमुकाम धाउनुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ।

सुदूरपश्चिम सरकारका प्राथमिकता समेटेर बजेट पुनर्लेखन गर्ने निर्णय

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सरकारले बजेट पुनर्लेखन गर्ने निर्णय गरेको छ। शनिबार बसेको मन्त्रिपरिषद् बैठकले नवगठित सरकारका प्राथमिकता समेटेर बजेट पुनर्लेखनसहित परिमार्जन गर्ने अधिकार आर्थिक मामिला मन्त्रालयलाई दिने निर्णय गरेको हो।

सरकारका प्रवक्ता एवं उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री प्रकाश रावलले प्रदेश सभामा पेस भएको बजेट परिमार्जनसहित छिट्टै ल्याउने तयारी रहेको बताए। उनका अनुसार बजेटमा समावेश चालूतर्फका सबै कार्यक्रम तथा पुँजीगततर्फका बहुवर्षीय र क्रमागत योजनालाई निरन्तरता दिइनेछ। 'पुँजीगततर्फका केही कार्यक्रम समावेश गरेर अहिलेकै बजेटलाई परिमार्जन गरेर ल्याउने हो,' मन्त्री रावलले भने, 'आर्थिक मामिला मन्त्रालयले मन्त्रालयहरूलाई सिलिङ वितरण गर्छ। त्यसको सीमाभित्र रहेर मन्त्रालयहरूले पुँजीगततर्फका योजना समावेश गर्छन्।' बजेट पारित नहुँदै सरकार परिवर्तन भएकाले नयाँ सरकारले आफ्ना प्राथमिकता बजेटमा समावेश गर्न खोज्नु स्वाभाविक भएको उनले बताए।

● **प्रकाश रावल, मन्त्री**
उद्योग, पर्यटन, वन तथा वातावरण

पुँजीगततर्फका केही कार्यक्रम समावेश गरेर अहिलेकै बजेटलाई परिमार्जन गरेर ल्याउने हो। आर्थिक मामिला मन्त्रालयले मन्त्रालयहरूलाई सिलिङ वितरण गर्छ। त्यसको सीमाभित्र रहेर मन्त्रालयहरूले पुँजीगततर्फका योजना समावेश गर्छन्।

निवर्तमान आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले गत १ असारमा ३७ अर्ब ७० करोडको बजेट प्रदेश सभामा पेस गरेका थिए। तर, बजेट पारित नहुँदै सरकार अल्पमतमा पऱ्यो। संविधानअनुसार असार मसान्तभित्र बजेट पारित भइसक्नुपर्ने हो। तर, सरकार अल्पमतमा परेसँगै बजेट अलपत्र परेपछि १ साउनदेखि सुदूरपश्चिम बजेट शून्यताको अवस्थामा छ।

बजेट शून्यता हुँदा सरकारले कुनै पनि प्रकारको खर्च गर्न पाएको छैन। कर्मचारीको तलब रोकिएको छ। सामयिक राजस्व संकलनसम्बन्धी ऐनका आधारमा सरकारले राजस्व भने संकलन गरिरहेको छ। नवगठित सरकारले भदौ मसान्तभित्रै बजेट ल्याउने गरी तयारी भइरहेको दाबी गर्दै आएको छ। यसअघि शुक्रबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरूको सर्वदलीय बैठकले प्रदेशमा देखिएको बजेट शून्यताको अवस्थालाई मध्यनजर गर्दै बजेट निर्माण प्रक्रिया तत्काल अघि बढाउने सहमति गरेको थियो। बजेट निर्माण प्रक्रियालाई तीव्र रूपमा अगाडि बढाउन दलहरूले सरकारलाई सुझाव दिएका थिए।

बजेट विवादलाई लिएर एमालेले समर्थन फिर्ता लिएपछि तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकार ढलेको थियो। नेकपा र एमालेको गठबन्धन बनेपछि नेकपा संसदीय दलका नेता खगराज भट्ट गत २९ साउनमा मुख्यमन्त्री नियुक्त भएका थिए।

संक्षेप

सल्यान र रामेछापका छुट्टाछुट्टै दुर्घटनामा पाँचजनाको मृत्यु

नयाँ पत्रिका

सल्यान र रामेछापमा शनिबार भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँचजनाको मृत्यु भएको छ। सल्यानको त्रिवेणी गाउँपालिका- ५ सिम्कमा बोलेरो दुर्घटनामा तीन र टाट्केमा भएको मोटरसाइकल दुर्घटनामा एक गरी चारजनाको मृत्यु भएको प्रहरीले जनाएको छ। त्रिवेणी गाउँपालिका- ५ सिम्कबाट दाङ तुलसीपुर जाँदै गरेको लु.प्र ०२००१ ज ०००५ नम्बरको बोलेरो सिम्कमा दुर्घटना हुँदा त्रिवेणी गाउँपालिका- ६ पोखरीका आठ वर्षीय रेशम बुढाथोकी र वडा नम्बर ५ सल्लेकी १८ वर्षीया विपना बुढाथोकी र सिम्कका ५० वर्षीय डिल्लीबहादुर वलीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। रेशम र विपनाको सल्यान जिल्ला अस्पताल र वलीको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक तथा सूचना अधिकारी देवराज भट्टराईले जानकारी दिए। दुर्घटनामा अत्य तीनजना घाइते भएका छन्। यस्तै, सल्यान त्रिवेणी गाउँपालिका- ३ टाट्केमा मोटरसाइकल दुर्घटना हुँदा दाङको शान्तिनगर गाउँपालिका- १ पेदीखोलानिवासी अन्दाजी ३५ वर्षीया जिता केसीको मृत्यु भएको छ।

त्यसैगरी, रामेछाप बजारबाट सदरमुकाम मन्थलीतर्फ आउँदै गरेको बाप्र०१-०२६ च ४९१३ नम्बरको गाडी दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ। दुर्घटनामा दोलखाको भीमेश्वर नगरपालिका- ३ का ३० वर्षीय प्रदीप तामाङ र उनका भाइ २८ वर्षीय सञ्जित तामाङ घाइते भएका थिए। प्रदीपले चलाएको गाडी रामेछाप नगरपालिका- ८ बाबियाखर्कको बिटारको भित्री सडक खण्डबाट करिब २५० मिटर तल सुकाजोर खोला किनारमा खसेको थियो। दुर्घटनामा घाइते भएकाहरूको तत्काल स्थानीय र प्रहरीको टोलीले मन्थली अस्पताल लगेकोमा उपचारका क्रममा सञ्जितको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी कमल राउतले बताए।

नेपाल-चीन सहकार्य अझ विस्तार गर्नुपर्नेमा जोड

काठमाडौं/ नेपाल र चीनका अधिकारीहरूले द्विपक्षीय सहकार्य अझ विस्तार गर्दै जानुपर्नेमा जोड दिएका छन्। प्राकृतिक विपत्तिका साथै समृद्धिको यात्रामा सहकार्य थप सहकार्य गर्दै जानुपर्ने आवश्यकता उनीहरूले औँल्याएका छन्। काठमाडौंमा शनिबार सुरु भएको दुईदिने 'काष्ठमण्डप संवाद २०२६' उद्घाटन समारोहमा पूर्वप्रधानमन्त्री झलनाथ खनाल, परराष्ट्रमन्त्री शिशिर खनाल र चिनियाँ राजदूत झाङ माओमिङले दुई देशबिचको सहकार्य आर्थिक अवसर र समृद्धिका लागि महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छन्। संवादमा राजनीतिक दलका नेताहरूको सेसनका साथै विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम छ। पूर्वप्रधानमन्त्री खनालले विपत्का समयमा सहायता उपलब्ध गराएकोमा चीनलाई धन्यवाद दिँदै समृद्धि र प्रतिकूलता दुवै अवस्थामा नेपालसँग उभिने भरपर्दो मित्रका रूपमा चीनलाई चित्रण गरे। विश्वव्यापी तापक्रम वृद्धि र सीमापार पारिस्थितिक जोखिमसँग सम्बन्धित विपत्लाई नेपालको आन्तरिक समस्याका रूपमा मात्र बुझ्न नहुने उनले बताए।

परराष्ट्रमन्त्री शिशिर खनालले हिमाली विपत्प्रति दुःख व्यक्त गर्दै विपत्का वेला मानवीय सहायता र ऐक्यबद्धता प्रदान गरेकोमा चीनलाई धन्यवाद दिए। सीमाले देशहरूलाई छुट्याए पनि हिमालय र यसको पारिस्थितिक प्रणाली अन्तरसम्बन्धित रहेको उनले बताए। वातावरणीय जोखिम र विपत् राष्ट्रिय सीमाभित्र मात्र सीमित नरहने भन्दै उनले साझा उत्तरदायित्व, समन्वित पूर्वतयारी र क्षेत्रीय सहकार्यको आवश्यकता औँल्याए। नेपाल-चीन सम्बन्धबारे चर्चा गर्दै भूगोलले मात्र सम्बन्धको भविष्य निर्धारण नगर्ने बताए। चिनियाँ राजदूत माओ मिङले गत १० भदौमा नेपालमा आएको पहिरो र बाढीबाट भएको क्षतिप्रति गहिरो सहानुभूति व्यक्त गर्दै नेपाललाई प्रदान गरिएको सहयोगको विवरण सार्वजनिक गरे। उनका अनुसार चीनले नेपाललाई अमेरिकी डलर २४ लाख नगद सहायता उपलब्ध गराउनुका साथै ड्रोन, बेली पुल, डिएनए परीक्षण उपकरण र उद्धार डुंगासहित राहत सामग्री तथा सुरुङ उद्धार, डिएनए र फरेन्सिक पहिचानसम्बन्धी २४ जना विज्ञ पठाइएको जनाए।

आकर्षक स्वयम्भूनाथ स्तुपा



लगातारको वर्षा रोकिएसँगै शनिबार बिहान कीर्तिपुरबाट देखिएको स्वयम्भूनाथ स्तुपा। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

एमालेको कार्यदल आवासीय छलफलमा

सोमबारसम्म एकीकृत प्रतिवेदन बनाउने कार्यदलको सहमति

नयाँ पत्रिका

चुनाव समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलमा आएका दुई समानान्तर प्रतिवेदन मिलाएर एउटै प्रतिवेदन बनाउने तयारीका लागि एमालेले शनिबारबाट आवासीय छलफल थालेको छ।

उपाध्यक्ष तथा कार्यदल संयोजक रामबहादुर थापा बादल र महासचिव शंकर पोखरेलको अलग-अलग प्रतिवेदनलाई एकीकृत रूप दिन १५ सदस्यीय कार्यदलमा रहेका नेताहरू काभ्रेको पनौती पुगेका छन्। पनौतीस्थित एक होटेलमा आवासीय छलफल गरेर सोमबारभित्र प्रतिवेदनलाई अन्तिम रूप दिने कार्यदलको सहमति छ।

प्रचार विभाग प्रमुख नीरज आचार्यले प्रतिवेदन तयारीका लागि शनिबारबाट आवासीय छलफल सुरु भएको जानकारी दिँदै सोमबारभित्र पार्टी हितलाई केन्द्रविन्दुमा राखेर कार्यदलले प्रतिवेदन तयार पार्ने र त्यसपछि सचिवालय हुँदै केन्द्रीय कमिटी बैठकमा छलफलका लागि प्रस्तुत हुने जानकारी दिए। 'नेताहरूले सोमबारभित्र प्रतिवेदन बनाइसकेर फर्किनुहुन्छ,' आचार्यले भने, 'पार्टी हितलाई केन्द्रविन्दुमा राखेर प्रतिवेदन बन्नेछ।'

केन्द्रीय कार्यालय, च्यासलमा शुक्रबार बसेको बैठकले शनिबारदेखि लगातार आवासीय छलफल गरेर दुवै दस्तावेज अध्ययन गर्ने र सहमतिका आधारमा एउटै प्रतिवेदन तयार गर्ने निर्णय गरेको थियो। कार्यदलबाट पारित प्रतिवेदन केन्द्रीय सचिवालय बैठक हुँदै आगामी ५ देखि ७ असोजका लागि बोलाइएको केन्द्रीय कमिटी बैठकमा छलफलका लागि प्रस्तुत गर्ने तयारी छ।

शुक्रबारको कार्यदल बैठकमा उपाध्यक्ष विष्णु पौडेलसहितका केही नेताले अर्का उपाध्यक्ष थापाको कार्यशैलीमाथि खुलेर आलोचना गरेका थिए। कार्यदलका संयोजकसमेत रहेका थापाले महासचिव पोखरेललाई 'काउन्टर' दिँदै अलग प्रतिवेदन बनाएर पेस गरेपछि नेताहरू उनीप्रति आक्रोशित भएका थिए। आलोचना गर्ने नेताहरूले केन्द्रीय सचिवालय र यसअघिको कार्यदल बैठकको निर्णयविपरीत थापाको प्रतिवेदन आएको बताएका थिए। १५ सदस्यीय कार्यदलमा पार्टी पुनर्गठनका क्रममा अध्यक्ष केपी ओलीलाई हटाउनुपर्ने र हटाउन नहुने दुवै मत राख्ने नेता रहे पनि थापाले पार्टीको निर्णयको मर्म नै नबुझेको भन्दै आलोचना भइरहेको छ।

सडक सम्पर्क जोड्न भारतले दियो तीनवटा ७० मिटरका मोड्युलर पुल

मकवानपुरमा **पोष्टराज अधिकारी**

भोटेकोशी बाढीबाट क्षतिग्रस्त सडक तथा पुलका कारण अवरुद्ध सडक सम्पर्क तत्काल सञ्चालन गर्न भारत सरकारले नेपाललाई तीनवटा ७० मिटर लम्बाइका मोड्युलर पुल उपलब्ध गराएको छ। बाढी प्रभावित क्षेत्रमा जडान गर्न ल्याइएका पुलका सामग्री ४८ वटा गाडीमा शनिबार हेटौँडा आइपुगेपछि भारतीय दूतावासले सडक डिभिजन कार्यालय हेटौँडालाई हस्तान्तरण गरेको हो।

भारतीय दूतावासका प्रथम सचिव नारायण सिंहले तीनवटै पुलका सामग्री सडक डिभिजन कार्यालय हेटौँडाका प्रमुख किरणकुमार कार्कीलाई हस्तान्तरण गरे। भारतबाट उपलब्ध गराइएका तीनवटै पुलका सामग्री ४८ वटा गाडीमा हेटौँडा ल्याइएको हो।

सडक डिभिजन हेटौँडाले ती सामग्रीलाई प्रभावित क्षेत्रको आवश्यकता र प्राविधिक अवस्थाको मूल्यांकन गरी सम्बन्धित स्थानमा पठाउनेछ। तीनवटै पुल ७० मिटर लम्बाइका र एकतर्फी आवागमनका लागि प्रयोग हुने मोड्युलर पुल हुन्। आवश्यक स्थानमा जडान गरेर पक्की पुल निर्माण नहुँदासम्म यस्ता पुलबाट अस्थायी रूपमा सडक सम्पर्क कायम गर्न सहज हुने डिभिजन प्रमुख किरणकुमार कार्कीले बताए। उनका अनुसार

हेटौँडा सडक डिभिजन प्रमुख किरणकुमार कार्कीलाई मोड्युलर पुल हस्तान्तरण गर्दै भारतीय दूतावासका प्रथम सचिव नारायण सिंह

बाढीबाट रसुवा र चितवनबिचका ४१ वटा मोटरेबल पुलमा क्षति पुगेको छ। पक्की पुल निर्माणका लागि अध्ययन, डिजाइन, बजेट व्यवस्थापन र निर्माण प्रक्रिया पूरा गर्न लामो समय लाग्ने भएकाले तत्कालका लागि बेली तथा मोड्युलर पुल जडान गरेर सडक सम्पर्क सञ्चालन गर्ने कामलाई प्राथमिकता दिइएको कार्कीले बताए। उनका अनुसार बाढीबाट कतिपय पुल पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने कतिपयमा आंशिक क्षति पुगेको छ। 'अहिलेको अप्ठ्यारो अवस्थामा तुरुन्तै कनेक्टिभिटी रिस्टोर गर्न बेलिब्रिजजस्तो अर्को उपाय छैन,' उनले भने, 'भारतबाट प्राप्त पुललाई आवश्यकताअनुसार प्रभावित क्षेत्रमा पठाएर सडक सम्पर्क जोड्ने काम अघि बढ्छ।'

पुल हस्तान्तरण गर्दै भारतीय दूतावासका प्रथम सचिव नारायण सिंहले भोटेकोशी बाढीबाट नेपालमा ठुलो जनधनको क्षति भएकामा भारत दुःखी रहेको बताए। यद्यपि, विपत्को कठिन समयमा नेपाललाई सहयोग गर्न पाउनु भारतका लागि खुसीको विषय भएको उनको भनाइ थियो। उनले भारतबाट उपलब्ध गराइएका पुलले बाढीका कारण सडक सम्पर्कविच्छेद भएका स्थानमा आवागमन सहज बनाउन तथा अत्यावश्यक सामग्री ढुवानीमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

'यो सहयोगले बाढीका कारण सम्पर्क टुटेका स्थानलाई जोड्न र आवश्यक सामग्री ल्याउन-लैजान सहयोग पुग्ने विश्वास लिएका छौँ,' उनले भने, 'नेपाललाई विपत्का क्षेत्रमा आवश्यक पर्ने अन्य सहयोग सामग्री पनि हामी निरन्तर उपलब्ध गराउँदै जानेछौँ।' उनका अनुसार नेपाल विपत्बाट पूर्ण रूपमा बाहिर नआउँदासम्म भारतले आवश्यक सहयोगलाई निरन्तरता दिनेछ।

बागमती प्रदेशका मुख्मयन्त्री किरण थापाले काठमाडौंको फुन्सोक छोलिङ गुम्बा (एलो गुम्बा)मा आश्रय लिइरहेका रसुवाका बाढी प्रभावितहरूलाई भेटेका छन्। उनले शनिबार रसुवाका १७५ घरधुरीका ५२० जनासँग भेट गरेका हुन्। उनले विस्थापित परिवारसँग उनीहरूका समस्या, गुनासा र तत्काल आवश्यकताबारे जानकारी लिएका थिए।

आइतबार २८ भदौ ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

प्राकृतिक प्रकोपमा संविधानले के भन्छ ?

संविधानले प्राकृतिक प्रकोपमा जोखिम न्यूनीकरण, उद्धार, राहत वितरण अनि पुनर्स्थापना गर्नू भनेर सरकारलाई प्रस्ट निर्देशन दिएको छ

● बलराम केसी

अग्रलेख

भोटेकोशी बाढीबाट हजारौँ बेपत्ता छन् । ज्यान गुमाएका र घरबारविहीन नागरिक हजारौँ छन् । बालबालिका टुहुरा भएका छन् । बाबुआमाले छोराछोरी गुमाएका छन् । बाँचेकाहरूले नागरिकता, राहदानी, जग्गाधनी प्रमाणपुर्जाजस्ता अत्यावश्यक परिचयात्मक कागजात गुमाएका छन् । तिनमा अब बस्ने, खाने, लाउने, पढ्ने पीडा थपिएको छ । एमालेबाहेकका दलहरूले बाढीपीडितका लागि सरकारलाई आर्थिक सहायता दिएका छन् । विभिन्न राष्ट्र, अन्तर्राष्ट्रिय समुदाय र अन्तर्राष्ट्रिय संघसंस्थाले लत्ताकपडा, औषधि, खाद्य सामग्री पठाएका छन् । नेपालका बैंक, उद्योगी र अन्य संघसंस्थाले पनि आर्थिक सहयोग गरेका छन् ।

पछिल्ला १२ वर्षमा ठुलो क्षतिका हिसाबमा १० भदौको विपत् पाँचौं हो । यसअघिको चौथो विपत्मा सरकार एमाले नेतृत्वको थियो, कांग्रेस साझेदार थियो । नक्खु खोलामा जलमग्न भएर टिनको टहराको छतमा बचाऊ बचाऊ भनेर गुहार माग्दै थिए प्रभावितहरू । मन्त्रीहरू त्यही बाटो गुड्थे, तर उद्धार गरेनन् । यसपटकको बाढीमा सरकारले उद्धार गऱ्यो । राहत दिँदै छ । अब पुनर्स्थापना पनि गर्ला ।

सरकारले दिनहुँ सयौं नीतिगत निर्णय गर्छ । नियमित निर्णयमा काम देखिँदैन । तर, प्राकृतिक प्रकोपमा सरकारले जोखिम न्यूनीकरण कसरी गऱ्यो, उद्धार कसरी गऱ्यो, राहत कसरी वितरण गऱ्यो भन्ने प्रस्ट देखिन्छ । बिस्तारै हुने पुनर्स्थापना पनि देखिँदै जाने विषय हो । विपत्मा सरकारको कामको मूल्यांकन संविधानको धारा ५१ (६) (९) को कार्यान्वयनबाट देखिन्छ । संविधानले प्राकृतिक प्रकोपमा जोखिम न्यूनीकरण, उद्धार, राहत वितरण अनि पुनर्स्थापना गर्नू भनेर सरकारलाई प्रस्ट निर्देशन दिएको छ । अन्य देशको संविधानमा हाम्रो संविधानको धारा ५१ (६) (९) हुँदैन । कार्यकारी अधिकारअन्तर्गत उद्धार हुन्छ त्यहाँ । राहत पुऱ्याउँछन् र पुनर्स्थापना गर्छन् । बालेन सरकारले बाढीले टुहुरा बनाएका बालबालिकालाई तिनका बाबाआमा दिन सक्दैन, बालबच्चा गुमाएकालाई अभिभावकलाई सन्तान फर्काइदिन सक्दैन, तर धारा ५१ (६) (९) को अक्षरशः कार्यान्वयन गरेर भोटेकोशी बाढीबाट पीडित बालबालिका, बाबुआमा र अन्य बासिन्दाका लागि देहायका आठ काम गर्न सक्छ ।

१) बाढीबाट पीडित पुनर्स्थापनासम्बन्धी ऐन बनाउनुपर्छ ।

२) बाढीले बगाएकाहरूको नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, जग्गाधनी प्रमाण पुर्जालगायत कागज सरल तरिकाले घरघरमै उपलब्ध गराउनुपर्छ । रकमी पाराले पीडितले ती कागजात पाउन सक्दैनन् । ती कागज नभए सुविधा पाउँदैनन् ।

३) बाढीपहिरोबाट पीडित बालबच्चा १८ वर्ष पूरा नहुन्जेल सरकारले निःशुल्क पढाइदिने व्यवस्था गर्नुपर्छ ।

४) बाढीपीडितलाई सरकारी बजेटबाट घामपानी छेक्ने वास बनाइदिएर घरधनी प्रमाणपुर्जा उपलब्ध गराइदिनुपर्छ ।

५) पुनर्स्थापनापछि सरकारले पुनर्स्थापितलाई जिविका चलाउनका लागि (सदाका लागि होइन) केही रकम उपलब्ध गराउनुपर्छ ।

६) बालबालिकालाई डिप्रेसनमा जान नदिन सरकारले तालिम प्राप्त टोली बनाएर काउन्सिलिङ सुविधा दिइरहनुपर्छ ।

७) सरकारले बालबालिकाको यौनशोषण नहोस् भनेर विशेष चनाखो हुनुपर्छ ।

८) बाढीका कारण बिरामी परेकाहरूको निःशुल्क उपचारको जिम्मा सरकारले लिनुपर्छ । धारा ५१ (६) (९) को उद्देश्य यही हो ।

नेपालको बनोट भुइँचालोका लागि 'रिङ अफ फायर'मा परेको, 'मनसुनमा बाढीपहिरो आउने' र 'हिमताल फुट्ने' जोखिम भएकाले नै संविधान निर्माताले धारा ५१ (६) (९) राखेका हुन् । प्राकृतिक कारणले कुनै पनि नेपाली शिक्षा र आवासको हकबाट वञ्चित हुनुहुँदैन भनेर संविधानका फाउन्डिङ फादरले प्राकृतिक प्रकोप पऱ्यो भने अविलम्ब धारा ५१ (६) (९) कार्यान्वयन गर भनेर सरकारलाई 'निरन्तर परमादेश' (कन्टिन्युइङ मेन्डामस) दिएको हो । धारा ५१ (६) (९) को मर्म, भावना, उद्देश्य र आवश्यकता बालेन सरकारले पनि पक्कै बुझेको हुनुपर्छ ।

गणतन्त्रका सरकारभन्दा वर्तमान सरकार भिन्न र फरक छ र हुनु पनि पर्छ । बालेन शाहको सरकारले पहिलोपटक भोटेकोशी बाढीलाई जलवायु परिवर्तनका कारण सिर्जित विपत् भनेर अन्तर्राष्ट्रिय समुदायसँग क्षतिपूर्तिको दाबी गर्ने कुरा उठाउने भनेको छ । यो राम्रो कुरा हो । संयुक्त राष्ट्र संघको साधारण सभामा सम्बोधन गर्न प्रधानमन्त्री बालेन शाह जाँदै हुनुहुन्छ । नेपालका प्रधानमन्त्रीले सम्बोधन गर्ने भनेकाले अनुकूल हुने कार्यतालिका नै संशोधन गरियो भनिएको छ । साधारण सभामा सम्बोधन गर्दा अमेरिकी राष्ट्रपतिको सम्बोधन सुन्न हलमा खचाखच उपस्थिति हुने गर्छ । अन्य देशका प्रतिनिधिको सम्बोधनमा त्यस्तो भिडभाड हुँदैन । विगतका वर्षमा नेपाली प्रनिनिधिको सम्बोधनमा मानिस गन्न सकिने खालको शून्यता देखिन्थ्यो । यसपटक नेपालका प्रधानमन्त्रीको सम्बोधनमा श्रोताको उपस्थिति केही भिन्न देखिन सक्छ । प्रधानमन्त्री सम्बोधनलगत्तै फर्कनुहुँदैन । अमेरिकी राष्ट्रपतिले दिने रात्रिभोजमा सम्मिलित भएर अमेरिकालगायत राष्ट्रप्रमुखसँग 'सोसियलाइज' हुनुपर्छ, एक्लिनुहुँदैन । सकिन्छ भने अमेरिकी राष्ट्रपतिसँग साइडलाइन वार्ता गर्ने प्रयत्न गरौँ । आजसम्मको तपाईंको लोकप्रियताले असम्भव केही छैन ।



> विपत् आउला र त्यसपछि उद्धार गरौँला भनेर पर्खने होइन । विपत् आउनुअगाडि नै धारा ५१ (६) (९) को भावना बुझेर सरकार जोखिम न्यूनीकरण, उद्धार, राहत र पुनर्स्थापनाका लागि तयार रहनुपर्छ ।

यतिखेर सरकारको आलोचना होइन, उसलाई काम गर्न दिनुपर्छ । चुनाव हारेको रिस सरकारमाथि पोख्नुहुँदैन । आफू अलोकप्रिय भइएछ, जनताले पत्याएनछन् र चुनाव हारिएछ भन्ने बुझ्नुपऱ्यो । बालेन सरकारको रिस गर्नुहुँदैन । मौका पाउँदा केही गर्न नसक्ने, चुनाव हार्ने र हारेको होइन, हराइयो भनेर कुप्रचार गर्नु आत्मघाती गोल हो । रास्वपाको सरकार, बालेन साहको प्रधानमन्त्रीत्वले आमजनतामा आस पलाएको छ । तर, प्रधानमन्त्रीको कार्यशैलीमा केही सुधार भने आवश्यक छ । हाल कार्यशैली र स्वभाव केही हदसम्म अलोकतान्त्रिक, गैरसंसदीय र गैरराजनीतिक 'कल्चर' भन्न सकिने झझल्को देखिएको छ । यी तीन अपवाद हुँदा पनि १९ भदौको बाढीमा नेपाललाई आर्थिक सहयोग गर्न अन्तर्राष्ट्रिय समुदाय तयार छ । नेपाललाई के आवश्यक छ, हामी दिन्छौँ भन्दै छन् । यसअघिका सरकारलाई अन्तराष्ट्रिय समुदायले यसरी महत्त्व दिएको थिएन । यसअघि नेपालका प्रधानमन्त्रीले अमेरिकामा भारतीय प्रधामन्त्रीलाई भेट्न खोजिखोजी हिँड्नुपरेको सुनिएको थियो । तर, बालेन शाहलाई भेट्न अन्तर्राष्ट्रिय समुदाय पछि लागेको छ । बालेन सरकारको कार्यशैली लोकतान्त्रिक, संसदीय र राजनीतिक देखियो भने अन्तर्राष्ट्रिय समुदायसँग 'सोसियलाइज' हुने हो भने बाढीले ध्वस्त संरचना पुनर्निर्माणका लागि रकम स्रोतसाधन, पैसा, मसिनरी आदिको कमी नहुन सक्छ । यसका लागि प्रधानमन्त्रीमा कूटनीतिक दक्षताको खाँचो देखिन्छ ।

संविधानको राम्रो पक्ष भाग-४ 'राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व' हो । खासगरी धारा ५१(६)(९) को निर्देशक सिद्धान्त भनेको राज्यको नीति चुनाव जितेर सरकार बनाउने दलको घोषणापत्रमा पर्ने विषय हो । निर्देशक सिद्धान्त र नीति भनेको कार्यपालिकाको शासन व्यवस्थासम्बन्धी कल्याणकारी राज्यका लागि अलिखित जिम्मा, कर्तव्य, दायित्व र अधिकार हो । कल्याणकारी राज्यको बिउ नै दलको घोषणापत्र र राज्यका निर्देशक सिद्धान्त र नीतिबाट रोपिन्छ ।

०७२ को भूकम्प यस्ता प्रकोप आइरहने 'वार्निङ बेल' थियो । तत्कालीन सरकारले धारा ५१ (६) (९) अनुसार तयारी गर्ने पूर्वाधार बनाउनुपर्थ्यो । भुइँचालो यस्तो प्रकोप हो, जापानजस्तो देशमा पनि यसबारे भरपर्दो पूर्वसूचना हुँदैन । विपत् आउला र त्यसपछि उद्धार गरौँला भनेर पर्खने होइन । विपत् आउनुअगाडि नै सरकारले धारा ५१ (६) (९) को भावना बुझेर जोखिम न्यूनीकरण, उद्धार, राहत र पुनर्स्थापनाका लागि तयार रहनुपर्छ ।

कोरोनामा गुपचुप गरेर लकडाउन गरियो । जिल्ला-जिल्लाबाट कैयौँ नागरिक काठमाडौंमा मजदुरी गर्न आएका थिए । विनासूचनाको लकडाउनले सयौँ भोकमरीमा परे । घर जान पाएनन् । भारतले दिएको कोरोनाको भ्याक्सिनसमेत सरकारले लगाउन सकेन । म्याद नाघेपछि कैयौँ 'भाइल' जलाइएको सार्वजनिक नै छ । तत्कालीन सरकारले धारा ५१ (६) (९) को कार्यान्वयन गरेर विपत् आइपर्दा स्वतः कार्यान्वयन हुने संयन्त्र विकास गर्नुपर्थ्यो । आज पाँचौं महाविपत् आउँदा पनि कुनै संयन्त्र छैन ।

सरकारले प्राकृतिक विपत् रोक्न सक्दैन, तर आइहाल्यो भने क्षति न्यूनीकरण गर्नका लागि संयन्त्र गठन गर्नुपर्छ । जापान, ताइवान, चीन, इन्डोनेसिया, फिलिपिन्स, टर्कीलगायत देशमा भुइँचालो गइरहन्छ । भारत, बंगलादेश, श्रीलंका, अमेरिकामा 'हरिकेन' आइरहन्छ । ती देशमा झारा टारेर मन्त्रिपरिषद्ले एक महिनाको तलब दिएर पन्छँदैनन् । ती देशमा यस्तो संयन्त्र विकास गरिएको छ कि प्राकृतिक प्रकोप आयो भने स्वतः स्वचालित हुने संयन्त्र विकास गरिएको छ ।

बितेका घटना र बितेका सरकारको अक्षमताका कारण आजको विपत्मा जनताले दुःख पाएका हुन् । आज सरकार नयाँ छ । जोसिलो छ । जाँगरिलो छ । जवान छ । भिजन छ । अब यो सरकारले धारा ५१ (६) (९) को चारै अवस्था तयारी, उद्धार, राहत र पुनर्स्थापना भनेको आएपछि तयारी होइन, आउनुअगाडिकै तयारी हो भन्ने सोच स्थापित गर्न सक्नुपर्छ । यसका लागि आजको जस्तो 'एडहक मेकानिजम' होइन, कार्यविभाजन नियमावलीअन्तर्गत सरकारले 'प्राकृतिक प्रकोप मन्त्रालय' अथवा आपत्कालीन मन्त्रालय, नाम जे राखे पनि धारा ५१ (६) (९) को स्पिरिटअनुसार छुट्टै मन्त्रालय गठन गर्नुपर्छ । मन्त्रालय गठन गर्न सकेमा विपत्पछिको उद्धार, राहत र पुनर्स्थापना प्रभावकारी हुन्छ । अमेरिकामा '०९/११' अगाडि गृह मन्त्रालयको नाम 'डिपार्टमेन्ट अफ इन्टेरियर' थियो । ०९/११ पछि जहाज अपहरणलाई ध्यानमा राखेर 'होमल्यान्ड सेक्युरिटी' गठन गरियो । त्यसले 'टिएसए' जन्मायो । त्यसले गर्दा आज अमेरिकामा दोस्रो ०९/११ सम्भव छैन ।

अन्त्यमा वर्तमान सरकारले धारा ५१ (६) (९) कार्यान्वयन गरेको छ । यसैअनुसार गर्दै जाने हो भने भविष्यमा आउने सम्भावित प्रकोपबाट नेपाल धेरै हदसम्म जोगिनेछ ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

नुवाकोटका प्रमुख जिल्ला अधिकारी **शम्भुप्रसाद रेग्मी**लाई

भोटेकोशी बाढीबाट प्रभावित बालबालिकाको पठनपाठन सुरु गर्ने तयारी कस्तो छ ?

बाढीका कारण बुबाआमा गुमाएका बालबालिकाका हकमा चाहिँ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र बाल संगठनले जिम्मा लिने विषयमा एकखालको सहमति भएको सुनेको छु । सायद अब छिटै निकास निस्केला । बुबाआमा साथमा भएका अन्य बालबालिकाको हकमा चाहिँ सम्बन्धित पालिका र विभिन्न संघसंस्थाले पनि पठनपाठनको विषयमा चासो राखेका छन् । अहिले कैयौँ विद्यालय ध्वस्त भएका छन् । पहिले ती विद्यालय सञ्चालनमा रहेका स्थानमा विद्यालय भवन बनाउन सम्भव देखिन्न । अर्कातिर कैयौँ विद्यालय यतिखेर 'होल्डिङ सेन्टर' बनेका छन् । ती विद्यालय खाली नहुँदा त्यहाँ पनि पठनपाठन सुरु हुन सक्ने अवस्था छैन । बालबालिकाको पठनपाठन सुरु गर्ने विषयमा दातृ संस्था, पालिका र प्रदेश सरकारसित पनि छलफल भएको छ । तर, यसै गर्ने भनेर ठोस निर्णय भने भइसकेको छैन ।

ध्वस्त भएका विद्यालय पुनर्निर्माण कसरी गर्नुपर्ला ?

यसअघि विद्यालय भवन रहेका स्थानमै पुनः विद्यालय निर्माण गर्न सम्भव देखिन्न । भूगर्भविद्हरूले गहन अध्ययन गरी प्रतिवेदन दिएपछि मात्र ती स्थानमा पुनः विद्यालय बनाउने कि नबनाउने भन्ने निर्णय हुनेछ । विज्ञहरूको सुझाव आएपछि मात्र विपत् व्यवस्थापन प्राधिकरण, राजनीतिक दल, जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षक आदि सबैसँग गहन छलफल गरेपछि मात्र विद्यालय निर्माणको काम अघि बढ्छ । त्यसका लागि सम्बन्धित पालिकाले जग्गा उपलब्ध गराउनेछन् । उपलब्ध जग्गा भौगर्भिक हिसाबले ठिक छ भन्ने निश्चित भएपछि मात्र विद्यालय पुनर्निर्माणको काम अघि बढ्छ । त्यसैले, यसका लागि चाहिँ समय लाग्न सक्छ ।

दीर्घकालीन तयारी नहुन्जेल तत्कालका लागि कस्ता विकल्प हुन सक्छन् ?

अल्पकालीन व्यवस्थापन पनि त्यति सजिलो देखिन्न । खासगरी बुबाआमा भएका बालबालिकालाई उहाँहरूसँगै राख्नुपर्ने हुन्छ । त्यसका लागि सबैभन्दा पहिले त विस्थापित नागरिकको बसोवासको व्यवस्था कहाँ र कसरी मिलाउने भन्ने निश्चित गर्नुपर्ने हुन्छ । त्यसपछि मात्र बालबालिकाको पठनपाठनको व्यवस्थाबारे सोच्न सकिन्छ ।

प्रेरक प्रसंग

भिक्षु र अनुयायी

जापानको ओसाका सहरनजिकैको गाउँमा एक बौद्ध भिक्षु बस्थे । उनको ख्याति पूरै देशभर फैलिएको थियो । टाढाटाढाबाट मानिस उनीसित भेटघाट गर्न र आफ्ना समस्याको समाधान खोज्न आउने गर्थे ।

एक दिनको कुरा हो, भिक्षु आफ्ना एक अनुयायीका साथ प्रातकालीन भ्रमण गर्दै थिए । अचानक गाउँका एक व्यक्ति नजिक आएर भिक्षुलाई चर्को गालीगलोज गर्न थाले । उनले जानेजति अपशब्द प्रयोग गर्दै भिक्षुलाई गाली गरिरहे । तर, भिक्षु भने उनको कुरा सुन्दै नसुनेजस्तो गरी मुस्कुराउँदै बिहानी भ्रमणको मजा लिँदै हिँडिरहे । भिक्षुको यस्तो चाला देख्दा ती गाउँले झनै आक्रोशित बने र भिक्षुका पुर्खालाई समेत जोडेर गालीगलोज गर्न थाले । तैपनि, भिक्षु शान्तभावले मुस्कुराउँदै अघि बढिरहे । भिक्षुमाथि आफ्नो गालीको कुनै प्रभाव नपरेको देखेर ती गाउँले निराश भए र आफैँ भिक्षुको बाटोबाट हटे ।



भिक्षुको त्यस्तो चाला देखेर उनका अनुयायीले अचम्म मान्दै सोधे- गुरुदेव, त्यस दुष्ट मानिसले हजुरलाई त्यति नराम्रो भन्दा पनि किन जवाफ दिनुभएन ? झन् हजुर त उल्टै मुस्कुराइरहनुभयो । के हजुरलाई उसको भनाइले कुनै कष्ट भएन ?

भिक्षु केही बोलेनन् । उनले अनुयायीलाई आफ्नो पछाडि आउन इसारा गरे । केहीबेर हिँडेपछि उनीहरू भिक्षुको कुटीमा पुगे । अनुयायीलाई बाहिरै छाडेर भिक्षु कुटीभित्र पसे । केहीबेरपछि भिक्षु एउटा मैलो र थोत्रो लुगा लिएर बाहिर निस्किए र सो कपडा तिनै अनुयायीलाई दिँदै भने- ल, आफ्नो लुगा फुकालेर यो लुगा लगाऊ त तिमी । लुगाबाट अनौठो दुर्गन्ध आइरहेको थियो । त्यसैले, अनुयायीले भिक्षुको हातबाट कपडा लिनासाथ टाढा फ्याँकिदिए ।

भिक्षुले भने- के भयो ? तिमी यो मैलो लुगा लगाउन सक्दैनौ, होइन त ? हो, ठिक यसैगरी म पनि ती गाउँलेले दिएका अपशब्द कसरी धारण गर्न सक्छु त ? यति याद राख, कसैले तिमीलाई नराम्रो भन्दैमा तिमी क्रोधित हुन्छौ भने तिमी सफा लुगा फुकालेर पुराना, थोत्रा, मैला र दुर्गन्धित लुगा लगाइरहेका हुन्छौ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राज्य लजाउनुपर्ने समाचार

राज्यले प्रसूति सेवा निःशुल्क भने पनि साथमा पैसा नभएकै कारण सप्तरीको गजेन्द्रनारायण सिंह अस्पतालले भर्ना लिन नमानेपछि सडकमा बच्चा जन्माउन बाध्य भएकी स्थानीय बबिता पासवानको समाचार पढ्दा सिंगो देशकै शिर लाजले निहुरिएको हुनुपर्छ । जब संघअन्तर्गतकै सरकारी अस्पतालमा यसरी विपन्न परिवारकी महिलाले प्रवेश पाउँदिनन् र सडकमै असुरक्षित तवरमा बच्चा जन्माउन बाध्य हुन्छन् भने यो देशमा सरकार कहाँ छ भनेर प्रश्न गर्नुपर्ने भएको छ । के देशका सरकारी अस्पतालले प्रसूति व्यथा लागिसकेकी महिलालाई त्यसरी बाहिर निकाल्न मिल्छ ? सरकारी अस्पतालमै त यस्तो अवस्था छ भने निजी अस्पतालको अवस्था झन् कस्तो होला ? यसबारे गम्भीर छानबिन गरी दोषीमाथि कडा कारबाही गरियोस् ।

● **सुनिता सदा**, जावलाखेल, ललितपुर

ग्यास कहिले पाइन्छ ?

देशभर खाना पकाउने एलपी ग्यासको अभाव भएको लामो समय भयो । तैपनि, सरकारले त्यसलाई व्यवस्थित गराउन सकेको छैन । ग्यासको डिपोबाहिर सर्वसाधारण रित्ता सिलिन्डर लिएर लामो लाममा उभिएका देखिन्छन् । तर, तिनले लाममा लागे पनि सजिलै ग्यास पाउन सकेका छैनन् । आफ्नो घरछेउछाउका डिलरमा ग्यास उपलब्ध नहुन्जेल सर्वसाधारणले सजिलै ग्यास पाउन सक्दैनन् । त्यसैले, अब छिटो डिलरबाटै ग्यास उपलब्ध हुने व्यवस्था मिलाइयोस् ।

● **पूर्ण राई,** सानेपा, ललितपुर

बालबालिकाको पढाइबारे सोचौँ

भोटेकोशी बाढीबाट १४ हजार बालबालिका प्रभावित भएको र तिनको पठनपाठनको टुंगो लाग्न नसकेको समाचार पढियो । यतिधेरै बालबालिका प्रभावित हुँदा पनि राज्यले उनीहरूको शिक्षाका लागि वैकल्पिक व्यवस्था मिलाउन चासो नदिएको देख्दा अचम्म लाग्छ । कुनै पनि बालबालिका शिक्षा प्राप्त गर्ने आफ्नो नैसर्गिक अधिकाबारट वञ्चित हुनु भनेको राज्यको कमजोरी हो । अब तीनै तहका सरकारले प्रभावित बालबालिकाको उचित शिक्षाका लागि तत्काल व्यवस्था मिलाइयोस् ।

● **अर्चना प्रधान**, टेकु, काठमाडौं

अब बदलिनुपर्छ राहत

भोटेकोशीको बाढीबाट प्रभावित परिवारलाई राखिएको नुवाकोटस्थित होल्डिङ सेन्टरमा १० दिनजति सेवा गर्ने मौका मिल्यो । राहतमा विशेषगरी चाउचाउ, बिस्कुट, चिउरा, दालमोठ, फ्रुटी, जुत्ता, कपडालगायत सामग्री आइरहेका छन् । यातायातको कठिनाइका कारण दाताहरू पनि प्रभावित परिवारसम्म नपुगी सुगमका होल्डिङ सेन्टरसम्म पुग्छन्, राहत बाँड्छन्, फोटो खिच्छन् र फर्कन्छन् । कतिपय व्यापारीले राहत वितरणका नाममा आफ्ना काम नलाग्ने सामान स्टोरबाट हटाइरहेका छन् त कतिपय गृहिणीले दानकै नाममा घरका दराज सफा गरिरहेका छन् । यतिखेर होल्डिङ सेन्टर यस्तै सामानले भरिन थालेका छन् । सुत्ने ठाउँसमेत छैन, सामानले गर्दा । हुँदाहुँदा कोठा भाडामा लिएर एकैखाले आवश्यकताभन्दा बढी सामान थन्किन थालेका छन् ।

अब राहतका नाममा सधैँ दाल, चामल, चाउचाउ, बिस्कुट, बाँड्ने कामबाट माथि उठेर त्यसको सट्टा पीडित परिवारको स्थायी बसोवासको व्यवस्था, बालबच्चाको पढाइ प्रोटिनजन्य खाना, रोजगारी, बिरामीको उपचार, मनोसामाजिक परामर्शजस्ता कुरालाई राहतको नाममा अघि बढाउनुपर्छ । अब राहत सधैँ दालमोठ, चिउरा, दाल, चामल, चाउचाउ, सेनिटरी प्याड, कपडा, जुत्ता र भाँडाकुँडामा मात्र परिभाषित हुनुहुँदैन । राहत अब बाढी प्रभावित सुत्केरी र नवजात शिशुका लागि पौष्टिक आहार र न्यानो कम्बल बनेर, विद्यार्थीका लागि कापी, कलम अनि पुस्तक बनेर, दीर्घरोगीको नियमित औषधि बनेर, घाइतेका लागि मलम बनेर, बेसहाराको लौरो बनेर आउनुपर्छ । राहत अब धनजन गुमाउनेका लागि जीवनमा आशाको दियो बाल्दै आउनुपर्छ ।

● **कुवेर श्रेष्ठ**, नुवाकोट, हाल बालाजु
kuberstha97@gmail.com

गोर्खा नेसनल लिबरेसन फ्रन्टसँग भएको सम्झौताको ३८ वर्ष

गृहमन्त्री अमित साहले गोर्खा मुद्दाको 'स्थायी राजनीतिक समाधान' खोज्न समिति गठन गरेको सन्दर्भमा यसको इतिहास

देश / विदेश

● सञ्जीव चोपडा

पूर्वआइएएस अधिकारी चोपडा 'सेन्टर फर कन्टेम्पोररी स्टडिज'का सिनियर फेलो हुन् ।

मैले सन् १९८७ मा कालिम्पोङमा उप-विभागीय मजिस्ट्रेटको रूपमा आइएएसमा मेरो व्यावसायिक करिअर सुरु गरेको थिएँ । त्यस समयमा कालिम्पोङ दार्जिलिङको हिस्सा थियो, तर अहिले यो एक अलग जिल्ला बनिसकेको छ । त्यो समय अलग गोर्खाल्यान्ड राज्यका लागि 'गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (जिएनएलएफ)'को नेतृत्वमा चलिरहेको आन्दोलन चरम सीमामा थियो ।

सन् १९८६ देखि अगस्ट २२, १९८८ मा सम्झौतामा हस्ताक्षर नभएसम्मको दुई वर्ष चलेको आन्दोलनमा बाह्रसयदेखि पन्ध्र सय मानिसले आफ्नो ज्यान गुमाए । अवस्था यस्तो थियो कि बंगाली थर भएका सबै कर्मचारीले पहाडमा रहेका आफ्ना घर छाड्न बाध्य हुनुपरेको थियो । भन्नुपर्दैन, त्यो कठिन समय थियो । हामीलेबिच-बिचमा हुने हडताल, बन्द र आमहडतालबिच आवश्यक सेवा सञ्चालन गर्नुपरेको थियो ।

सम्झौतापछि स्थिति बिस्तारै सहज हुन थाल्यो । जिएनएलएफसँग भएको सम्झौताको ३८औँ वार्षिकोत्सवमा भारतका गृहमन्त्री अमित साहले गत अगस्ट २२, २०२६ मा 'स्थायी राजनीतिक समाधान' सुरु गर्ने वाचा गरेको सन्दर्भमा पुनः यो इतिहासमाथि दृश्यावलोकन गर्नु उपयुक्त हुन सक्छ ।

■ स्वायत्तताअघि पहिचानको प्रश्न

गोर्खाल्यान्ड सुरु हुनुअघि दार्जिलिङ र कालिम्पोङका बहुसंख्यक पहाडी समुदायको मुख्यतः दुई चिन्ता थियो : गोर्खाको रूपमा उनीहरूको पहिचान र आठौँ अनुसूचीअन्तर्गत नेपाली भाषालाई समावेश । गोर्खाल्यान्ड आन्दोलनका क्रममा सुवास घिसिङ र दार्जिलिङका अन्य धेरै पहाडी नेताले नेपालभन्दा फरक 'गोर्खा पहिचान' दाबी गर्दै आफ्नो आन्दोलन बढाएका थिए ।

केहीका अनुसार गोर्खा शब्द 'गो-रखा' वा 'गाईको रक्षक'बाट आएको हो । भारतीय गोर्खाका पुर्खामध्ये धेरैले भारतीय सेनामा सेवा गरेको इतिहास छ । यसक्रममा तिनले अन्य भारतीय सैनिकसँगसँगै लडेर युद्धमा रगत बगाएका थिए । आफूहरू नेपालीभन्दा फरक भएको उनीहरूको दाबी थियो । आफैँ एक पूर्वसैनिक रहेका आन्दोलनका प्रमुख नेता सुवास घिसिङले आफ्नो समुदायलाई भारतीय नागरिक मानिने पूर्ण अधिकार रहेको र उनीहरूलाई आफ्नो प्रभावकारी राजनीतिक शक्ति प्रयोग गर्न छुट्टै क्षेत्र वा अझ आफ्नै राज्यको हक रहेको मागदाबी गरेका थिए । सन् १९७५ मा भारतको संविधानको ३६औँ संशोधनमार्फत छिमेकी सिक्किम संरक्षित राज्य (प्रोटेक्टोरेट स्टेट)बाट सम्बद्ध राज्य (एसोसिएट स्टेट)मा परिवर्तन भएपछि तिनको मागले थप गति लियो । सिक्किमका लागि भारतको संविधानको धारा १ को पहिलो अनुसूचीमा संशोधन गरिएको थियो । सिक्किम भारतमा विलय गरिएलगत्तै नेपालीलाई राज्यको आधिकारिक भाषाको रूपमा मान्यता दिइयो । 'सिक्किम आधिकारिक भाषा ऐन, १९७७' पारित भएसँगै नेपाली भाषाले भारतको आधिकारिक भाषिक दर्जा पायो ।

त्यसको ६ वर्षअघि मार्च १९, १९७१ मा दार्जिलिङका सांसद रतनलाल ब्राह्मणले लोकसभामा नेपालीमा शपथ लिने माग गरे, जसलाई तत्कालीन सभामुख जिएस ढिल्लनले अनुमति पनि दिए । तर, जब मोरारजी देसाईं प्रधानमन्त्री बने, उनले सिक्किमको भारतमा भएको विलयको मात्र आलोचना गरेनन्, नेपालीलाई विदेशी भाषा भन्दै यसका समर्थकलाई चिढ्याउने काम गरे ।

■ गोर्खाल्यान्ड आन्दोलनको उदय

सन् १९७० को दशकको अन्त्यतिर दार्जिलिङ हिंसात्मक प्रदर्शन, हडताल र साहित्यिक विरोधको केन्द्र बन्यो । स्थानीय संघसंगठन, विद्यार्थी र राजनीतिक समूहले 'विदेशी'को ट्याग‌को निन्दा गर्दै ठुला जुलुस आयोजना गरे । लेखक र कविहरूले सामूहिक रूपमा विरोध कविता र हाम्रो भाषाजस्ता प्रकाशनमार्फत आफ्नो आक्रोश व्यक्त गरे । यसले लामो समयदेखि चलिरहेको भाषा आन्दोलनलाई अझ तीव्र बनायो ।

'अखिल भारतीय नेपाली भाषा समिति (एआइएनबिएस)'जस्ता संगठनले भाषा आन्दोलनअन्तर्गत संविधानको आठौँ अनुसूचीमा नेपाली भाषा समावेश गर्नुपर्ने भाषिक मागमा बढी ध्यान केन्द्रित गरेका थिए । घिसिङले भने मानिसलाई राजनीतिक आन्दोलनतर्फ उन्मुख गराए । अप्रिल २२, १९७९ मा उनले औपचारिक रूपमा नेपालीभाषी जनताका लागि छुट्टै राज्यको माग उठाए र अन्ततः गोर्खाल्यान्ड आन्दोलनलाई अगाडि बढाउन 'गोर्खा नेसनल लिबरेसन फ्रन्ट (जिएनएलएफ)' स्थापना गरे ।

सन् १९८० को दशकको सुरुतिरै नै पार्टीले बलियो समर्थन आधार स्थापित गरिसकेको थियो । विशेषगरी पूर्वसैनिक र चिया बगानका कामदारबिच यसले संगठन विस्तार गरेको थियो । फ्रन्टको उदयले त्यतिवेलासम्म जिल्लामा प्रभावशाली संगठन रहेको कम्युनिस्ट पार्टी मार्क्सवादी (सिपिएम)लाई नराम्रो धक्का दियो । यसैबिच, सन् १९८४ को संसदीय चुनावलाई दार्जिलिङ निर्वाचन क्षेत्रमा पार्टीले पूर्ण बहिष्कारको आह्वान गऱ्यो । तीन पहाडी क्षेत्रमा मतदाता मतदान ३० प्रतिशतभन्दा कम भयो ।

आन्दोलन शिखरमा हुँदा घिसिङ आत्मसमर्पण र सम्झौता गर्न सहमत भए । यद्यपि, पश्चिम बंगालभित्र स्वायत्तताको सिद्धान्त स्वीकार गरिएपछि नामले झन्डै वार्ता विफल भएको थियो । पश्चिम बंगालको वाम मोर्चा सरकारले नयाँ निकायलाई 'दार्जिलिङ हिल काउन्सिल' भन्न चाहन्थ्यो, जबकि घिसिङको पार्टीले यसलाई 'गोर्खा काउन्सिल' भन्नुपर्ने भनिरहेको थियो । अन्ततः बिचको बाटो रोजियो । नयाँ निकायको नाम 'दार्जिलिङ गोर्खा हिल काउन्सिल' राखियो । घिसिङ जनवरी १९८९ मा यसको पहिलो अध्यक्ष र प्रमुख कार्यकारी पार्षद बने, लगातार तीन कार्यकाल सेवा गरे ।

द प्रिन्टबाट

ब्रिक्सको नयाँदिल्ली सम्मेलन र सदस्य राष्ट्रको दायित्व

उदाउँदा अर्थतन्त्र भएका प्रमुख ११ राष्ट्रको अन्तर्राष्ट्रिय अन्तरसरकारी संगठन ब्रिक्सको १८औँ शिखर सम्मेलन भारतमा सुरु

ब्रिक्सको १८औँ शिखर सम्मेलन शनिबारदेखि भारतमा सुरु भएको छ। अत्यन्त चुनौतीपूर्ण अन्तर्राष्ट्रिय परिवेशमा भारतले सम्मेलनको अध्यक्षता गरिरहेको छ। यसअघि भारतकै अध्यक्षतामा सम्पन्न जी २० शिखर सम्मेलनमा जस्तै यस सम्मेलनलाई सफल बनाउने ठुलो जिम्मेवारी पनि नयाँदिल्लीको काँधमा छ। युक्रेन द्वन्द्वलाई लिएर पश्चिमा सदस्य राष्ट्र र रुसबिचको टकरावले जी २० शिखर सम्मेलन नै असफल हुने जोखिम निम्त्याएको थियो भने यता ब्रिक्स शिखर सम्मेलनले खाडी क्षेत्रमा चर्किएको द्वन्द्वको विषयमा सहमति कायम गर्नुपर्ने चुनौतीको सामना गरिरहेको छ। आगामी शिखर सम्मेलनको आयोजना गर्ने तयारीमा रहेको चीन ब्रिक्सको नेतृत्व गर्न चाहन्छ, ताकि उसले समूहको बृहत्तर हित तथा आफ्नो बढ्दो अन्तर्राष्ट्रिय भूमिकाका लागि व्यावहारिक सम्झौतामार्फत आफ्ना आन्तरिक मतभेदलाई व्यवस्थापन गर्न सक्षम रहेको देखाउन सकोस्।



● कन्वल सिबल
(सिबल भारतका पूर्वविदेशसचिव तथा टर्की, इजिप्ट, फ्रान्स र रुसका पूर्वराजदूत हुन्)

■ भारतका चुनौती

पश्चिम एसियाको द्वन्द्वले विभिन्न पक्षमा गम्भीर अन्तर्राष्ट्रिय प्रभाव पारिरहेको छ। हर्मुज जलसन्धि खुला रहनु खाडी क्षेत्र (जसमा संयुक्त अरब इमिरेट्स पनि पर्छ) र समग्र अन्तर्राष्ट्रिय समुदायका लागि निकै महत्त्वपूर्ण छ। यस क्षेत्रमा रहेका भारतका विविध स्वार्थमाथि गम्भीर असर परिरहेको छ। कुनै पनि सदस्य राष्ट्रद्वारा कुनै असहमति वा सर्त नथपिएको तथा सबै बुँदामा सर्वसम्मत सहमतिसहितको एउटा स्पष्ट 'दिल्ली घोषणापत्र' तयार पार्न भारतले अथक प्रयास गरेको छ।

राष्ट्रपति ट्रम्पले सन् १९४५ पछि स्वयं पश्चिमा जगत्ले निर्माण गरेको विश्व व्यवस्थालाई उथलपुथल पारिदिएका छन्। सोभियत संघको पतनपछि विश्वले देखेको अमेरिकी एकपक्षीयता फेरि नाटकीय रूपमा सतहमा आएको छ। ट्रम्पले भन्सार महसुल र अमेरिकी व्यापार कानुनलाई हतियारका रूपमा प्रयोग गरेर विश्व व्यापार प्रणालीलाई तहसनहस पारेका छन्। उनी विश्वको तेल बजारलाई आफ्नो नियन्त्रणमा लिन चाहन्छन्। भेनेजुएलाको घटनामा जस्तै बहालवाला राष्ट्रप्रमुखको अपहरण, इरानविरुद्ध युद्धको सुरुवात र सत्ता परिवर्तनको प्रयासजस्ता कार्यले राष्ट्र संघको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको अवहेलना गर्छन्। उनले क्यानडा, बेलायत र युरोपेली संघलगायत आफ्ना निकटतम सहयोगीलाई नै आफूबाट टाढा धकेलिरहेका छन्। यसले अमेरिकाको प्रभुत्ववादी नीतिको विकल्प वा सन्तुलन खोज्नेको नजरमा 'ब्रिक्स'को महत्त्वलाई अप्रत्यक्ष रूपमा अझ बढाएको छ।

समतामूलक विश्व व्यवस्था निर्माण गर्ने सन्दर्भमा ब्रिक्सले कुनै उल्लेख्य वा क्रान्तिकारी सफलता हासिल गर्न नसकेको अवस्थामा आलोचकहरू यसका कमजोरीमा केन्द्रित हुँदै विश्वसनीयतामाथि प्रश्न उठाउँछन्

■ अमेरिकाविरोधी समूहको रूपमा हेर्छन् ट्रम्प

ट्रम्पले ब्रिक्सलाई अमेरिकाविरोधी समूहको रूपमा हेर्छन्। उनले डलरमाथिको निर्भरता घटाउने प्रक्रियामा अगाडि बढेमा ब्रिक्स देशलाई शतप्रतिशत कर लगाउने धम्की दिएका छन्। डलरीकरणबाट मुक्ति हुने ब्रिक्सको त्यस्तो कुनै एजेन्डा छैन, तर सदस्य राष्ट्रबिच राष्ट्रिय मुद्रामा व्यापार प्रवर्द्धन गर्न खोजिएको छ। तर्क स्पष्ट छ- यदि अमेरिकाले डलर र विश्वव्यापी वित्तीय प्रणालीमाथिको नियन्त्रणलाई हतियारको रूपमा प्रयोग गर्छ भने अन्य देशलाई आफ्नो इच्छाअनुसार झुकाव राख्न, डलरमाथिको निर्भरता कम गर्न र वैकल्पिक भुक्तानी प्रणाली निर्माणका विकल्प खोज्ने अधिकार छ।

■ ब्रिक्स राष्ट्रसँग अमेरिकी सम्बन्ध

रुस र इरानबाहेक (जसको अमेरिकासँग व्यापार नगण्य वा शून्यजस्तै छ), भारतलगायत अन्य ब्रिक्स राष्ट्रहरूको अमेरिकासँग घनिष्ठ आर्थिक तथा लगानीसम्बन्धी सम्बन्ध छ र कतिपय सदस्य राष्ट्रको हकमा त सुरक्षासम्बन्धी सम्बन्धसमेत छ। तैपनि, अमेरिकासँग हाल घनिष्ठ सम्बन्ध भएका राष्ट्रहरूले समेत 'ब्रिक्स-प्लस' मुलुकसँग राजनीतिक सम्बन्ध विस्तार गर्नुपर्ने आवश्यकता महसुस गरेका छन्। साथै, उनीहरू अमेरिका-नियन्त्रित विश्वव्यापी वित्तीय प्रणालीको स्वेच्छाचारी पकडबाट मुक्त हुन वैकल्पिक वित्तीय तथा भुक्तानी संयन्त्रलाई प्रवर्द्धन गर्न पनि चाहन्छन्, किनभने उक्त प्रणालीले अमेरिकी प्रतिबन्धलाई दबाब दिने औजारका रूपमा प्रयोग गर्ने सुविधा प्रदान गर्छ।

नयाँ, अझ बढी सहयोगात्मक र समतामूलक विश्व व्यवस्था निर्माण गर्ने सन्दर्भमा ब्रिक्सले कुनै उल्लेख्य वा क्रान्तिकारी सफलता हासिल गर्न नसकेको अवस्थामा यसका आलोचक यसका कमजोरीमाथि केन्द्रित हुँदै यसको विश्वसनीयतामाथि प्रश्न उठाउँछन्। भारतलगायत विभिन्न स्थानमा रहेका अमेरिका-पक्षधर समूह ब्रिक्सको महत्त्व र सान्दर्भिकतालाई घटाउन चाहन्छन्। उनीहरू यस समूहभित्र आन्तरिक एकताको अभाव, समूहमा बढ्दो चिनियाँ प्रभुत्व, समूहको एजेन्डालाई कमजोर पार्ने भारत र चीनबिचका मतभेद तथा समूहको 'पश्चिमाविरोधी' मानिने झुकावसँग भारतको अमेरिकासँगको घनिष्ठ सम्बन्धको विरोधाभासजस्ता विषय औँल्याउँछन्। भारत यस समूहको सदस्य हुनुले अमेरिकामा धेरैलाई असन्तुष्ट बनाउँछ। किनभने, भारत, रुस र चीन एकजुट भएर पश्चिमा जगत्लाई चुनौती दिने अवस्था उनीहरूका लागि एउटा दुःस्वप्न (डरलाग्दो परिदृश्य) जस्तै हो। यहाँसम्म कि कुनै अन्तर्राष्ट्रिय सम्मेलनको छेउछाउमा यी तीन देशका नेता अनौपचारिक रूपमा सँगै देखिए भने पनि त्यसले हलचल मच्चाउँछ।

सात वर्षपछि भारतको भ्रमण आएका राष्ट्रपति सी जिनपिङको सहभागिताले विशेषगरी भारत र चीनबिच सीमा विवाद चलिरहेको वर्तमान परिवेशमा सम्मेलनलाई अन्तर्राष्ट्रियस्तरमा निकै चासोको विषय बनाउनेछ। नयाँदिल्लीमा प्रधानमन्त्री मोदी र राष्ट्रपति सी जिनपिङबिच हुने द्विपक्षीय वार्ताले दुई देशबिचको सम्बन्ध सुधारको गति तय गर्ने अपेक्षा गरिएको छ। राष्ट्रपति पुटिनको सहभागिताले यस सम्मेलनबाट प्रवाह हुने राजनीतिक सन्देशलाई अझ सशक्त बनाएको छ।

आलोचकहरूको तर्क

पश्चिमा राष्ट्रसँगको सम्बन्धमा असर पर्ने भन्दै भारतको 'ब्रिक्स' सदस्यताको विरोध गर्नेहरूले एउटा नयाँ तर्क अघि सारेका छन्। त्यो के भने, रुस र चीन दुवै अमेरिकासँग समझदारी वा मेलमिलापको प्रयासमा छन्। उनीहरूका अनुसार आगामी 'एपेक' शिखर सम्मेलनमा ट्रम्प, पुटिन र सीबिच त्रिपक्षीय भेटवार्ता हुन सक्छ, जसले गर्दा 'जी-३' को उदय हुन सक्छ र भारतसहितको ब्रिक्स ओझेलमा पर्न सक्छ। यो तर्कले यस्तो धारणा राख्छ कि पुटिन र सी दुवैले साझेदारका रूपमा ट्रम्पको स्थिरता र विश्वसनीयतामाथि ठुलो भरोसा राख्छन् र उनीमाथि नै पूर्ण रूपमा निर्भर हुन तयार छन्।

ब्रिक्स देशसँग अब एक-अर्कासँग सहकार्य गर्ने ठोस अवसर छन् किनकि उनीहरूको अर्थतन्त्र र बजार बढेका छन् र उनीहरूले विविधीकरण खोजिरहेका छन्। तिनीहरू प्राविधिक साझेदारी निर्माण गर्न चाहन्छन् र क्षेत्रीय सहयोग बढाउन नयाँ आपूर्ति शृंखला स्थापना गर्ने र नयाँ कनेक्टिभिटी परियोजनालाई प्रवर्द्धन गर्ने सम्भावना छन्। भारत, विशेषगरी डिजिटल सार्वजनिक पूर्वाधारमा सहयोगलाई प्रवर्द्धन गर्न चाहन्छ। नयाँ विकास बैंकलाई थप पुँजीकरणको आवश्यकता पर्नेछ। ब्रिक्सको महत्त्व समयसँगै यसले के निर्माण गर्न सक्छ भन्नेमा निहित छ।

एनडिटिभीबाट

अन्तहीन युद्धमा फस्दै अमेरिका

२५ वर्षअघि ११ सेप्टेम्बरको आतंकवादी आक्रमणपछि अमेरिकाले सुरु गरेको एकपछि अर्को युद्धमा कम्तीमा ४५ लाख मानिसको ज्यान गएको छ भने तीन करोड ८० लाखभन्दा बढी विस्थापित भएको तथ्यांकले देखाउँछ



● हन्ना डुगल ● आलिया चुगताई
डुगल र चुगताई तथ्यांकसम्बन्धी पत्रकार हुन्

अलकायदाका १९ जना अपहरणकारीले चारवटा व्यावसायिक विमान नियन्त्रणमा लिएर 'वर्ल्ड ट्रेड सेन्टर' र अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन)मा विमान ठोक्काएर करिब तीन हजार मानिसको ज्यान लिएको २५ वर्ष पूरा भएको छ। आक्रमणपछि अमेरिकाको नेतृत्वमा शृंखलाबद्ध युद्ध भए, जसले वासिंटनको विदेश नीतिलाई एक पुस्ताभरिका लागि परिवर्तन गरिदियो।

सन् २००१ सेप्टेम्बरको आक्रमणपछि हरेक वर्ष अमेरिकी सेनाले विश्वको कुनै न कुनै देशमा बमबारी गर्दै आएको छ, जसले दसौँ लाख मानिसको जीवन तहसनहस पारिसक्यो। 'त्यसले सबै कुरा बदलिदियो,' सन् २००३ मा इराकमाथि आक्रमण हुँदा विद्यार्थी रहेका इराकी नागरिक ओमर (नाम परिवर्तन)ले सेप्टेम्बर ११ को आक्रमणपछि उनी र उनको देशलाई परेको प्रभावबारे अल-जजिरालाई भने। सेप्टेम्बर ११ कै आक्रमणपछि इराकमा आमविनाशकारी हतियार झुटो बहानामा अमेरिकाले युद्ध सुरु गर्दा ठुलो हताहती हुन पुगेको थियो।

युद्धमा मारिए ४५ लाख

सन् २००१ मा भएको अलकायदाको आक्रमणलाई त्यस दिनको मितिका आधारमा ९/११ घटना भन्ने गरिन्छ। आक्रमणको एक महिनाभन्दा छोटो समयमा अमेरिकाले अफगानिस्तानमा आक्रमण गर्‍यो। अफगानिस्तानमाथि आक्रमणसँगै तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसले भनेजस्तो 'आतंकवादविरुद्धको युद्ध' (वार अन टेरर) सुरु गर्‍यो। यसबाट सुरु भएको अन्तहीन सैन्य अभियान अफगानिस्तान, इराक तथा मध्यपूर्व, दक्षिण एसिया र अफ्रिकाका विभिन्न देशसम्म विस्तार भयो।

'वार अन टेरर'का क्रममा भएका हताहतीको रेकर्ड राख्न अमेरिकाको ब्राउन युनिभर्सिटीको 'वाट्सन इन्स्टिच्युट फर इन्टरनेसनल एन्ड पब्लिक अफेयर्स'ले 'कस्ट अफ वार' परियोजना नै सुरु गरेको थियो। परियोजनाअनुसार सन् २००१ यता अमेरिकी नेतृत्वका भएका युद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा करिब ४५ लाखदेखि ४७ लाख मानिसको मृत्यु भइसकेको छ। तिनमा करिब नौ लाख ४० हजार प्रत्यक्ष युद्धमा मारिएका हुन् भने बाँकी ३६ देखि ३८ लाखको मृत्यु भने युद्धका कारण सिर्जित रोग, कुपोषण तथा स्वास्थ्य जटिलतामा समावेश गरिएको छ।

अफगानिस्तान युद्धमा एक लाख ७६ हजारको मृत्यु

अफगानिस्तानको तत्कालीन शासक तालिबानले आफूले शरण दिइरहेको अलकायदाका प्रमुख ओसामा बिन लादेनलाई बुझाउन अस्वीकार गरेको आरोपमा अमेरिकाले ७ अक्टोबर २००१ मा अफगानिस्तानमाथि आक्रमण सुरु गर्‍यो। 'अप्रेसन इन्ड्युरिङ फ्रिडम' नाममा सुरु सैन्य अभियानका क्रममा तालिबानको सत्ता केही हप्तामै ढल्यो। तर, युद्ध भने निकै लामो चल्यो, जुन चारजना अमेरिकी राष्ट्रपतिको कार्यकालसम्म लम्बिएर झन्डै २० वर्षसम्म चलिरह्यो।

अमेरिकी संलग्न भएकोमध्ये सबैभन्दा लामो द्वन्द्व मानिने अफगान युद्धमा झन्डै एक लाख ७६ हजार प्रत्यक्ष रूपमा मारिएका थिए। ब्राउन युनिभर्सिटीको 'कस्ट्स अफ वार' परियोजनाको विश्लेषणअनुसार अनुमानित एक लाख ७६ हजार प्रत्यक्ष मृत्युबाहेक युद्धले निम्त्याएको भोक, रोग र उपचार नपाएका चोटपटकका कारण अन्य लाखौँ मानिसको मृत्यु भयो। अफगान युद्धअघि ६२ प्रतिशत अफगान नागरिक खाद्य असुरक्षाको चपेटामा थिए भने युद्धपछि यो हिस्सा बढेर ९२ प्रतिशत पुग्यो। साथै, नपड्किएका विस्फोटक पदार्थ र बारुदी सुरुङहरूले अहिलेसम्म पनि सर्वसाधारणको ज्यान लिने र अपांग बनाउने क्रम जारी छ।

इराक युद्ध : सवा तीन लाखको मृत्यु

अफगानिस्तानमा आक्रमण गरेको दुई वर्षभन्दा छोटो समयपछि, १९ मार्च २००३ मा अमेरिकाले इराकमाथि आक्रमण सुरु गर्‍यो। इराक युद्ध सुरु हुँदा यस लेखको सुरुमा उल्लेख गरिएका ओमर १८ वर्षका थिए। 'हामीलाई अझै युद्धका दिनका बमका आवाजको स्पष्ट याद छ, हामी निकै डराएका थियौँ,' उनले अल जजिरालाई बताए। ओमरका अनुसार उनका केही साथी युद्ध सुरु भएपछि चेतावनीका बाबजुद बग्दादमा के भइरहेको छ भनेर हेर्न गएका थिए। इराक युद्धमा मारिनको संख्या तीन लाख पन्ध्र हजार माथि पुगेको ब्राउन युनिभर्सिटीको तथ्यांकले देखाउँछ।

हवाई अभियान र ड्रोन युद्ध

अफगानिस्तान र इराकमा स्थलयुद्ध भएकाले धेरैलाई त्यहाँको लडाइँबारे थाहा छ। तर, स्थलगत युद्धका अतिरिक्त अमेरिकाले ९/११ पछि पाकिस्तान, यमन, सोमालिया र सिरियामा आइएसआइएलविरुद्ध ठुलो परिमाणमा अघोषित हवाई तथा ड्रोन अभियान सञ्चालन गर्‍यो। त्यसबाहेक स्थलयुद्ध भएका अफगानिस्तान र इराकमा पनि ठुलो परिमाणमा हवाई आक्रमण भए। यस सम्बन्धमा सन् २००४ यता खोज पत्रकारितासम्बन्धी निकाय 'ब्युरो अफ इन्भेस्टिगेटिभ जर्नलिज्म'ले निम्न तथ्यांकको अभिलेख तयार पारेको छ :

- पाकिस्तानमा अमेरिकाद्वारा ४२३ पटक आक्रमण, जसमा ४२४ देखि ९६६ सर्वसाधारणसहित अनुमानित दुई हजार ४९९ देखि चार हजार एक मानिसको मृत्यु भयो।
- यमनमा कम्तीमा १८६ पटक हवाई आक्रमण र छापा मारियो, जसमा १५८ सर्वसाधारणसहित कम्तीमा ८५३ मानिसको मृत्यु भयो।
- सोमालियामा सन् २००१ देखि २०१६ को बिचमा भएका १९ देखि २३ ड्रोन आक्रमणमा १८८ देखि २७६ मानिसको मृत्यु भयो।

सन् २०११ मा लिबियाका नेता मुअम्मर गद्दाफीको शासनविरुद्ध विरोध प्रदर्शन उठ्यो। प्रदर्शनमाथि दमन भएको भन्दै सर्वसाधारणको सुरक्षाका लागि भनेर संयुक्त राष्ट्र संघको म्यान्डेटमा अमेरिका र नेटोका सदस्य राष्ट्रले लिबियामा हवाई अभियान सञ्चालन गरे। एम्नेस्टी इन्टरनेसनलका अनुसार विद्रोही लडाकुद्वारा गद्दाफी पक्राउ परेर मारिनुअघिका सात महिना चलेको हवाई अभियानमा मुलुकमा करिब नौ हजार ७०० पटक आक्रमण गरिएका थिए। सन् २०१४ मा इराक र सिरियामा आइएसआइएलविरुद्ध अमेरिकाको नेतृत्वमा अलग सैन्य अभियान सञ्चालित भएको थियो। 'अप्रेसन इनहेरन्ट रिजल्भ' नामक अभियानमा दसौँ हजार बमसहितको सशक्त हवाई तथा स्थलगत कारबाही समावेश थियो। सन् २०१८ सम्म चलेको अभियानमा अधिकारीहरूले एक हजार ४१७ सर्वसाधारणको मृत्यु भएको स्वीकार गरेका छन्। तथापि, सैन्य कारबाहीबाट सर्वसाधारणमा पर्ने असरको अनुगमन गर्ने लन्डनस्थित गैरनाफामुखी संस्था 'एयर-वार्स'ले भने वास्तविक मृतकको संख्या आठ हजार २६४ देखि १३ हजार ३६० को बिचमा रहेको हिसाब निकालेको छ।

झन्डै चार लाख विस्थापित

'कस्ट्स अफ वार'को अनुमानअनुसार ११ सेप्टेम्बर (९/११) को घटनापछिका युद्धका कारण अफगानिस्तान, इराक, पाकिस्तान, यमन, सोमालिया, फिलिपिन्स, लिबिया र सिरियामा गरी तीन करोड ८० लाखभन्दा बढी मानिस आफ्नो देशभित्रै वा बाहिर विस्थापित भए। दुई दशकभन्दा बढी समय बितिसक्दा पनि मानिस अझै पनि यसको प्रभावमा बाच्न विवश छन्।

यसै युद्धबाट विस्थापित भएर छिमेकी इरान र पाकिस्तानमा बसोवास गरिरहेकामध्ये झन्डै २९ लाख अफगान शरणार्थी गत वर्ष अनिच्छापूर्वक देश फर्काइए। इराकमा पनि आक्रमण भएको दुई दशकपछि अझै पनि १० लाखभन्दा बढी मानिस विस्थापित अवस्थामा छन्।

४० वर्षीया अफगान आमा आयसा (नाम परिवर्तन)ले पटक-पटक विस्थापित हुनुपरेका कारण आफ्नो जीवनको धेरैजसो समय अफगानिस्तान र इरानबिच आवतजावत गर्दै बिताउनुपर्‍यो।

अमेरिकी पूर्वसैनिकमा परेको प्रभाव

अमेरिकी सेनाका झन्डै आठ लाख सैनिकले अफगानिस्तानमा अमेरिकामा तैनाथ भए। सन् २०२१ मा अन्तिम अमेरिकी सैन्य समूह फिर्ता हुनुअघि करिब दुई हजार ५०० सैनिक मारिएका र २० हजार घाइते भएका तथ्यांक छ। अफगान युद्धमा अमेरिका बेलायत र सहयोगी देशका सेना मिलाएर हेर्दा गठबन्धनका करिब तीन हजार ५०० सैनिक मारिएको र २३ हजार ५०० भन्दा बढी घाइते भए।

उता इराक युद्धमा भने तीन हजार ४८१ अमेरिकी सैनिकको मृत्यु भएको र ३१ हजारभन्दा बढी घाइते भएको 'डिफेन्स क्याजुअल्टी एनालाइसिस सिस्टम'को तथ्यांकले देखाउँछ। युद्धमा घाइते पूर्वसैनिकको उपचारलगायत हुने खर्चको भार भने निकै ठुलो छ। 'कस्ट्स अफ वार'परियोजनाको अनुमानअनुसार संयुक्त राज्य अमेरिकामा ११ सेप्टेम्बरपछिका युद्धमा सहभागी पूर्वसैनिकको हेरचाहमा सन् २०५० सम्ममा २.२ ट्रिलियनदेखि २.५ ट्रिलियन डलरसम्म खर्च हुन सक्छ। धेरै पूर्वसैनिकलाई युद्धका कारण गम्भीर मानसिक आघात परेको पाइएको छ।

युद्धको लागत : आठ ट्रिलियन डलर

अमेरिकाले पछिल्लो दुई दशकभन्दा बढी चलेको युद्धमा अनुमानित ५.८ ट्रिलियन डलर खर्च गरिसकेको छ। आगामी दशकमा यी युद्धमा लडेका पूर्वसैनिकको हेरचाहका लागि थप २.२ ट्रिलियन डलर छुट्याइएको छ। यसरी कुल लागत कम्तीमा आठ ट्रिलियन डलर पुग्ने निश्चित भइसकेको छ। जनमत सर्वेक्षणले देखाउँछन् कि अमेरिकीहरू विदेशमा आक्रामक युद्ध गर्न खासै इच्छुक छैनन्। इरानमा जारी युद्ध आमअमेरिकामाझ निकै अलोकप्रिय छ।

अलजजिराबाट

इतिहासमा आज सेप्टेम्बर १३

सन् १९४० : दोस्रो विश्वयुद्धका क्रममा जर्मन लडाकु विमानले बकिंघम दरबारमाथि बमबारी गर्‍यो।

- **सन् १५००** : पेड्रो अलभारेज क्याब्रल नेतृत्वको पोर्चुगिज नाविक अभियान भारतको कालिकुट पुग्यो। भास्को डी गामाले भारत जाने नयाँ समुद्री बाटो खुलाएपछिको पहिलो समुद्री अभियानको नेतृत्व गर्न क्याब्रल चुनिएका थिए।
- **सन् १५०१** : माइकेलान्जेलोले पुनर्जागरणकालको अद्वितीय कलाकृति मानिने 'डेभिड'को प्रस्तर मूर्ति निर्माण सुरु गरे।
- **सन् १८४५** : अंग्रेज रसायनशास्त्री माइकल फाराडेले 'पोलाराइज्ड' प्रकाशमाथि पर्ने चुम्बकीय क्षेत्रको प्रभाव पत्ता लगाए।
- **सन् १९२२** : लिबियाको 'अल अजिजिया' भन्ने ठाउँमा ५८ डिग्री सेल्सियसको तापमान भएको भनियो। तथापि, सन् २०१२ मा विश्व जलवायु संगठनले यस मापनलाई गलत ठहर गरिदियो। संगठनका अनुसार विश्वको सही उच्च तापक्रम सन् १९१३ जुलाई १० को दिन मापन गरिएको थियो। सो दिन क्यालिफोर्निया राज्यका डेथ भ्यालीको फ्रिक र्‍यान्चमा ५६.७ डिग्री सेल्सियस तापक्रम रेकर्ड भएको थियो।
- **सन् १९२३** : स्पेनका जनरल मिगेल प्राइमो डी रिभेरा देशका राजा अलफोन्सो तेह्रौँको सहयोगमा सैन्य कुमार्फत नयाँ प्रधानमन्त्री बने।
- **सन् १९५९** : सोभियत संघले पठाएको अन्तरिक्षयान लुना-२ चन्द्र धरातलमा अवतरण गर्‍यो। यसले पहिलो मानवनिर्मित यान पृथ्वीबाहेकको अन्य अन्तरिक्ष वस्तु छुने रेकर्ड बनाएको थियो।
- **सन् १९७१** : दुई दिनअघि बितेका पूर्वसोभियत नेता निकिता ख्रुस्चेवको (कार्यकाल सन् १९५३-१९६४) अन्तिम संस्कार सम्पन्न गरियो।
- **सन् १९८५** : सिगेरु मियामोतोले विकास गरेको 'सुपर मारियो ब्रोज' नामक भिडियो गेम पहिलोपटक सार्वजनिक गरियो।
- **सन् १९८९** : पादरी डेसमन्ड टुटुको नेतृत्वमा रंगभेदविरोधी आन्दोलनको इतिहासकै सबैभन्दा ठुलो विरोध र्‍याली निस्कियो।
- **सन् १९९३** : नर्वेको मध्यस्थतामा भएको इजरायल-प्यालेस्टाइनबिचको शान्ति सम्झौता 'ओस्लो एकर्ड' सार्वजनिक गरियो।

साउदीले बन्द गर्‍यो तेल पाइपलाइन

रियाद/ मध्यपूर्वमा द्वन्द्व विस्तार भइरहेका वेला इराकबाट प्रहार गरिएका ड्रोनको आक्रमणपछि साउदी अरबले एउटा महत्त्वपूर्ण तेल पाइपलाइन बन्द गरेको छ। इरानसँग सीमा जोडिएको आफ्नो एउटा प्रान्तबाट छिमेकी मुलुकको 'पूर्व-पश्चिम' पाइपलाइनमा ड्रोन आक्रमण भएको स्वीकार गरेपछि इराकले एक सैन्य कमान्डरलाई बर्खास्त गर्नुका साथै घटनाको अनुसन्धानसमेत सुरु गरेको जनाएको छ। साउदी अरबले यसअघि नै इराकमा रहेका इरान-समर्थित लडाकु समूहहरूले आफ्ना तेलसम्बन्धी संरचनालाई निसानामा पारेको आरोप लगाउँदै आएको छ।

१,२०० किलोमिटर (७४५ माइल) लामो यो पाइपलाइनले विश्वकै सबैभन्दा ठुलो कच्चा तेल निर्यातकर्ता साउदी अरबलाई 'स्ट्रेट अफ हर्मुज' छलेर तेल ढुवानी गर्न मद्दत गरेको छ।

अमेरिका र इरानबिचको द्वन्द्व सातौँ महिनामा प्रवेश गरिरहँदा र यमनमा इरान-समर्थित हुथी विद्रोहीहरूले ठुलो अग्रता लिइरहेको अवस्थामा पछिल्लो घटनाक्रमको विकास भएको हो। यसले विश्वव्यापी तेल ढुवानी मार्गमा थप दबाब सिर्जना गरेको छ। हुथी विद्रोहीहरूले सम्पूर्ण लालसागरको तटीय क्षेत्र आफ्नो नियन्त्रणमा लिएको भोलिपल्टै शुक्रबार साउदी-समर्थित यमनी सरकारी फौजले रणनीतिक महत्त्वको तटीय सहर 'मोखा'मा हुथी लडाकुमाथि आक्रमण गरेको जनाएको छ।

३४ करोडको ठेक्का लिएर १४ वर्षसम्म काम नगर्ने ठेकेदारलाई दुई अर्ब जरिवाना

झापाको कन्काई पुलको ठेक्का लिएर अलपत्र पार्ने पप्पु-महादेव खिम्ती जेभीलाई ३५ दिनभित्र दुई अर्ब जरिवाना बुझाउन भन्दै सूचना जारी, जरिवानाबाट कन्काई पुलको बाँकी काम गरिने

हुलाकी राजमार्ग निर्देशनालय इटहरीका सूचना अधिकारी **उपेन्द्र दास** भन्छन्-

सर्वजनिक खरिद ऐन र नियमावलीअनुसार कारबाहीस्वरूप एक अर्ब ९९ करोड १२ लाख ५८ हजार सात सय ७५ रुपैयाँ ३५ दिनभित्र दाखिला गर्न सूचना जारी गरिएको छ। पुरानो काममा शून्य मूल्यांकन गरेका छौँ। अब पुलको बाँकी काम गर्न लाग्ने लागत निकालेर सूचना निकालेका हौँ। ३५ दिनभित्र उक्त रकम राजस्व खातामा दाखिला नगरेमा निर्माण कम्पनीको जायजेथाबाट असुलउपर गरिने उनले बताए।

जेभीमध्येको एक महादेव खिम्तीका सञ्चालक **रवि सिंह** भन्छन्-

३४ करोडमा लिएको ठेक्कामा दुई अर्ब जरिवाना रे। अब पुल निर्माण गर्न दुई अर्ब लाग्छ भने ३४ करोडमा किन ठेक्का स्वीकृत गरियो ? ६० प्रतिशत काम सकियो भनेर उहाँहरूले नै मूल्यांकन गर्नुभएको छ। बाँकी ४० प्रतिशतलाई दुई अर्ब लाग्छ भने ३४ करोडमा कसरी सम्पन्न हुन्थ्यो ? काम गुणस्तरीय थिएन भने किन ६० प्रतिशतको भुक्तानी भयो ? गुणस्तरीय थिएन भने किन पास भयो ? पास गर्ने दण्डित भए कि भएनन् ? उनीहरूले चाहिँ जरिवाना तिर्नुपर्दैन ?

अझै सुरु भएन नयाँ ठेक्का प्रक्रिया

जोखिमपूर्ण यात्रा गर्न स्थानीय बाध्य

ठेक्का तोडिएको नौ महिना बितिसक्दासमेत कन्काई पुलको नयाँ ठेक्का लगाउने प्रक्रिया सुरु भएको छैन। हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय इटहरीले ११ मंसिरमा ठेक्का तोडेको थियो। ठेक्का तोडेपछि त्यसको विरुद्धमा निर्माण कम्पनी सर्वोच्च अदालतसम्म पुगेको थियो। तर, सर्वोच्चले २ पुस ०८२ मा अन्तरिम आदेश दिनुनपर्ने भनेपछि नयाँ ठेक्का प्रक्रियाका लागि बाटो खुलेको थियो। कन्काई पुलको नयाँ ठेक्का लगाउन भने समय लाग्ने सूचना अधिकारी दासको भनाइ छ। डेढ दशकसम्म कन्काई पुल नबनेपछि स्थानीयले जोखिपूर्ण रूपमा बर्खामा डुंगा र हिउँदमा बाँसको पुलबाट यात्रा गरिरहेका छन्। यसरी यात्रा गर्दा स्थानीयले पैसासमेत बुझाउनुपर्छ। दैनिक दुई सयभन्दा बढी मानिसले वारपार गर्ने ठाउँमा पुल नहुँदा कठिन भइरहेको स्थानीय बताउँछन्।

झापामा **चिरञ्जीवी घिमिरे**

हुलाकी राजमार्गअन्तर्गत झापाको कन्काई पुलको ठेक्का लिएर १४ वर्षसम्म काम नगर्ने ठेकेदार कम्पनीले दुई अर्ब रुपैयाँ जरिवाना तिर्नुपर्ने भएको छ। ३४ करोड नौ लाख रुपैयाँमा निर्माण गर्ने गरी कन्काई पुलको ठेक्का लिएको पप्पु-महादेव खिम्ती जेभीले काम नगरी आयोजना अलपत्र पारेपछि ठेक्का रकमको ६ गुणाबराबर जरिवाना तिर्नुपर्ने भएको हो।

हुलाकी राजमार्ग निर्देशनालय, आयोजना कार्यालय इटहरीले सूचना जारी गर्दै कारबाहीस्वरूपको रकम ३५ दिनभित्र बुझाउन आह्वान गरेको हो। उक्त जरिवाना सार्वजनिक खरिद ऐनअनुसार पुलको बाँकी काम गर्नका लागि निर्माण व्यवसायीबाट असुल गर्न लागिएको आयोजना कार्यालय इटहरीले जनाएको छ।

झापा गाउँपालिका- २ र गौरीगन्ज गाउँपालिका– १ जोड्ने कन्काई नदीको पुल करिब सात सय २३ मिटर लम्बाइको पुल पप्पु-महादेव खिम्ती जेभीले ३० जेठ ०७२ भित्र निर्माण सम्पन्न गर्ने गरी ३१ जेठ ०६८ मा ठेक्का लिएको थियो। यो कम्पनी निर्माण व्यवसायी महासंघका निवर्तमान अध्यक्ष रवि सिंह र पूर्वसांसद हरिनारायण रौनियारको संयुक्त उपक्रम (जेभी) हो।

१४ वर्षमा पाँचपटक म्याद थप्दा पनि ५६ प्रतिशत मात्रै काम भएपछि ०८२ मंसिरमा सरकारले ठेक्का तोड्ने निर्णय गरेको थियो। निर्माण कम्पनीलाई भुक्तानी पनि त्यही हाराहारी गरेको आयोजनाले जनाएको छ। ठेक्का तोडेपछि सर्वजनिक खरिद ऐन र नियमावलीअनुसार कारबाहीस्वरूप एक अर्ब ९९ करोड १२ लाख ५८ हजार सात सय ७५ रुपैयाँ ३५ दिनभित्र दाखिला गर्न सूचना जारी गरिएको हुलाकी राजमार्ग निर्देशनालय, आयोजना कार्यालय इटहरीले जनाएको छ। सार्वजनिक खरिद ऐनअनुसार कारबाहीस्वरूप उक्त पुल बनाउन लाग्ने रकम निर्माण व्यवसायीबाट असुलउपर गर्न सूचना जारी गरिएको आयोजना कार्यालयका सूचना अधिकारी उपेन्द्र दासले जानकारी दिए।

सार्वजनिक खरिद ऐनको दफा ५९ को उपदफा ३ (ख) अनुसार खरिद सम्झौताबमोजिमको काम आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायीले नगरेका कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्चबापत निजले व्यहोर्नुपर्ने दायित्व उल्लेख छ। ऐनमा सम्झौताबमोजिमको बाँकी कार्य सम्पन्न गर्न सार्वजनिक निकायले गरेको अद्यावधिक लागत अनुमानका आधारमा आउने रकम र सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट नै उक्त कार्य सम्पन्न हुँदा लाग्ने रकमको तुलनाका आधारमा सार्वजनिक निकायले व्यहोर्नुपर्ने थप रकमको दायित्व यकिन गरी त्यसरी सम्झौताबमोजिम काम सम्पन्न नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट उक्त थप रकम सरकारी बाँकीसरह असुल गरिने उल्लेख छ।

त्यहीअनुसार कन्काई पुलको थप काम गर्न लाग्ने रकम असुलउपर गर्न लागिएको सूचना अधिकारी दासले जानकारी दिए। 'आयोजना कार्यालय इटहरीबाट मूल्यांकन गर्दा अब पुलको बाँकी काम गर्न लाग्ने लागत निकालेर सूचना निकालेका हौँ। हामीले मूल्यांकन गर्दा विगतको कामको गुणस्तरमा चित्त बुझेन। विगतमा पनि काममा त्रुटि देखिएको थियो,' सूचना अधिकारी दासले भने, 'तसर्थ, हामीले पुरानो काममा शून्य मूल्यांकन गरेका छौँ। पुल पूर्ण रूपमा नयाँ बनाउनुपर्छ कि पर्दैन भन्ने विषयमा विभागलाई तेस्रो पक्षको मूल्यांकन गर्न भनेका छौँ।' ३५ दिनभित्र उक्त रकम राजस्व खातामा दाखिला नगरेमा निर्माण कम्पनीको जायजेथाबाट असुलउपर गरिने उनले बताए।

के भन्छन् निर्माण व्यवसायी ?

ठेक्का लिएर काम नगर्ने महादेव खिम्तीका सञ्चालक तथा निर्माण व्यवसायी महासंघका निवर्तमान अध्यक्ष रवि सिंहले सरकारले व्यवसायीलाई दमन गरेको बताए। उनले सरकारले आफूलाई मात्र नभई अन्य निर्माण व्यवसायीमाथि पनि यस्तै व्यवहार गरिरहेको बताए। सरकारको यो व्यवहारले व्यवसायीहरू पलायन हुनुपर्ने अवस्था आएको उनको भनाइ छ। 'जे गर्दा पनि हुन्छ भन्ने हुँदै छ। ३४ करोडमा लिएको ठेक्कामा दुई अर्ब जरिवाना रे। अब पुल निर्माण गर्न दुई अर्ब लाग्छ भने ३४ करोडमा किन ठेक्का स्वीकृत गरियो ? ६० प्रतिशत काम सकियो भनेर उहाँहरूले नै मूल्यांकन गर्नुभएको छ। बाँकी ४० प्रतिशतलाई दुई अर्ब लाग्छ भने ३४ करोडमा कसरी सम्पन्न हुन्थ्यो ?' उनले भने, 'काम गुणस्तरीय थिएन भने किन ६० प्रतिशतको भुक्तानी भयो ? गुणस्तरीय थिएन भने किन पास भयो ? पास गर्ने दण्डित भए कि भएनन् ? उनीहरूले चाहिँ जरिवाना तिर्नुपर्दैन ?'

मलेसिया रोजगारीको सिन्डिकेट २५ म्यानपावर कम्पनीमाथि छानबिन

नयाँ पत्रिका

सरकारले मलेसियाको रोजगारीमा खडा गरिएको सिन्डिकेट भत्काउने गरी छानबिन तथा कारबाही प्रक्रिया अघि बढाएको छ। नेपालका २५ म्यानपावर कम्पनीलाई मात्रै मलेसियाको रोजगारीमा श्रमिक पठाउने अधिकार दिने गरी खडा गरिएको सिन्डिकेट तोड्ने गरी आबद्ध कम्पनीमाथि छानबिन तथा कारबाही अघि बढाएको हो।

वैदेशिक रोजगार विभागले मलेसियाको विदेशी श्रमिक केन्द्रीकृत व्यवस्थापन प्रणाली (एफडब्लुसिएमएस)मा आबद्ध नेपाली इजाजतपत्रप्राप्त वैदेशिक रोजगार व्यवसायी संस्थामाथि छानबिन तथा कारबाही प्रक्रिया अघि बढाएको हो। विभागले उक्त प्रणालीमा 'मुख्य श्रमिक भर्ना संस्था'का रूपमा सूचीकृत २५ वटा इजाजतपत्रप्राप्त संस्थालाई प्रणालीसँगको आबद्धता निरन्तरता नदिन, आफू उक्त प्रणालीबाट बाहिर निस्किएको तथ्यगत जानकारी प्रमाणसहित पेस गर्न तथा नयाँ रूपमा आबद्ध नहुन निर्देशन दिएको छ।

> मलेसियाको विदेशी श्रमिक केन्द्रीकृत व्यवस्थापन प्रणाली (एफडब्लुसिएमएस) बाट बाहिर निस्कन र नयाँ रूपमा आबद्ध नहुन म्यानपावर कम्पनीलाई निर्देशन

ती संस्थाका 'आबद्ध' वा 'सहयोगी संस्था'का रूपमा सूचीकृत भएका भनिएका दुई सय ५० संस्थाको मलेसियासम्बन्धी नयाँ पूर्वस्वीकृति प्रक्रिया पनि हाललाई रोक्का गरिएको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयको निर्देशन तथा ०८३ भदौ २६ गतेको मन्त्रीस्तरीय निर्णयबमोजिम विभागले उक्त कदम चालेको हो। विभागले २५ मुख्य संस्थाको कारोबार, छनोटको आधार, मलेसिया रोजगारीमा रहेको विगतको संलग्नता तथा अन्य संस्थालाई आबद्ध गर्दा अपनाइएको प्रक्रियाबारे छानबिन थालेको छ। यस्तै, आबद्ध वा सहयोगी संस्थाका रूपमा सूचीकृत दुई सय ५० संस्थासँग उक्त प्रणालीमा आबद्ध हुनुको आधार, अपनाइएको प्रक्रिया तथा मुख्य संस्थासँगको सम्बन्धबारे स्पष्टीकरण माग्ने प्रक्रिया अघि बढाइएको छ।

छानबिन तथा अध्ययन पूरा नहुँदासम्म दुई सय ५० संस्थाले मलेसियाका लागि नयाँ पूर्वस्वीकृति प्रक्रिया अघि बढाउन पाउनेछैनन्। यो रोक्का मलेसियाका लागि हुने नयाँ पूर्वस्वीकृतिमा मात्र लागू हुने मन्त्रालयले स्पष्ट पारेको छ। यस सम्बन्धमा गरिएको कारबाहीबाट यसअघि नै वैदेशिक रोजगारीका लागि सम्पूर्ण प्रक्रिया पूरा गरी श्रम स्वीकृति प्राप्त गरिसकेका श्रमिकको हकमा कुनै असर पर्नेछैन। त्यस्ता श्रमिकको वैदेशिक रोजगारीमा जाने प्रक्रिया यथावत् रहने विभागले जनाएको छ।

विभागले सम्बन्धित संस्थालाई निष्पक्ष प्रतिस्पर्धामा संकुचित गर्ने कुनै पनि कार्य वा संरचनामा संलग्न नहुन निर्देशन दिएको छ। त्यस्तो संरचनासँग आबद्धता कायम रहेको भए तत्काल अन्त्य गर्न तथा श्रमिक छनोट र वैदेशिक रोजगार व्यवसायमा समूहगत नियन्त्रण वा एकाधिकार कायम गर्ने कुनै पनि गतिविधि नगर्न भनिएको छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३७ बमोजिम जारी गरिएको निर्देशन पालना गर्नु सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य भएको विभागले जनाएको छ। निर्देशन वा प्रचलित कानुन उल्लंघन भएको पाइएमा सोही ऐनको दफा ५४ तथा अन्य प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनी दिइएको छ। उक्त दफामा इजाजतपत्र रद्दसम्मको कारबाही गर्न सकिने व्यवस्था छ।

सरकारले वैदेशिक रोजगार व्यवसायमा पारदर्शिता र निष्पक्ष प्रतिस्पर्धा कायम गर्दै सबै इजाजतपत्रप्राप्त संस्थाका लागि समान अवसर सुनिश्चित गर्ने जनाएको छ। 'छानबिनबाट कुनै व्यक्ति वा संस्थाको कानुनविपरीत संलग्नता, गैरकानुनी आर्थिक कारोबार वा प्रतिस्पर्धा सीमित गर्ने गतिविधि पुष्टि भएमा आवश्यक कानुनी कारबाही गरिनेछ,' विभागले भनेको छ।

मलेसियासँगको श्रम आप्रवासनसम्बन्धी विषयलाई दुई देशबिचको सरकार-सरकार संवादबाट समाधान गर्न प्रशासनिक तथा कूटनीतिक पहल जारी रहेको र नेपालको कानुन र मलेसिया सरकारसँग भएको श्रम सम्झौताबमोजिमको व्यवस्थाका लागि अनुरोध भइरहेको विभागले जनाएको छ। 'मलेसियामा नेपाली श्रमिक पठाउने प्रक्रियालाई पारदर्शी, व्यवस्थित, प्रतिस्पर्धी र निर्बाध बनाउँदै सुरक्षित, मर्यादित तथा न्यायोचित वैदेशिक रोजगारी सुनिश्चित गर्ने सरकारको प्रतिबद्धता रहेको छ,' विभागले भनेको छ।

सुदूरपश्चिममा ५२ करोड नाघ्यो विद्युत् बक्यौता

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिममा विद्युत् प्राधिकरणको विद्युत् महसुलको बक्यौता ५२ करोड नाघेको छ। विद्युत् प्राधिकरणको प्रादेशिक कार्यालय अत्तरियाका अनुसार प्रदेशका १२ मध्ये नौवटा वितरण केन्द्रको गत आव ०८२/८३ सम्मको बक्यौता ५२ करोड २३ लाख ६५ हजार रुपैयाँ छ। साउनयता पनि बक्यौता थपिएको प्राधिकरणले जनाएको छ।

प्रादेशिक कार्यालयका अनुसार अछाम, बाजुरा र दार्चुला वितरण केन्द्रअन्तर्गत केही ग्राहकले अग्रिम महसुल भुक्तानी गरेकाले बक्यौता रकम यकिन छैन। घरायसी प्रयोजन, औद्योगिक, व्यवसायिक, सिँचाइ, सहरी क्षेत्रमा स्मार्ट स्ट्रिट लाइट, सेवामूलक सार्वजनिक निकाय, मठमन्दिर, गुम्बा, सामुदायिक खानेपानी आदिको बक्यौता रहेको हो। बक्यौताको सबैभन्दा ठुलो हिस्सा सहरी क्षेत्रमा जडान गरिएका सडकबत्ती तथा घरायसी प्रयोजन, उद्योग र व्यापारिक फर्महरूको छ। धेरैजसो बक्यौता वर्षौंदेखिको रहेको प्रदेश कार्यालयले जनाएको छ।

असार मसान्तसम्मको विवरणअनुसार कञ्चनपुरको महेन्द्रनगर वितरण केन्द्रअन्तर्गत मात्रै २२ करोड ७० लाख ९९ हजार बक्यौता उठ्न बाँकी छ। कैलालीको धनगढी वितरण केन्द्रको बक्यौता १५ करोड ४९ लाख ९४ हजार छ। धनगढीको बक्यौता बढेर साउन मसान्तसम्म १८ करोड ६३ लाख पुगेको छ। प्रदेश कार्यालय अत्तरियाका सहायक निर्देशक यमकर्ण बस्नेतले साउनयता पनि बस्यौता थप हुँदै गएको बताए। बक्यौतामध्ये धेरैजसो रकम उठ्ने सम्भावना कम रहेको प्राधिकरणको आकलन छ।

कैलालीको टीकापुर वितरण केन्द्रको बक्यौता ६ करोड ७६ लाख, भजनी वितरण केन्द्रको एक करोड ७० लाख र कञ्चनपुरको बेलौरी वितरण केन्द्रको बक्यौता दुई करोड ६२ लाख रहेको बस्नेतले जानकारी दिए। त्यस्तै, डडेलधुरा वितरण केन्द्रको एक करोड ११ लाख, डोटी वितरण केन्द्रको ९४ लाख, बैतडी वितरण केन्द्रको ६२ लाख र बझाङ वितरण केन्द्रको २६ लाख महसुल बक्यौता रहेको प्राधिकरणले जनाएको छ।

सडकबत्तीको बक्यौता धेरै

तराईका वितरण केन्द्रमा उठ्न बाँकी महसुलको ठुलो हिस्सा सहरी क्षेत्रमा जडान गरिएको स्मार्ट स्ट्रिट लाइटको रहेको छ। महेन्द्रनगर वितरण केन्द्रअन्तर्गत स्मार्ट स्ट्रिट लाइटको बक्यौता ११ करोड ७३ लाख, धनगढी वितरण केन्द्रअन्तर्गत सात करोड ४४ लाख र टीकापुर वितरण केन्द्रअन्तर्गत चार करोड ६३ लाख रुपैयाँ बक्यौता रहेको प्राधिकरणको तथ्यांक छ।

औद्योगिक क्षेत्रको उठ्न बाँकी महसुल महेन्द्रनगर वितरण केन्द्रअन्तर्गत दुई करोड ७१ लाख र धनगढी वितरण केन्द्रअन्तर्गत एक करोड ८३ लाख रुपैयाँ छ। पसललगायत व्यापारिक फर्महरूको बक्यौता धनगढी वितरण केन्द्रअन्तर्गत एक करोड १९ लाख ८० हजार, महेन्द्रनगर वितरण केन्द्रअन्तर्गत एक करोड १४ लाख ६२ हजार र भजनी वितरण केन्द्रअन्तर्गत ४८ लाख ८१ हजार बक्यौता छ।

गत आर्थिक वर्षमा मात्र प्राधिकरणले प्रदेशभरि आठ हजार चार सय २० ग्राहकको लाइन काटेको थियो। लाइन काटेपछि आठ हजार ५१ ग्राहकबाट १४ करोड पाँच लाख रुपैयाँ असुल भएको बस्नेतले जानकारी दिए। सुदूरपश्चिममा प्राधिकरणका करिब चार लाख २६ हजार ग्राहक छन्। प्राधिकरणको प्रादेशिक कार्यालयका प्रमुख हरिप्रसाद पाण्डेयले बिजुलीको बक्यौता उठाउन ताकेता गर्ने र लाइन काट्ने गरिएको बताए। उनले बक्यौताको ठुलो हिस्सा स्मार्ट स्ट्रिट लाइटको रहेकाले त्यस्तो बक्यौता असुली सरकारको निर्णयमा भर पर्ने बताए।

धनुषाका ३८५ परिवारले पाए लालपुर्जा

काठमाडौं/ नापी कार्यालय धनुषाले नापजाँच भएको करिब पाँच वर्षपछि धनुषाको सबैला नगरपालिका वडा नं ८ र ९ का साबिक ठिला गाउँ विकास समितिका तीन सय ८५ परिवारलाई जग्गाधनी पुर्जा वितरण गरेको छ। लामो समयदेखि स्ववासीका रूपमा बसोवास गर्दै आएका तीन सय ८५ परिवार औपचारिक रूपमा आफ्नो जग्गाको कानुनी स्वामित्व प्राप्त गरेको भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ। नापजाँच सम्पन्न भए पनि जग्गा दर्ताका लागि आवश्यक जनसहभागिता न्यून हुँदा पुर्जा वितरणको प्रक्रिया लामो समय रोकिएको थियो।

सातामा १६.७२ अंकले बढ्यो बजार

काठमाडौं/ यो सातामा सेयर बजार सामान्य बढेको छ। सातामा बजार १६.७२ अंक अर्थात् ०.६५ प्रतिशतले बढेको हो। गत बिहीबार (१८ भदौ) २५४२.७७ विन्दु रहेको नेप्से परिसूचक यो साता सामान्य अंकले बढेर २५५९.४९ विन्दुमा बन्द भएको छ।

यो साता चार दिन मात्रै सेयर बजार खुल्यो। चार दिनमा दुई दिन बजार बढ्यो भने दुई दिन घट्यो। साताको पहिलो कारोबार दिन सोमबार १८.०७ अंकले बजार बढ्यो। मंगलबार जेन-जी दिवसमा सरकारले बिदा दिएपछि अर्को कारोबार बुधबार भयो। सो दिन १५.४३ र बिहीबार १३.८५ प्रतिशतले बढेको बजार शुक्रबार २७.९४ अंकले बढेको हो।

साढे ६ हजारले घट्यो सुन

यो साता सुन प्रतितोला ६ हजार चार सय रुपैयाँले घटेको छ। गत शुक्रबार (भदौ १९) प्रतितोला तीन लाख सात हजार चार सयमा कारोबार भएको सुन यो शुक्रबार (२६ भदौ) प्रतितोला तीन लाख एक हजार कायम भएको हो। यो २.०८ प्रतिशतले घटेको हो। त्यसैगरी, चाँदी भने तोलामा एक सय ६५ रुपैयाँले घटेको हो। गत शुक्रबार प्रतितोला चार हजार सात सय ६५ मा किनबेच भएको चाँदी यो शुक्रबार चार हजार ६ सयमा कारोबार भयो।

६४ अर्ब नाघ्यो विकास बैंकहरूको प्राथमिक पुँजी

विकास बैंकहरूले कुल पाँच खर्ब ५१ अर्ब ४५ करोड कर्जा प्रवाह गर्दा औसत खराब कर्जा ५.३७ प्रतिशत

पवन तिमिल्सिना/नयाँ पत्रिका

विकास बैंकहरूको चुक्ता पुँजी ४५ अर्ब ४९ करोड रुपैयाँभन्दा बढी पुगेको छ। नेपाल राष्ट्र बैंकका अनुसार ०८२/८३ को असार मसान्तसम्ममा राष्ट्रिय तथा क्षेत्रीयस्तरका विकास बैंकहरूको कुल चुक्ता पुँजी ४५ अर्ब ४९ करोड ५२ लाख ९७ हजार रुपैयाँ कायम भएको हो।

बैंकहरूको प्राथमिक पुँजी ६४ अर्ब २६ करोड २९ लाख रुपैयाँ र कुल पुँजी कोष ७९ अर्ब ८१ करोड २१ लाख रुपैयाँ पुगेको छ। यसैगरी, बैंकहरूको कुल जोखिम भारित सम्पत्ति पाँच खर्ब ४७ अर्ब ६३ करोड १७ लाख रुपैयाँ रहेको छ। समग्र विकास बैंक क्षेत्रको औसत प्राथमिक पुँजीकोष अनुपात ११.७३ प्रतिशत र कुल पुँजीकोष अनुपात १४.५७ प्रतिशत रहेको छ।

चुक्ता पुँजीका आधारमा मुक्तिनाथ विकास बैंक सबैभन्दा अगाडि रहेको छ। बैंकको चुक्ता पुँजी आठ अर्ब रुपैयाँ पुगेको छ। यस्तै, गरिमा विकास बैंक ६ अर्ब दुई करोड रुपैयाँसहित दोस्रो र साइन रेसुंगा डेभलपमेन्ट बैंक पाँच अर्ब दुई करोड रुपैयाँ चुक्ता पुँजीसहित तेस्रो स्थानमा छन्।

पुँजीकोष अनुपातमा कर्पोरेट डेभलपमेन्ट बैंक सबैभन्दा बलियो देखिएको छ। कर्पोरेटको यस्तो अनुपात ३९.७३ प्रतिशत छ। सलपा विकास बैंकको ३२.६९ प्रतिशत र मितेरी डेभलपमेन्ट बैंकको २५.७५ प्रतिशतको पुँजीकोष अनुपात छ।

राष्ट्रियस्तरका ठुला विकास बैंकहरूमध्ये महालक्ष्मी विकास बैंकको पुँजीकोष अनुपात १७.५७ प्रतिशत र प्राथमिक पुँजीकोष अनुपात १४.०४ प्रतिशत कायम भएको छ। समस्याग्रस्त बैंकको वर्गमा राखिएको कर्णाली डेभलपमेन्ट बैंकको पुँजी पर्याप्तता अनुपात भने १४२.६३ प्रतिशत ऋणात्मक रहेको छ।

असार मसान्त ०८३ सम्ममा विकास बैंकहरूको कुल निक्षेप संकलन ६ खर्ब ६१ अर्ब ९१ करोड १६ लाख रुपैयाँ र कुल कर्जा पाँच खर्ब ५१ अर्ब ४५ करोड ९६ लाख रुपैयाँ रहँदा औसत कर्जा निक्षेप अनुपात ८४.१० प्रतिशत कायम भएको छ।

यस्तो छ विकास बैंकहरूको वित्तीय विवरण

विकास बैंक	चुक्ता पुँजी (रु. हजारमा)	प्राथमिक पुँजी (रु. हजारमा)	कुल पुँजीकोष (रु. हजारमा)	जोखिम भारित सम्पत्ति (रु. हजारमा)
मुक्तिनाथ विकास बैंक	८,०००,३८९	११,२९६,२१६	१३,३४५,०२१	९९,०९२,६०४
गरिमा विकास बैंक	६,०२१,३४८	९,४२०,८२८	११,०४३,४२२	८१,०४८,९७२
साइन रेसुंगा डेभलपमेन्ट बैंक	५,०२१,९७३	७,३२१,९५४	९,२४७,७९०	६७,५१०,१६८
महालक्ष्मी विकास बैंक	४,५११,२८१	६,५६६,४९७	८,२१५,७५९	४६,७६३,८५१
ज्योति विकास बैंक	४,३९५,७८६	५,८३५,०२३	८,५७०,३१६	६०,९८३,९७०
कामना सेवा विकास बैंक	४,२११,९३१	६,१७६,४९६	७,४९६,५६३	५२,९५६,४७९
सांग्रिला डेभलपमेन्ट बैंक	३,७३४,०६९	५,६०८,५९६	७,०७७,६३९	४८,३८३,८०४
लुम्बिनी विकास बैंक	३,६२३,६७८	५,८९१,२३२	७,७९१,६०३	५२,०९४,७६९
एक्सेल डेभलपमेन्ट बैंक	१,२४९,६९४	१,६८०,८४७	१,९८९,९७४	१३,५९८,३२९
मितेरी डेभलपमेन्ट बैंक	१,२१७,१००	१,७१४,७८९	१,७९९,६३६	६,९८८,४९२
सप्तकोशी डेभलपमेन्ट बैंक	८३४,३३८	३६४,७००	५६७,०४२	५,०२२,२६३
ग्रिन डेभलपमेन्ट बैंक	६१५,५००	७२५,१७८	७९१,००५	५,३१८,५२६
सिन्धु विकास बैंक	५५७,४५६	४०६,०५६	४८८,७०६	३,९५२,४३७
कर्पोरेट डेभलपमेन्ट बैंक	५२५,०००	६१५,३७३	७०५,२०९	१,७७४,९५३
सालपा विकास बैंक	५२२,३८८	५०८,८२४	५२३,३६९	१,६०१,१४२
नारायणी डेभलपमेन्ट बैंक	४५३,३६६	१३०,३२३	१५९,१२५	५४०,९७१
कुल	४५,४९५,२९७	६४,२६२,९३१	७९,८१२,१८०	५,४७,६३,१७,२९

स्रोत : नेपाल राष्ट्र बैंक

कुन बैंकको खराब कर्जा कति ?

१६ वटा विकास बैंकहरूले कुल पाँच खर्ब ५१ अर्ब ४५ करोड ९६ लाख रुपैयाँ कर्जा प्रवाह गर्दा औसत खराब कर्जा ५.३७ प्रतिशत पुगेको छ। विकास बैंकहरूमध्ये मितेरी डेभलपमेन्ट बैंकको खराब कर्जा सबैभन्दा कम ०.२६ प्रतिशत र सालपा विकास बैंकको ०.७९ प्रतिशत मात्र रहेको छ। त्यसैगरी, ग्रिन डेभलपमेन्ट बैंकको खराब कर्जा ३.२२ प्रतिशत र कामना सेवा विकास बैंकको ३.७७ प्रतिशत छ।

त्यस्तै, सप्तकोशी डेभलपमेन्ट बैंकको खराब कर्जा ७.६८ प्रतिशत, सिन्धु विकास बैंकको ७.६६ प्रतिशत, लुम्बिनी विकास बैंकको ६.९४ प्रतिशत र ज्योति विकास बैंकको ६.५५ प्रतिशत रहेको छ। यसको विपरीत नारायणी डेभलपमेन्ट बैंकको खराब कर्जा अत्यधिक भई ४८.५१ प्रतिशत पुगेको छ। यस्तै, समस्याग्रस्त कर्णाली डेभलपमेन्ट बैंकको खराब कर्जा भने ९७.४५ प्रतिशतसम्म पुगेको छ।

यस महिनाको करदाता प्रोत्साहन उपहार कार्यक्रम घोषणा १ असोजमा

दुईजनाले १०–१० लाख र ३१ जनाले एक लाख ३३ हजारका दरले उपहार जित्ने

नयाँ पत्रिका

रसुवाको भोटेकोशीमा आएको बाढीका कारण स्थगन गरिएको भदौ महिनाको करदाता प्रोत्साहन उपहार घोषणा आगामी १ असोजमा गरिने भएको छ। करदातालाई बिल लिन र कर तिर्ने प्रणालीमा अभ्यस्त गराउन नयाँ आर्थिक वर्षको बजेटमार्फत उक्त उपहार कार्यक्रम घोषणा गरिएको थियो।

१ साउनदेखि सुरु गरिएको उक्त प्रोत्साहन कार्यक्रमअन्तर्गत १६ भदौमा हुने भनिएको पुरस्कार घोषणा भोटेकोशी बाढीका कारण स्थगन गरिएको थियो। अर्थ मन्त्रालयअन्तर्गतको आन्तरिक राजस्व विभागले १ असोजमा भदौ महिनाभरिको पुरस्कार घोषणा गर्ने तयारी गरिरहेको विभागका महानिर्देशक डा. भीष्मकुमार भुसालले जानकारी दिए।

उनका अनुसार पहिलो चरणमा १ देखि १५ भदौसम्म बिल-बिजक लिएर विभागको पोर्टलमा दर्ता गराएका तथा अनलाइनमार्फत वस्तु खरिद गरेका उपभोक्तामध्येबाट हरेक दिनको एकजनाका दरले १५ जनालाई एक लाख ३३ हजार तीन सय ३४ रुपैयाँका दरले विजेता छनोट गरिनेछ। यस्तै, १ देखि १५ सम्म कारोबारमा संलग्न उपभोक्तामध्येबाट एकजनालाई १० लाख रुपैयाँ राशिको करदाता बम्पर प्रोत्साहन पुरस्कारका लागि छनोट गरिनेछ।

त्यसपछि दोस्रो चरणमा, भदौ १६ देखि ३१ गतेसम्म १६ दिनका लागि १६ जनालाई एक लाख ३३ हजार तीन सय ३४ रुपैयाँ पुरस्कारका लागि छनोट गरिने विभागले जनाएको छ। यस्तै, भदौको दोस्रो १६ दिनका उपभोक्तामध्येबाट एकजना १० लाख रुपैयाँ राशिको बम्पर विजेता छनोट हुनेछन्।

असोज १ गते भदौ महिनाका एक लाख ३३ हजार तीन सय ३४ रुपैयाँका ३१ जना विजेता र १०-१० लाख रुपैयाँका दुईजना बम्पर विजेता गरी जम्मा ३३ जनालाई करदाता प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ।

पुरस्कारका लागि योग्य हुन उपभोक्ताले अनिवार्य रूपमा एक सय रुपैयाँभन्दा बढीको वस्तु खरिद गर्दा सक्कली भ्याट वा प्यान बिल लिएको र सकेसम्म अनलाइन भुक्तानी गरेको हुनुपर्नेछ। विभागका अनुसार अनलाइनमार्फत गरिएको कारोबार स्वतः सरकारको करदाता प्रोत्साहन प्रणालीमा समावेश हुन्छ। नगदमा कारोबार गरेर सक्कली बिल लिएका उपभोक्ताले भने आन्तरिक राजस्व विभागको करदाता प्रोत्साहन पुरस्कार पोर्टलमा गई आफूले प्राप्त गरेको बिल अपलोड गरेर पुरस्कारका लागि योग्य बन्न कुपन लिनुपर्छ।

भदौ १ देखि १५ गतेसम्म बिल लिएका उपभोक्ताले पुरस्कारमा सहभागी हुन १५ गतेसम्म आफ्नो बिल प्रणालीमा दर्ता गरेर उपहार कुपन लिइसकेको हुनुपर्ने विभागले जनाएको छ। साथै, १६ देखि ३१ गतेसम्म कारोबार गरेर बिल लिएका उपभोक्ताले भदौ मसान्तको राति १२ बजेसम्ममा आफ्नो बिल प्रणालीमा दर्ता गरेर उपहार कुपन प्राप्त गरिसकेको हुनुपर्छ।

दुवै पुरस्कार रकममा २५ प्रतिशत कर लाग्नेछ। हरेक दिनका एक लाख ३३ हजार तीन सय ३४ रुपैयाँका विजेताले कर कटाएर एक लाख र १० लाखका विजेताले सात लाख ५० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नुहुने कार्यविधि छ।

खाद्य स्वच्छता र गुणस्तरमा जिम्मेवार बन्न उद्योगीलाई आग्रह

उत्पादनदेखि उपभोक्तासम्म खाद्य पदार्थको गुणस्तर कायम गर्नुपर्नेमा जोड

बुटवलमा **विष्णु घिमिरे**

खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर कायम गर्न उद्योगी तथा व्यवसायी थप जिम्मेवार बन्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवाको आयोजना तथा रूपन्देही उद्योग संघ, बुटवलको सहयोगमा आयोजित 'खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी उद्योगी तथा सरोकारवालासँग अन्तर्क्रिया कार्यक्रम'मा सहभागीले खाद्य पदार्थको उत्पादनदेखि उपभोक्तासम्म पुग्ने सम्पूर्ण प्रक्रियामा स्वच्छता र गुणस्तर कायम गर्नुपर्ने बताएका हुन्।

कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवाका प्रमुख अनुप हलवाईले खाद्य पदार्थको उत्पादन, प्रशोधन, भण्डारण तथा वितरणका हरेक चरणमा स्वच्छता र गुणस्तरमा ध्यान दिनुपर्ने बताए। खाद्य स्वच्छता र गुणस्तर उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय भएकाले उद्योगी तथा व्यवसायीले यसमा विशेष जिम्मेवारी बहन गर्नुपर्ने उनको भनाइ थियो।

रूपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले खाद्य स्वच्छता र गुणस्तर उद्योगको उत्पादनसँग मात्र नभई उपभोक्ताको स्वास्थ्य तथा उद्योगप्रतिको विश्वाससँग समेत प्रत्यक्ष जोडिएको बताए। उद्योगको सफलता उत्पादन र बिक्रीमा मात्र नभई उपभोक्ताले विश्वासका साथ प्रयोग गर्न सक्ने सुरक्षित र गुणस्तरीय उत्पादन दिन सक्नुमा निर्भर रहने उनले उल्लेख गरे।

खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकाय र उद्योगीबिच नियमित संवाद, सहकार्य तथा सहजीकरण आवश्यक रहेको अध्यक्ष पराजुलीले बताए। यस्ता अन्तर्क्रियाले उद्योगीलाई नीति, मापदण्ड तथा आवश्यक प्रक्रियाबारे स्पष्ट जानकारी दिनुका साथै उद्योग र नियामक निकायबिचको सम्बन्धलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने उनले उल्लेख गरे। संघका प्रमुख कार्यकारी अधिकृत यादवप्रसाद भण्डारीका अनुसार कार्यक्रममा खाद्य स्वच्छता तथा गुणस्तरसँग सम्बन्धित दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो। पहिलो कार्यपत्रमा खाद्य निरीक्षण अधिकारी गौरी हमालले खाद्य स्वच्छता तथा गुणस्तरसँग सम्बन्धित मापदण्ड, अपनाउनुपर्ने सावधानी तथा उद्योगीको भूमिकाबारे जानकारी गराएकी थिइन्।

त्यसैगरी, दोस्रो कार्यपत्रमा खाद्य अनुमतिपत्रको अनलाइन प्रणालीबारे जानकारी दिइएको थियो। खाद्य निरीक्षण अधिकारी प्रकाश भण्डारी तथा कम्प्युटर अपरेटर अनुप अधिकारीले अनलाइनमार्फत खाद्य अनुमतिपत्र लिन सकिने प्रक्रिया, आवश्यक विवरण तथा प्रणालीको प्रयोगबारे सहभागीलाई जानकारी गराएका थिए।

कार्यक्रममा सहभागी उद्योगी तथा सरोकारवालाले खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी मापदण्ड, खाद्य अनुमतिपत्रको प्रक्रिया तथा अनलाइन प्रणालीका विषयमा विभिन्न जिज्ञासा राखेका थिए। सहभागीका जिज्ञासालाई सम्बन्धित अधिकारीले आवश्यक जानकारी तथा सहजीकरणसहित सम्बोधन गरेका थिए।

उद्योगीलाई खाद्य स्वच्छता, गुणस्तर तथा अनुमतिपत्रसम्बन्धी आवश्यक प्राविधिक जानकारी उपलब्ध गराउँदै उपभोक्ताको स्वास्थ्य संरक्षणमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको संघले जनाएको छ। कार्यक्रममा रूपन्देही उद्योग संघका प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, द्वितीय उपाध्यक्ष युवराज आचार्य, कोषाध्यक्ष विशाल बेलबासे तथा कार्यसमिति सदस्य यादव गैरे, दिलु शाही र रमेश आचार्यलगायत ४५ जना उद्योगी तथा सरोकारवालाको सहभागिता रहेको थियो।

कुलेश्वर माविका विद्यार्थीलाई कामना सेवा विकासको शैक्षिक सामग्री सहयोग

काठमाडौं/ कामना सेवा विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत शाखा कार्यालय कुलेश्वरमार्फत श्री कुलेश्वर माध्यमिक विद्यालयमा अध्ययनरत जेहेनदार विद्यार्थीलाई शैक्षिक तथा आवश्यक सामग्री वितरण गरेको छ। बैंकका काठमाडौं क्षेत्र प्रमुख केदारनाथ शर्माले विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेका हुन्। विद्यार्थीको पठनपाठनमा सहजता पुऱ्याउने उद्देश्यले स्कुल ब्याग, स्कुल ड्रेस र हाउस ड्रेस, जुत्ता तथा अन्य आवश्यक सामग्री वितरण गरिएको जनाइएको छ।

सामग्री हस्तान्तरण गर्दै क्षेत्र प्रमुख शर्माले बैंकले शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको र आर्थिक अभावका कारण आवश्यक शैक्षिक सामग्रीबाट वञ्चित विद्यार्थीलाई सहयोग गरिएको बताए। यस सहयोगले उनीहरूको पठनपाठनमा महत्त्वपूर्ण भूमिका खेल्ने उनको विश्वास थियो।

यस्तै, विद्यालयका प्रधानाध्यापक भानुभक्त विष्टले बैंकले विद्यालयका विपन्न तथा गरिब विद्यार्थीको शैक्षिक आवश्यकतालाई सम्बोधन गर्ने बताए। उनले बैंकले उपलब्ध गराएको सहयोगप्रति धन्यवाद दिए। यस प्रकारको सहयोगले विद्यार्थीलाई अध्ययनमा थप हौसला प्रदान गर्नुका साथै विद्यालयको शैक्षिक वातावरणमा समेत सकारात्मक प्रभाव पार्ने विष्टको भनाइ थियो। बैंकले आगामी दिनमा समेत आवश्यकता र प्राथमिकताका आधारमा यस्ता सामाजिक उत्तरदायित्वमूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

सिबिफिनको कार्यवाहक अध्यक्षमा उपाध्याय

काठमाडौं/ बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)को कार्यवाहक अध्यक्षको जिम्मेवारी वरिष्ठ उपाध्यक्ष राजेश उपाध्यायलाई दिइएको छ। निवर्तमान अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठले हिमालयन बैंकको सञ्चालक समितिको अध्यक्ष पदबाट दिएको राजीनामा स्वीकृत भएसँगै सिबिफिनको अध्यक्ष पद रिक्त भएको थियो। सिबिफिन कार्यसमितिको बैठकले आगामी वार्षिक साधारणसभाबाट नयाँ कार्यसमिति चयन नभएसम्म संस्थाको नेतृत्वमा निरन्तरता दिन उपाध्यायलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरेको हो।

महालक्ष्मी विकास बैंकका अध्यक्षसमेत रहेका उपाध्याय बैंकिङ, बिमा तथा वित्तीय सेवा क्षेत्रमा करिब अढाई दशकदेखि सक्रिय छन्। अनुभवी व्यवसायी तथा रणनीतिकारका रूपमा परिचित उपाध्यायले सिबिफिनको स्थापनाकालदेखि नै कार्यसमितिका विभिन्न जिम्मेवारीमा रहेर संस्थाको विकास र सुदृढीकरणमा योगदान दिँदै आएका छन्।

विभिन्न बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीको नेतृत्वदायी भूमिकामा हासिल गरेको अनुभवका आधारमा उपाध्यायको नेतृत्वमा सिबिफिनले वर्तमान आर्थिक परिवेशमा बैंकिङ क्षेत्रले सामना गरिरहेका नीतिगत तथा व्यावहारिक चुनौती समाधानमा थप प्रभावकारी भूमिका खेल्ने अपेक्षा गरिएको छ।

उनको नेतृत्वमा सिबिफिनले बैंकिङ क्षेत्रको स्थायित्व, विश्वसनीयता अभिवृद्धि तथा दिगो विकासका लागि आफ्ना नीतिगत प्राथमिकता र भूमिकालाई थप प्रभावकारी बनाउने विश्वास गरिएको छ।

एनआइसी एसिया क्यापिटलको ५० प्रतिशत लाभांश पारित

काठमाडौं/ एनआइसी एसिया क्यापिटल लिमिटेडको दसौं वार्षिक साधारणसभा सम्पन्न भएको छ। सभाले गत आर्थिक वर्ष ०८२/८३ को मुनाफाबाट हाल कायम चुक्ता पुँजीको करसहित ५० प्रतिशत नगद लाभांश प्रस्ताव पारित गरेको हो। कम्पनीको चुक्ता पुँजी २० करोड रुपैयाँ छ।

सोही सभाले सञ्चालक समितिको प्रतिवेदन पारित गर्नुका साथै ०८३ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायत वार्षिक वित्तीय विवरणउपर छलफल गरी पारित गरेको हो।

माछापुच्छ्रे बैंकको ६% लाभांश प्रस्ताव

काठमाडौं/ माछापुच्छ्रे बैंक लिमिटेडले गत आवको नाफाबाट सेयरधनीलाई वितरण गर्न ६ प्रतिशत लाभांश प्रस्ताव गरेको छ। बैंकको सञ्चालक समितिको ५६४औं बैठकले चुक्ता पुँजीको ६ प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको हो। प्रस्तावित लाभांशमा तीन प्रतिशत बोनस सेयर र तीन प्रतिशत नगद लाभांश (करसहित) रहेको बैंकले जनाएको छ।

शिवश्री हाइड्रोपावरको सेयर रजिस्ट्रारमा सिटिजन्स क्यापिटल

काठमाडौं/ शिवश्री हाइड्रोपावर लिमिटेडको सेयर रजिस्ट्रारमा सिटिजन्स क्यापिटल नियुक्त भएको छ। दुवै संस्थाबिच सेयर रजिस्ट्रार सेवा प्रदान गर्ने गरी सम्झौतासमेत भएको छ।

शिवश्रीको सञ्चालक समितिको निर्णयअनुसार कम्पनीको धितोपत्र तथा सेयरधनीसम्बन्धी अभिलेख व्यवस्थापन, सेयरको अभौतिकीकरण, सेयर प्रमाणपत्र वितरण, नामसारीलगायतका सेयर रजिस्ट्रारसम्बन्धी काम-कारबाही गर्न सिटिजन्स क्यापिटल लिमिटेडलाई नियुक्त गरिएको हो। क्यापिटलले २ असोजदेखि शिवश्रीको सेयर रजिस्ट्रारका रूपमा सेवा प्रदान गर्नेछ। यससँगै कम्पनीका सेयरधनीलाई आवश्यक सेवा, अभिलेख व्यवस्थापन तथा सेयर कारोबारसँग सम्बन्धित कार्यमा आवश्यक सहजीकरण एवं सेवा प्रदान गरिने बताइएको छ।

बाढीपीडितलाई प्रभु बैंकको राहत

काठमाडौं/ प्रभु बैंकले रसुवाको भोटेकोशी बाढीबाट प्रभावितलाई राहत सामग्री वितरण गरेको छ। बैंकले एक सय थान टेन्ट तथा एक सय थान स्लिपिङ ब्याग जिल्ला प्रशासन कार्यालय, नुवाकोटलाई उपलब्ध गराएको हो। बैंकले उपलब्ध गराएको राहत सामग्री बैंकका तर्फबाट प्रमुख बजार व्यवस्थापक दीपेन्द्रबाबु विष्टले जिल्ला प्रशासन कार्यालय, नुवाकोटलाई हस्तान्तरण गरेका हुन्। यसअघि बैंकले दुई करोड ११ लाख ११ हजार एक सय ११ रुपैयाँ सहयोग गरिसकेको छ।

सिटिजन्स म्युचुअल फण्ड
अन्तर्गत संचालित
सिटिजन्स सुपर ३0 म्युचुअल फण्ड योजनाको

इकाईधनी दर्ता किताब बन्द हुने बारेको सूचना

सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत यस कम्पनी योजना व्यवस्थापक रही संचालनमा रहेको सिटिजन्स सुपर ३० म्युचुअल फण्ड (C30MF) ले आर्थिक वर्ष २०८२/८३ को योजनाका इकाईधनीहरुलाई कर समेत ५.२५ प्रतिशत नगद प्रतिफल वितरण गर्ने प्रयोजनका लागि इकाईधनी दर्ता किताब मिति २०८३ आश्विन ०८ गते एक दिनका लागि बन्द हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ। इकाईधनी दर्ता किताब बन्द हुने मिति भन्दा अघिल्लो कारोबार दिनसम्म नेप्सेको प्रणालीमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधि भित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र नगद प्रतिफलको लागि हकदार हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

साथै, विभिन्न आर्थिक वर्षहरुमा वितरित नगद लाभांश लिन बाँकी रहेका इकाईधनीहरुले आफ्नो हितग्राही खातामा हाल संचालनमा रहेको बैंक खाता अद्यावधिक गर्नुहुन वा आवश्यक कागजात सहित स-प्रमाण यस कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाडौंमा सर्म्पक गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं।

योजना व्यवस्थापक तथा डिपोजिटरी
Citizens Capital Ltd.
(A Subsidiary Of Citizens Bank International Ltd.)
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल, फोनः ०१-४५१७७२३/४५१७४५७
इमेलः info@citizenscapital.com.np वेभसाइटः www.citizenscapital.com.np

Citizens Capital Ltd.
(A Subsidiary Of Citizens Bank International Ltd.)
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल, फोनः ०१-४५१७७२३/४५१७४५७
इमेलः info@citizenscapital.com.np वेभसाइटः www.citizenscapital.com.np

बीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२८ गतेको नयाँपत्रिका)

श्री शेयरधनी महानुभावहरु,

मिति २०८३/०५/२६ गते शुक्रबार बसेको यस कम्पनीको संचालक समितिको १५२औं बैठकले निर्णय गरे अनुसार यस कम्पनीको बीसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, स्थान र समयः

मिति : २०८३ साल आश्विन १९ गते (तदनुसार अक्टुबर ०५, २०२६), सोमबार।
स्थान : सिटिजन्स क्यापिटल लिमिटेडको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौं।
समय : बिहान ११:०० बजे।

छलफलका विषयहरु :

(क) साधारण प्रस्तावहरु

१. आ.व.२०८२/८३ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको कम्पनीको वासलात र मिति २०८२/०४/०१ देखि २०८३/०३/३२ सम्मको नाफा-नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १३ प्रतिशतका दरले हुन आउने रकम रु. २,६०,००,०००।- (अक्षरेपी दुई करोड र साठी लाख मात्र) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/८४ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
५. यस कम्पनीको नियमावली अनुसार गरिएको संचालक नियुक्ति अनुमोदन गर्ने।

(ख) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारीः

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८३/०६/०८ गते कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०६/०७ गतेसम्म कारोबार भई मिति २०८३/०६/१८ गते भित्र यस कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउने छन्।
२. अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ।

NEPAL CLEARING HOUSE
नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

Nepal Clearing House Ltd. (NCHL)
DD Plaza, Kamaladi, Kathmandu
PO Box: 21400, Tel: 01-5970065,
www.nchl.com.np

Call of Sealed Quotations for Renewal of Falcon Endpoint Protection

(First publication date: 13th September 2026)

1. Nepal Clearing House Limited (NCHL) calls for sealed quotations from interested authorized reseller/distributor firms and/or companies for the renewal of Falcon Endpoint Protection.
2. The detailed procurement document can be obtained from Finance/ Admin Department of NCHL.
3. The proposal shall be submitted to the Finance/ Admin Department before 17:00 PM of 7th day from the first day of publication (i.e. 19th September 2026). If the last date of submission falls on a public holiday, the next working day shall be considered as the last day. The proposal received after the deadline shall not be accepted.
4. The proposal shall be evaluated based on internal criteria set by NCHL. NCHL reserves the right to accept or reject any or all applications without assigning any reason, whatsoever.

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥
इन्द्रै विन्ति गरुन झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो ।

भावपूर्ण श्रद्धाञ्जली

स्व. बिजेता अवाले
जन्मः २०४१/१२/२७

स्व. आर्शिका महर्जन
जन्मः २०६९/०३/११

यस बैंकको नयाँ बानेश्वर शाखामा कार्यरत कर्मचारी **बिजेता अवाले** र उहाँको छोरी **आर्शिका महर्जन**को मिति २०८३ भाद्र १० गते गोसाईंकुण्ड जाने क्रममा अचानक भोटेकोशीमा आएको बाढीमा परि असामयिक निधनले मुक्तिनाथ विकास बैंक लि. परिवार अत्यन्त मर्माहत भएका छौं। दुःखको यस घडिमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुको बैकुण्ठमा बास होस् भनी कामना गर्दछौं। साथै, शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

तारा मानन्धर
(प्रमुख कार्यकारी अधिकृत)

तथा

खिम प्रकाश मल्ल
(अध्यक्ष)

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD. परिवार
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०

■ एसिसी प्रिमियर कप

युएईलाई हराउँदै नेपाल च्याम्पियन

रमेश सुवेदी/नयाँ पत्रिका

संयुक्त अरब इमिरेट्स (युएई)लाई ४४ रनले हराउँदै नेपाल एसिसी प्रिमियर कपको च्याम्पियन बनेको छ। यो सँगै नेपालले दोस्रोपटक एसिया कप क्रिकेट खेल्ने पक्का भएको छ। शनिबार मलेसियाको बायुमास क्रिकेट ओभलमा ओपनिङ ब्याटर आसिफ शेखको शतक तथा गुल्सन झाको अर्धशतकसँगै युएईलाई हराउँदै नेपालले टेस्ट राष्ट्रसँगै एसिया कप खेल्ने अवसर प्राप्त गरेको हो।

नेपालले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै ३१४ रन लक्ष्य दिएको थियो। प्रत्युत्तरमा युएई ४९ ओभरमा सबै विकेट गुमाउँदा मात्र दुई ६९ रन बनाउन सक्यो। सानदार प्रदर्शन गरेका नेपालका कप्तान सन्दीप लामिछाने प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चुनिए। प्रतियोगितामा ६ खेल खेलेका सन्दीपले सर्वाधिक १७ विकेट हात पारेका थिए।

फाइनल जितेसँगै नेपाल सन् २०२७ को एसिया कपमा स्थान बनाउन सफल भएको छ। नेपाल र युएई दुवै दोस्रोपटक एसिया कप खेल्ने योजनामा थिए। सन् २०२५ को एसिया कपमा नेपाललाई हराउँदै युएई पहिलोपटक सहभागी भएको थियो। त्यसअघि नेपालले सन् २०२३ मा पनि युएईलाई नै हराउँदै पहिलोपटक एसिया कप खेलेको हो। अब, बंगलादेशमा अर्को वर्ष हुने एसिया कपमा सर्वाधिक च्याम्पियन भारतसँगै श्रीलंका, पाकिस्तान, आयोजक बंगलादेश र अफगानिस्तान जस्ता टिमसँग खेल्ने पक्का भइसकेको छ।

राहुलको शतक व्यर्थ

युएईका पाँचौं क्रमका ब्याटर राहुल चोप्राले पनि शतक बनाए। ३१ वर्षीय दायाँहाते ब्याटरले १०५ बलमा तीन चौका र चार छक्कासहित अविजित सर्वाधिक १०० रन जोडेका हुन्। उनको यो करिअरकै तेस्रो शतक हो। यद्यपि टिमको हारले यो सतक छायाँमा पर्‍यो। यसअघि क्यानडा र स्कटल्यान्डविरुद्ध उनले शतक बनाएका थिए। त्यसबाहेक सोहाइब खानले ५७ बलमा चार चौका र दुई छक्कासहित ५२ रन बनाएका हुन्। त्यस्तै, ओपनर तानिस सुरीले २८ बलमा चार चौका र ३ छक्कासहित ४२ रन बनाए। कप्तान हरप्रित सिंहले ३३ रनको योगदान गरेका हुन्। नेपालका बलर करण केसीले सर्वाधिक तीन तथा ललित राजवंशीले दुई विकेट लिए। कप्तान सन्दीप लामिछाने, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, बसिर अहमद र गुल्सन झाले समान एक विकेट लिएका थिए।

आसिफको शतक

कप्तान सन्दीप लामिछानेले टस जितेर ब्याटिङ गर्ने गरेको निर्णय प्रभावकारी रह्यो। नेपाली शीर्षक्रमका ब्याटरले एसिया कप छनोटको निर्णायक खेलमा खुलेरै ब्याटिङ गरे। नेपालको ओपनिङदेखि मध्यक्रम सबैले सानदार ब्याटिङ गरेका हुन्।

ओपनर आसिफ शेखले तीन वर्षपछि शतक बनाए। उनले १०६ बलमा १०२ रन बनाएका हुन्। २५ वर्षीय ब्याटरले आठ चौका र चार छक्का प्रहार गरेका थिए। उनले शतक बनाउँदा नेपालले ३४ ओभरमा दुई विकेट गुमाएर १८५ रन बनाइसकेको थियो। आसिफको यो दोस्रो शतक हो। यसअघि उनले कीर्तिपुर मैदानमा पिएनजीविरुद्ध सन् २०२३ मा पहिलोपटक शतक बनाएका थिए। ७६ एकदिवसीय खेल खेलिरहेका आसिफले हालसम्म दुई शतक र १५ अर्धशतक बनाएका छन्। अर्का ओपनर अर्जुन कुमालले आसिफसँगै उत्कृष्ट सुरुवात गरेका थिए।

शतक बनाएपछि ओपनर आसिफ शेख। तस्बिर सौजन्य : क्यान

नेपालको फाइनल यात्रा

विपक्षी	नतिजा
बहराइन	७ विकेटको जित
मलेसिया	६ विकेटको जित
साउदी अरेबिया	५ विकेटको जित
हङकङ	१५ रनको हार
सेमिफाइनल	
ओमान	८७ रनको जित
फाइनल	
युएई	४४ रनको जित

सन्दीप लामिछानेको कप्तानीमा युएईलाई ४४ रनले पराजित गरेसँगै नेपाललाई एसिया कपमा भारत, श्रीलंका, पाकिस्तान, आयोजक बंगलादेश र अफगानिस्तानजस्ता टेस्ट महारथी टिमसँग खेल्ने अवसर

तीन ठुला साझेदारी

नेपालको इनिङ्समा तीन ठुलो साझेदारी भएको थियो। दुई ओपनर आसिफ र अर्जुनबिच पहिलो विकेटका लागि ९७ रनको साझेदारी भएपछि अन्य ब्याटरलाई समेत विनादबाब खेल्न सहज भएको थियो। युवा ओपनर अर्जुनले ६३ बलमा ४३ रन बनाएर रनआउट भए। गुल्सन झाले आक्रामक अर्धशतक बनाए। पाँचौं नम्बर क्रिजमा आएका उनले ३८ बलमा तीन चौका र चार छक्का हिर्काएका हुन्। छक्का हान्नेक्रममा उनलाई अबरार अहमदले तानिस सुरीबाट क्याच गराएका थिए।

पूर्वकप्तान रोहितकुमार पौडेलले पनि ४४ बलमा ४० रनको योगदान गरे। उनले दुई चौका प्रहार गरेका थिए। रोहितले क्रिजमा आसिफ र गुल्सनसँग दुई बलियो साझेदारी गर्दै नेपाललाई बलियो स्थितिमा पुर्‍याएका थिए। रोहित र आसिफबिच तेस्रो विकेटका लागि ५३ बलमा ६८ रनको साझेदारी भयो। चौथो विकेटका लागि रोहितले गुल्सनसँग ५४ बलमा ६७ रनको तेस्रो ठुलो साझेदारी गरेका हुन्।

बसिर अहमद १५ रनमा अविजित रहे। उनले चार बलमा दुई चौका र एक छक्का हिर्काएका थिए। यसअघि तेस्रो नम्बर क्रिजमा आएका ईशान पाण्डे १३ रन बनाएर आउट भए। दीपेन्द्रसिंह ऐरीले पनि १८ बलमा १८ रन बनाएका हुन्। युएईका अबरार अहमदले सर्वाधिक चार विकेट लिएका थिए। तर, उनले आठ ओभरमा सर्वाधिक ६२ रन नै खर्चिए। नौ ओभरमा ६२ रन व्यहोरेका खुजाइमा तन्बिरले पनि दुई विकेट लिए।

युएईको अपराजित यात्रामा पूर्णविराम

फाइनलको नतिजासँगै युएईको पनि अपराजित यात्रामा पूर्णविराम लागेको छ। उसले समूह 'बी'मा चारसहित सेमिफाइनल गरी कुल पाँच खेलमा हार व्यहोर्नुपरेको थिएन। युएईले समूह चरणमा कतार, कुवेत, सिंगापुर र ओमान तथा सेमिफाइनलमा हङकङलाई हराएको थियो। यता, नेपालले पनि एक खेल हारेर फाइनलमा पुगेको छ। नेपालले पहिलो खेलमा बहराइन, दोस्रो खेलमा मलेसियालाई हराउँदा तेस्रो खेलमा साउदी अरेबियालाई हराउँदै एक खेलअघि नै सेमिफाइनलमा पुग्यो। तर, समूहको अन्तिम खेलमा हङकङसँग पराजित हुनपुग्यो। सेमिफाइनलमा नेपालले ओमानविरुद्ध अविश्वसनीय जित निकालेको थियो।

तनावपूर्ण फाइनलमा अन्नपूर्ण स्पाइकरलाई उपाधि

नयाँ पत्रिका

फ्रेन्चाइज टोली अन्नपूर्ण स्पाइकर किंग्स नेपाल भलिबल लिग (एनभिएल) पहिलो संस्करणको च्याम्पियन बनेको छ। शनिबार त्रिपुरेश्वरस्थित त्रिपुरेश्वरमा भएको तनावपूर्ण फाइनलमा अन्नपूर्णले कर्णाली शिवराजलाई ३-० को सोझो सेटमा पराजित गर्‍यो। खेलमा सहज जित निकाल्ने क्रममा अन्नपूर्ण २५-१५, २५-२० र २५-१८ ले विजयी भएको हो।

यद्यपि, खेलमा विवाद हुँदा २५ मिनेटभन्दा बढी खेल रोकिएको थियो। रेफ्रीको निर्णयमा असन्तुष्टि जनाउँदै कर्णालीका कप्तान पहल गहतराजसँगै खेलाडीले कोर्ट नै छाडेका थिए।

उपाधिसँगै अन्नपूर्णले घरेलु प्रतियोगिताको इतिहासमै सर्वाधिक २० लाख रुपैयाँ नगद पुरस्कार हात पारेको छ। योसँगै अन्नपूर्णले समूह चरणमा व्यहोरेको हारको बदलासमेत लियो। समूह चरणमा कर्णालीले ३-१ को जित निकालेको थियो। पहिलो खेलमा पराजित भए पनि टिमले त्यसपछि कमब्याक गर्दै लगातार पाँच खेल जितेको छ।

अन्नपूर्णलाई च्याम्पियन बनाएका मंगोलियन स्पाइकर उरानबायर मंखबायर प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चुनिए।

अन्नपूर्ण स्पाइकर किंग्सले समूह चरणमा व्यहोरेको हारको बदला लिँदै पहिलो संस्करणको ट्रफी उठायो

विवादास्पद फाइनल खेल

विदेशी खेलाडीको सानदार प्रदर्शनसँगै पहिलो सेटमा अन्नपूर्णले अग्रता बनायो। मंगोलियाली खेलाडी ओपन स्पाइकर उरानबायर मंखबायर र इंख एर्डेन जारगालसोट तथा सेटर तुर्मान्डाख गान्खुयागसँगै कप्तान हिमाल सुनारी, सुरेन्द्र केसी, जितबहादुर सार्की, देवबहादुर राना चम्किएपछि कर्णाली लगातार खेलमा पछि पर्‍यो। पहिलो सेटमै कर्णालीले स्वाभाविक लय समात्न सकेन। दोस्रो सेटमा पनि कर्णालीका बेलारुसका स्पाइकर कुद्रासौउ अस्ट्रिसम, इरानका स्पाइकर अलिरेजा अबोलुज तथा पोल्यान्डका सेटर स्मेटिक इमिलियनसँगै मार्की पहलसँगै लिबेरो विनोद चन्द र नृपध्वज बस्नेत चल्नै सकेनन्।

दोस्रो सेटको सुरुबाटै कर्णालीका पदाधिकारीले रेफ्रीको निर्णयमा आपत्ति जनाइरहेका थिए। दोस्रो सेटमा अन्नपूर्णले ५-२ को अग्रता बनाउँदा भने ठुलै लफडा सुरु भयो। खेल २५ मिनेट बढी रोकियो। मुख्य रेफ्री विजय केसीले अलिरेजाको प्रहार नेटमा लागेर आउट गएको भन्दै अंक अन्नपूर्णलाई दिए। त्यसपछि इरानी खेलाडी अलिरेजासँगै कप्तान पहलले रेफ्री केसीमाथि असन्तुष्टि जनाए। आक्रोशित पहलले नेट तानेपछि रेफ्रीले पहललाई पहेँलो कार्ड देखाए। यसपछि पहलसँगै कर्णालीका खेलाडीले कोर्ट छाडे। पदाधिकारीले समेत आक्रोश पोख्दै लफडा सुरु गरेका थिए।

अन्त्यमा भावुक बनेका पहलसँगै खेलाडी नृपध्वज बस्नेत तथा प्रशिक्षक चन्द्रबहादुर कुँवरलाई सम्झाउन विभागीय टोली नेपाल पुलिस क्लबका पदाधिकारी श्रवण झा नै कोर्टमा प्रवेश गरेका थिए। झा प्रतियोगिताको इन्टिग्रिटी अफिसरसमेत हुन्। भलिबल संघका उपाध्यक्ष तथा पुलिस क्लबका पूर्वखेलाडी तथा पदाधिकारी भरत शाहसमेत कोर्टमा प्रवेश गर्दै खेलाडीलाई खेलमा फर्कन निर्देशन दिएका थिए। लामो लफडापछि कोर्टमा प्रवेश गरेको कर्णालीले त्यसपछि पनि कमब्याक गर्न सकेन। लगातार तीन सेट गुमाउँदा पहिलो संस्करण च्याम्पियन बन्ने अवसरसमेत गुमाएको छ।

खेल | संक्षेप

सुदूरपश्चिमसँग गोल्डस्टारको साझेदारी

काठमाडौं/ नेपाल प्रिमियर लिग (एनपिएल)को फ्रेन्चाइज टोली सुदूरपश्चिम रोयल्सले गोल्डस्टारलाई आफ्नो आधिकारिक फुटवेयर पार्टनरका रूपमा अनुबन्ध गरेको छ। सम्झौतामा गोल्डस्टारका हेड अफ स्ट्राटेजिक इनिसिएटिभ्स शिवालिका राणा र सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले हस्ताक्षर गरे। सम्झौतासँगै गोल्डस्टारले एनपिएलको तेस्रो संस्करणभर सुदूरपश्चिम रोयल्सलाई आधिकारिक फुटवेयर साझेदारका रूपमा साथ दिनेछ। दुवै पक्षले नेपाली खेलकुद र घरेलु क्रिकेटको व्यावसायिक विकासमा सहकार्यलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरेका छन्।

ट्रायथलनलाई स्थान नदिनु दुःखद

काठमाडौं/ नेपाल ट्रायथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठले कर्णाली प्रदेशमा आयोजना हुने दसौं राष्ट्रिय खेलकुदमा ट्रायथलनलाई समावेश नगर्नु र २०औं एसियाली खेलकुदमा समेत स्थान नदिँनु दुःखद विषय रहेको बताएका छन्। शनिबार भएको संघको नवौं वार्षिक साधारणसभा अध्यक्ष श्रेष्ठले ट्रायथलनलाई 'लेट' इन्ट्री दिलाउन प्रयास भइरहेको जानकारीसमेत गराएका थिए। जापानको आइची नागोयामा हुने एसियाली खेलकुदमा ट्रायथलन टेक्निकल अफिसरको रूपमा चाहना शाह र पुष्परत्न बज्राचार्य मात्र सहभागी हुँदै छन्। साधारणसभामा ट्रायथलन संघका महासचिव युवराज सुनारले वार्षिक कार्यक्रम र योजना तथा कोषाध्यक्ष निरज श्रेष्ठले आर्थिक वर्षको आयव्यय प्रस्तुत गरेका थिए। साधारणसभामा संस्थाका मानार्थ अध्यक्ष गणेशमान पुन प्रमुख अतिथि र संस्थापक अध्यक्ष विश्वशंकर पालिखे विशेष अतिथि थिए।

ग्रिनल्यान्ड र लालीगुराँस विजयी

काठमाडौं/ आयोजक ग्रिनल्यान्ड र लालीगुराँस नेसनल एकेडेमीले २०औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा जित हात पारेका छन्। शनिबार धापासीस्थित घरेलु कोर्टमा ग्रिनल्यान्डले पारामाउन्टलाई २२-१८ ले पराजित गर्‍यो। ग्रिनल्यान्डको जितमा प्रवेश चन्दले आठ अंक योगदान गरे। संगीत बलामीको नौ अंक सहयोगमा लालीगुराँसले एचएचसिएलाई २३-१६ ले हरायो।
अन्य खेलमा ओडिसीले भद्रकालीलाई, फेरिल्यान्डले बिएमसिएलाई र एन्जल्स हार्टले स्कोलर्स होमले पराजित गरे। सिनियर पुरुषतर्फ न्युटनले स्वेता सदनलाई ६५-४५, पारामाउन्टले भद्रकालीलाई ५६-३०, सेबले प्रारम्भ वर्ल्डलाई ६२-४२, जेबी स्कुलले गोल्डेनपिकलाई २७-१८, एन्जल्स हार्टले बिएमसिएलाई ४८-३२ र मार्बलसले भ्याली पब्लिकलाई ७१-६३ ले पन्छाए।

गण्डकी टिम च्याम्पियन

काठमाडौं/ गण्डकी प्रदेशले राष्ट्रिय गोर्खा खुकुरी मार्सल आर्टस् च्याम्पियनसिपको उपाधि जितेको छ। शनिबार गण्डकी सर्वाधिक ६ स्वर्ण पदक जित्दै टिम च्याम्पियन बन्यो। नेपाल गोर्खा खुकुरी मार्सल आर्टस् संघद्वारा आयोजित प्रतियोगितामा चार स्वर्णसाथ सदूरपश्चिम प्रदेश दोस्रो भयो। तेस्रो स्थानको बागमती प्रदेशले तीन स्वर्ण हात पार्‍यो। टोखामा भएको प्रतियोगिताको पुरुषमा कोशी प्रदेशका जीवन लोहार तथा महिलामा बागमतीकी सरोन पराजुली उत्कृष्ट खेलाडी घोषित भए। प्रतियोगिताको पुरुष १५-२० केजीमा उज्ज्वल तामाङ, २१-२५ केजीमा ईश्वर सन्ज्याल, २६-३० केजीमा सुयोग गुरुङ, ३१-३५ केजीमा पवन गुरुङ, ३६-४० केजीमा निराजन बोहरा, ४१-४५ केजीमा समित अर्गेजा, ४६-५० केजीमा ईशान थापा र ५१-५५ केजीमा योगेश गुरुङले स्वर्ण जिते। महिला ३१-३५ केजीमा सुमिका तामाङ, ३६-४० केजीमा भीममेन्दो तामाङ, ४१-४५ केजीमा निमा शाह, ४६-५० केजीमा सुशीला जिरेल र ५१-५५ केजीमा रविना तामाङले पहिलो स्थान हात पारे।

■ डर्टमन्डको लगातार तेस्रो जित

एजेन्सी/ जर्मन बुन्डेसलिगामा बोरुसिया डर्टमन्डले लगातार तेस्रो जित निकालेको छ। शनिबार राति भएको खेलमा डर्टमन्डले पाडरबर्नलाई ३-० ले हरायो। इदुना पार्कमा भएको खेलमा डर्टमन्डलाई जित दिलाउन फेलिक्स एनमेचाले दुई गोल गरे। अर्को गोल फाबिओ सिल्भाको नाममा रह्यो। पहिलो हाफमा डर्टन्डन्डले एक गोल गरेको थियो। दोस्रो हाफमा दुई गोल थप्यो। पहिलो हाफमा टोलीले गरेको दुई गोललाई भिएआरले मान्यता दिएन। यो जितपछि डर्टमन्ड तीन खेलमा नौ अंक जोड्दै दोस्रो स्थानमा उक्लिएको छ। समान अंक भए पनि फ्रेइबर्ग शीर्ष स्थानमा रह्यो।

विराटनगर किङ्सले ड्रिम टु प्ले आयोजना गर्ने

काठमाडौं/ फ्रेन्चाइज क्लब विराटनगर किंग्सले आफ्नो तल्लो तहको क्रिकेट विकास कार्यक्रमअन्तर्गत 'ड्रिम टु प्ले' को दोस्रो संस्करण आयोजना गर्ने भएको छ। १ देखि ५ असोजसम्म हुने कार्यक्रम कोशी प्रदेश क्रिकेट संघअन्तर्गत रहेका पाँच जिल्लामा हुनेछ।

यस आयोजनामार्फत विभिन्न जिल्लामा रहेका प्रतिभाशाली खेलाडीलाई एउटै प्लाटफर्ममा ल्याई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गरिने विराटनगर किंग्सका निर्देशक दीपेन्द्र चौधरीले जानकारी गराएका छन्। 'यो कार्यक्रम नेपाली क्रिकेट विकासमा तल्लो तहदेखि नै प्रतिभाको पहिचान, अवसर प्रदान गर्न र उचित मार्गदर्शन गर्न अत्यन्त महत्त्वपूर्ण रहेको छ,' निर्देशक दीपेन्द्रले भने।

टिम व्यवस्थापक विजयकुमार धितालले ड्रिम टु प्ले कार्यक्रम केवल एउटा क्रिकेट प्रतियोगिता मात्र नभई युवा प्रतिभाको खोजी, विकास र भविष्य निर्माण गर्ने अभियान रहेको जनाए। 'विराटनगर किंग्सले दोस्रोपटक आयोजना गर्न लागेको यस कार्यक्रमले कोशी प्रदेशमा क्रिकेटको आधार तहलाई अझ मजबुत बनाउने विश्वास गरिएको छ,' व्यवस्थापक धितालले भने। यो प्रतियोगितासँगै विराटनगरले आफ्नो आइकोनिक खेलाडीसमेत छनोट गर्नेछ।

निर्देशक चौधरीले भने, 'हरेक प्रतिभाको एउटा सपना हुन्छ, तर त्यो सपनालाई वास्तविकतामा बदल्न सही अवसर आवश्यक छ। ड्रिम टु प्ले त्यही अवसर सिर्जना गर्ने एउटा महत्त्वपूर्ण कदम हो।'

हलसिटीसँग रोकियो चेल्सी

एजेन्सी

उपाधि दाबेदार चेल्सी इंग्लिस प्रिमियर लिगको चौथो चरणमा हल सिटीसँग बराबरीमा रोकिएको छ। शनिबार राति घरेलु मैदान स्टामफोर्ड ब्रिजमा भएको खेलमा चेल्सी नवप्रवेशी टोली हलसिटीसँग दुई-दुईको बराबरीमा रोकियो।

खेलमा चेल्सीले अग्रता बनाए पनि जोगाउन सकेन। अन्तिममा अंक खोस्न चेल्सीलाई हम्मेहम्मे परेको थियो। चेल्सीका लागि मोर्गन रोजर्स र जोआओ पेड्रोले गोल गरेका थिए। हलसिटीका लागि दुवै गोल मोहमेद बेलोउमीले गरेका हुन्।

खेलको सातौं मिनेटमै रोजर्सले चेल्सीलाई अग्रता दिलाए। पेड्रोको पासमा रोजर्सले गोल गरेका हुन्। तर, यो अग्रता धेरैबेर टिकेन। मोहम्मदले २८औं मिनेटमा हलसिटीलाई बराबरीमा ल्याएका थिए। ३४औं मिनेटमा उनले व्यक्तिगत दोस्रो गोल गर्दा हलसिटीले पहिलो हाफमा दुई-एकको अग्रता बनाउन सफल भयो।

पहिलो हाफमा अग्रता बनाएर पनि पछि परेको चेल्सीले ६६औं मिनेटमा दुई-दुईको बराबरी गर्‍यो। कोल पाल्मरको पासमा पेड्रोले गोल गर्दै टोलीको हार टारेका हुन्। बाँकी समय दुवै टोलीले गोलको अवसर बनाए। चेल्सीको तुलनामा हलसिटीले बढी अवसर बनायो। तर, चेल्सीका नयाँ गोलकिपर इमिलियानो मार्टिनेज चम्किएपछि हलसिटी तेस्रो जित निकाल्न असफल भएको थियो।

यो बराबरपछि हलसिटी र चेल्सी दुवैले शीर्ष स्थानमा फर्कने अवसर गुमाए। हलसिटी चार खेलमा आठ अंकसहित तेस्रो स्थानमा छ। टोली यसै सिजनमा बढुवा भएको हो। यद्यपि, सानदार प्रदर्शन गर्दै आइरहेको छ। चेल्सी सात अंकसहित चौथो स्थानमा छ। प्रिमियर लिगमा तीन खेलबाट समान नौ अंकसहित म्याचनेस्टर सिटी पहिलो र आर्सनल दोस्रो स्थानमा छन्।

■ लिभरपुल घरेलु मैदानमै रोकियो

लिभरपुल पनि फुलहमसँग घरेलु मैदानमै गोलरहित बराबरीमा रोकिएको छ। एनफिल्डमा एन्डोनी इराओलाको टिम एक अंकमै चित्त बुझाउन बाध्य भएको हो। इराओलाले अट्याकमा इलेक्जान्डर इसाक, नयाँ अनुबन्ध भएका ब्राड्ली बार्कोला, भिक्टोर मुनोज, फ्लोरिअन विट्जसलगायतलाई जिम्मेवारी दिए पनि गोलको खडेरी तोड्न सकेनन्।

यो सिजन खराब लयमा रहेको लिभरपुलको यो तेस्रो बराबरी हो। अपराजित रहेपछि टोलीले चार खेलमा मात्र ६ अंक जोडेको छ। उपाधि दाबेदार टोली छैटौं स्थानमा छ। यता, फुलहमले भने प्रतियोगितामा पहिलो अंक हासिल गरेको छ। यसअघि खेलको तीनै खेलमा टिम पराजित भएको थियो।

बराबरपछि हलसिटी र चेल्सी दुवैले शीर्ष स्थानमा फर्कने अवसर गुमाए। हलसिटी चार खेलमा ८ अंकसहित तेस्रो स्थानमा छ।

■ फोरेस्टको जित

प्रिमियर लिगकै अर्को खेलमा नटिंघम फोरेस्टले एस्टन भिल्लालाई दुई-एक ले हराएको छ। एस्टन भिल्लाको भिल्ला पार्कमा भएको खेलमा तीनै गोल दोस्रो हाफमा भएको थियो। लिआन डेलापको गोलमा भ्रमणकारी टोली फोरेस्टले ४६औं मिनेटमा अग्रता बनायो। घरेलु टोलीका ऐल्यसन एडवार्डले ७४औं मिनेटमा बराबरी गोल फर्काएका हुन्। तर, इगर जेसुसले खेल सकिन दुई मिनेटअघि गोल गर्दै टोलीलाई महत्त्वपूर्ण तीन अंक दिलाएका थिए। प्रतियोगितामा पहिलो जितपछि फोरेस्ट पाँच अंकसहित ११औं स्थानमा उक्लिएको छ।

पराजित एस्टन भिल्लाले लगातार कमजोर प्रदर्शनलाई निरन्तरता दिएको छ। टोली एक अंकसहित १९औं स्थानमा छ। यता, अर्को खेलमा इपस्विच टावनले क्रिस्टल प्यालेसलाई तीन-दुईले पराजित गर्‍यो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com